# कार्यमूलक अनुसन्धान प्रतिवेदनहरू
## २०७६/२०७७

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय,
बागमती प्रदेश

## शिक्षा तालिम केन्द्र, धुलिखेल

काभ्रेपलाञ्चोक

# विषयसूची


| | | |
|---|---|---|
| कृतज्ञता | | १ |
| १. | परिचय/पृष्ठभूमि | २ |
| २. | कार्यक्रमका उद्देश्यहरू | ३ |
| | उद्‌घाटन सत्र | ३ |
| | समापन सत्र | ५ |
| ३. | शिक्षा तालिम केन्द्र संक्षिप्त परिचय, प्रतिविम्वन र योजना | ७ |
| ४. | विश्व र नेपालको परिवेशमा शिक्षा तालिमको प्रवृत्ति : सम्बन्धित साहित्यको सिंहावलोकन | ११ |
| | शिक्षक शिक्षाका तीन आधारहरू | ११ |
| | सल्लाह र परामर्श दिन सक्ने क्षमताको विकास गर्नु पर्ने | १२ |
| | सूचना तथा सञ्चार प्रविधिसँग जोडिएको शिक्षणसिकाइ विधिको आवश्यकता | १२ |
| | क्रिया, प्रतिक्रिया र अन्तर्क्रियासहितको शिक्षणसिकाइ प्रक्रियाको खाँचो | १३ |
| | समालोचनात्मक सोच र सिर्जनात्मक गतिविधिमा सिकारूलाई लगाउनु पर्ने खाँचो | १४ |
| | नयाँ परिवेश र परिवर्तनको सम्भावनालाई आत्मासात् गर्नु पर्ने | १४ |
| | नयाँ प्रवेशी शिक्षक र कर्मचारीहरूका लागि सेवा प्रवेश/प्रेरणा तालिमको खाँचो | १५ |
| | शैद्धान्तिक विषयलाई भन्दा पनि कक्षाकोठाका समस्याहरूलाई प्राथमिकता दिनु जरूरी | १६ |
| | तालिम पद्धतिमा विविधताको खाँचो | १७ |
| | तालिम प्रदायक संस्थाको सङ्गठनात्मक सक्षमता अभिवृद्धि गर्ने तालिमहरूको खाँचो | १७ |
| ५. | कार्यशालाबाट प्राप्त सूचनाहरूको प्रस्तुतीकरण, विश्लेषण र व्याख्या | १८ |
| | ५.१ विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू र सुधारका उपायहरू | १८ |
| | ५.२ शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिताको अवस्था | २३ |
| | ५.३ तालिम कार्यक्रमलाई थप प्रभावकारी बनाउने उपायहरू | २६ |
| ६. | प्रमुख प्राप्तिहरू | ३१ |
| | ६.१ विद्यार्थीका सिकाइ उपलब्धि बढाउने उपायहरू | ३१ |
| | ६.२ शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने तालिमसम्बन्धी अपेक्षा | ३३ |
| | ६.३ तालिम कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउने उपायहरू | ३४ |
| ७. | निष्कर्ष | ३७ |
| ८. | सुझावहरू | ३८ |

१. तालिम आवश्यकता भएका सरोकारवालाहरू ३८
२. स्थानीय तहलाई तालिम कार्यान्वयन एकाइको रूपमा विकास गर्नु पर्ने ३८
३. स्थानीय तहमा तालिमका पूर्वाधार विकास गर्नुपर्ने ३९
४. तालिम सहभागीहरूको छनोट ३९
५. तालिम पाठ्यक्रम तथा पाठ्यवस्तु ३९
६. परिवर्तित शैक्षिक सन्दर्भका लागि तालिम कार्यक्रम निर्माण र सञ्चालन ४०
७. नव नियुक्त शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि प्रेरणा तालिम व्यवस्थापन ४०
८. प्रदेश शिक्षा तालिम केन्द्रको क्षमता विकास ४१
९. रोष्टर प्रशिक्षकको प्रभावकारी व्यवस्थापन ४१
१०. सहभागीहरूका लागि निर्वाह भत्ता तथा आबास व्यवस्थापन ४१

९. सन्दर्भग्रन्थहरू ४२

१०. अनुसूचीहरू ४३

अनुसूची १: अवधारणा पत्र ४३
अनुसूची २: कार्यक्रम विवरण ४८
अनुसूची ३: उद्घाटन सत्रको कार्यक्रम विवरण ४९
अनुसूची ४: प्रमुख अतिथि, अतिथिहरू र सहभागीहरूको नामावली ५०
अनुसूची ५: लक्ष्यित समूह छलफल (Focused Group Discussion) का सहजकर्ताहरूको विवरण ५२
अनुसूची ६: शिक्षा तालिम केन्द्रको कार्यविवरण ५३
अनुसूची ७: लक्षित समूह छलफल मार्ग निर्देशक प्रश्नहरू ५६

अनलाइनमा आधारित तालिममा सहभागीहरूको नियमितता र सक्रियता कसरी बढाउन सकिएला? ६२

कृतज्ञता ६४

अध्याय एक: परिचय ६५

पृष्ठभूमि ६५
समस्याको कथन ६६
कार्यमूलक अनुसन्धानका उद्देश्यहरू ६७
सम्बन्धित साहित्यहरूको सिंहाअवलोकन ६७

| | |
|---|---|
| अध्ययन विधि | ६८ |
| अध्याय दुईः नतिजा विश्लेषण र व्याख्या | ६९ |
| चाहँदा चाँहदै पनि चाहे जति सक्रिय हुन सकिएन | ६९ |
| तालिमको विषयबस्तुको प्रकृतिले पनि सक्रियतामा प्रभाव पार्दोरहेछ | ७० |
| सहजकर्ताहरूको सिकाइ शैली र व्यवहारले सक्रियतामा प्रभाव परेको महशुस भयो | ७१ |
| अनलाइनमा आधारित तालिमका लागि उपयोगी तालिम पाठ्यक्रमको खाँचो महशुस | ७२ |
| सहजकर्ताहरूको छनौट एवं क्षमता विकासमा जोड दिन जरूरी | ७२ |
| सहभागी छनौटको निश्चित आधारहरू तय गर्नु जरूरी | ७३ |
| प्रभावकारी सिकाइ व्यवस्थापन प्रणालीको खाँचो महशुस | ७४ |
| अध्याय तीन | ७५ |
| अध्ययनको प्राप्ति तथा सुधारका उपायहरू | ७५ |
| कार्यमूलक अनुसन्धानका प्राप्तिहरू | ७५ |
| सुधारका उपायहरू | ७६ |
| सन्दर्भसूची | ७९ |
| अनुसूची | ८० |
| अनुसन्धान कार्यका लागि लक्षित समूह छलफलमा सहभागी भएका र प्रश्नावली भर्नेहरूको विवरण | ८० |

# विद्यार्थी उपलब्धि वृद्धिका लागि शिक्षा तालिमकेन्द्र धुलिखेलको सङ्गठनात्मक क्रियात्मक अनुसन्धान

(Organizational Action Research)

**प्रतिवेदन २०७६**

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. ३

**शिक्षा तालिम केन्द्र, धुलिखेल**

काभ्रेपलाञ्चोक

# विद्यार्थी उपलब्धि वृद्धिका लागि शिक्षा तालिमकेन्द्र धुलिखेलको सङ्गठनात्मक क्रियात्मक अनुसन्धान

(Organizational Action Research)

**प्रतिवेदन २०७६**


**सल्लाह सुझाव**

तोयानाथ खनाल, पिएचडी, तालिम प्रमुख

शिक्षा तालिम केन्द्र, धुलिखेल

**लेखन तथा सम्पादन**

बासुप्रसाद सुवेदी, पिएचडी, काठमाडौं विश्वविद्यालय

लोकबहादुर वाइवा, अधिकृतस्तर आठौं

रमेशप्रसाद घिमिरे, प्रशिक्षक, अंग्रेजी

विष्णुमाया सापकोटा, प्रशिक्षक, सामाजिक अध्ययन

मनोज नेपाली सिर्मल, प्रशिक्षक, विज्ञान



## शिक्षा तालिम केन्द्र, धुलिखेल

**काभ्रेपलाञ्चोक**

# कृतज्ञता


शिक्षा विकासको मेरूदण्ड र सभ्यताको मुहान हो । त्यसैले यस क्षेत्रको विकासका लागि खोज अनुसन्धानमूलक प्रयास गर्नु अहिलेको आवश्यकता हो । अहिलेको युग भनेको कुनै पनि क्षेत्रमा अध्ययन अनुसन्धान गरेर अनुसन्धानबाट प्राप्त निश्कर्षका आधारमा अगाडि बढ्ने युग हो । यसो गर्नाले सरोकारवालाहरूको आवश्यकता र तथ्यका आधारमा अगाडि बढ्नका लागि आधार तयार हुन्छ । आर्थिक वर्ष २०७५/०७६ मा गरिएको यस अध्ययनले शिक्षा तालिम केन्द्र धुलिखेललाई प्रदेश नं. ३ को शिक्षा क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकासका लागि उनीहरूको आवश्यकताका आधारमा काम गर्दै सिक्दै अगाडि बढ्नका लागि तालिम केन्द्रलाई दरिलो आधार प्रदान गरेको छ । मूलत विद्यालयीय शिक्षामा संलग्न शिक्षकहरूको क्षमता विकास कार्यमा केन्द्रित यस केन्द्रले गरेको यस अध्ययनले सबै विद्यालयका प्रधानाध्यापक र शिक्षक मित्रहरूलाई विद्यालय र कक्षाकोठामा आधारित कार्यमूलक अनुसन्धान गरेर अगाडि बढ्नका लागि पनि प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा गरिएको छ । साथै शिक्षा क्षेत्रको सुधारका लागि क्रियाशील निकायहरूलाई आआफ्नो कार्यालयका सम्बन्धमा अध्ययन गरेर अगाडि बढ्नका लागि मार्ग निर्देश गर्नेछ भन्ने पनि अपेक्षा गरिएको छ ।

छोटो समयको तयारीमा सम्पन्न भएको यो अध्ययन कार्य पूरा गर्नका लागि गरिएको सहयोगप्रति शिक्षा तालिम केन्द्र परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस कार्यका लागि निरन्तर प्रेरणा प्रदान गर्नुहुने माननीय युवराज दुलाल, सामाजिक विकास मन्त्री, प्रदेश नं. ३ प्रति सधैं आभारी छु । आफ्नो व्यस्त समयका बाबजुद कार्यक्रममा प्रमुख अतिथिका रूपमा उपस्थित भई हौसला प्रदान गर्नुहुने माननीय सांसद रत्नप्रसाद ढकालज्यूप्रति कृतज्ञ छु । यस अध्ययन कार्यलाई सम्पन्न गर्नका लागि सामाजिक विकास मन्त्रालयका निमित्त सचिव श्री दिपेन्द्र सुवेदीज्यूले प्रदान गर्नुभएको हौसलाप्रति तालिम केन्द्र आभारी छ । अध्ययन कार्य ऊर्जाका साथ सम्पन्न गर्न प्रेरणा प्रदान गर्नु हुने आदरणीय गुरू द्वय प्रा. डा. विद्यानाथ कोइराला र प्रा. डा. प्रेमनारायण अर्यालप्रति हार्दिक आभार व्यक्त गर्दछु । अवधारणा पत्रको तयारीदेखि प्रतिवेदन लेखनसम्ममा सक्रिय भई योगदान गर्नु हुने काठमाडौं विश्वविद्यालयका बासुप्रसाद सुवेदी, पिएचडी को योगदानबाट तालिम केन्द्र सधैं कृतज्ञ छ । काठमाडौं विश्वविद्यालयका मेरा आदरणीय गुरू प्रा. डा. बालचन्द्र लुइँटेलको मार्गदर्शन सदैव स्मरणीय छ । सहपाठी मित्र राधेश्याम ठाकुर, पिएचडी, धनपति सुवेदी, पिएचडी र सर्मिला देवकोटा, पिएचडी यस सन्दर्भमा विर्सन नहुने नाम हुन् । तालिम केन्द्रको छोटो समयको सूचनाका आधारमा तालिम केन्द्रमा उपस्थित भई अध्ययन कार्यमा प्रत्यक्ष संलग्न रहनुहुने सबै महानुभावहरूप्रति हार्दिक नमन गर्दछु ।

संगठनात्मक क्रियात्मक अनुसन्धान (Organizational Action Research) का क्षेत्रमा यो एउटा सानो प्रयास हो जसले अनुसन्धान कार्यमा संलग्न व्यक्ति तथा संस्थाका लागि प्रेरणाको काम गर्न सक्छ साथै शिक्षासम्बन्धी तालिमका माध्यमबाट विद्यार्थीहरूको सिकाइउपलब्धि वृद्धिका लागि काम गर्ने तालिम प्रदायक निकायहरूलाई उल्लेख्य योगदान दिने छ भन्ने अपेक्षा गरिएको छ । प्रदेश नं. ३ का सबै सरोकारवालाहरूलाई शिक्षा क्षेत्रमा आवश्यकताका आधारमा क्षमता अभिवृद्धिका कार्यक्रमहरू मार्फत अगाडि बढाउनका लागि हार्दिक आग्रह गर्दै आगामी दिनहरूमा यस्ता कामहरूका लागि सधैं ऊर्जाशील प्रेरणा पाउने अपेक्षा पनि गर्दछु ।

तोयानाथ खनाल, पिएचडी
तालिम प्रमुख
शिक्षा तालिम केन्द्र धुलिखेल, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

मिति २०७६ असार ३०

# १. परिचय/पृष्ठभूमि

आर्थिक वर्ष २०७५/०७६ को प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. ३ बाट शिक्षा तालिम केन्द्र धुलिखेललाई प्राप्त वार्षिक कार्यक्रममा विद्यार्थी उपलब्धि वृद्धिका लागि क्रियात्मक अनुसन्धान शीर्षकमा छुट्याइएको बजेटमध्ये केही रकम २०७६ साल असार महिनासम्म खर्च हुन बाँकी भएको, असार महिनाभरिमा शिक्षक पेशागत विकास तालिम (TPD) (कस्टमाइज्ड र EGRP सँग सम्बन्धित) सञ्चालन गर्नुपर्ने अवस्था रहेको, तालिमकेन्द्रमा रहेको जनशक्ति शिक्षक तालिम सञ्चालन तथा व्यवस्थापनमै संलग्न हुनुपर्ने अवस्था रहेकाले जिल्ला/ जिल्ला र विद्यालयमा गएर अध्ययन अनुसन्धान गर्ने समय नभएको हुँदा शिक्षासम्बन्धी तालिमसँग सरोकार राख्ने सरोकारवालाहरूलाई शिक्षा तालिम केन्द्र धुलिखेलमै सहभागी गराएर तालिम केन्द्रको संगठनात्मक क्रियात्मक अनुसन्धान (Organizational Action Research) गरी आगामी दिनहरूमा तालिम केन्द्रले सञ्चालन गर्ने कार्यक्रमहरूको प्रभावकारिता बढाउनका लागि राय, सल्लाह र सुझावहरू सङ्कलन गर्ने अवधारणा अगाडि सारियो । यो अवधारणालाई मूर्त रूप दिनका लागि विज्ञसमूह समेतको सहयोगमा अनुसन्धान कार्यकलापको अवधारणा पत्र तयार गरियो जो अनुसूची १ मा संलग्न छ । तालिम केन्द्रका विभिन्न सीमितता (बजेट, समय, जनशक्ति र वर्षायाम) का कारणले धुलिखेलबाहिर गएर अनुसन्धान गर्न संभव नभएको अवस्थामा तालिम केन्द्रमै सरोकारवालाहरूलाई बोलाएर कार्यक्रम गरिने निधो गरिएको थियो । उल्लिखित सीमितताका कारणले अनुसन्धान कार्यशाला एक दिनको गरिने र सो मिति २०७६ साल असार महिनाको ३० गते गर्ने गरी निर्णय भएको थियो । कार्यक्रममा काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा, धादिङ्, चितवन, दोलखा र रामेछाप जिल्लाबाट सरोकारवालाहरूको सहभागिता गराउने व्यवस्था गरिएको थियो । छोटो समयको तयारी, वर्षायाम अनि कतिपय सहभागीहरू कार्यालयीय व्यस्तताका भए पनि कार्यक्रममा उत्साहजनक सहभागिता भएको थियो । कार्यक्रमको विवरण अनुसूची २ र प्रमुख अतिथि, अतिथिहरू र सहभागीहरूको नामावली अनुसूची ४ मा राखिएको छ ।

# २. कार्यक्रमका उद्देश्यहरू

**कार्यक्रमका निम्न चारओटा उद्देश्यहरु तय गरिएका थिए:**

क. विद्यार्थीको सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू पहिचान गरी सिकाइउपलब्धि वृद्धिका उपयुक्त उपायहरू पहिचान गर्नु र सिकाइ उपलब्धि बृद्धिमा सघाउनु

ख. शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता मूल्याङ्कन गर्नु

ग. शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउने उपायहरूको खोजी गरी कार्यान्वयन गर्नु

घ. परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे स्पष्ट दृष्टि तयार गर्न सघाउनु

**उद्घाटन सत्र**

मिति २०७६ असार ३० गते सोमबारका दिन शिक्षा तालिम केन्द्र धुलिखेल काभ्रेपलाञ्चोकको सभा हलमा "विद्यार्थी उपलब्धि वृद्धिका लागि शिक्षा तालिमकेन्द्र धुलिखेलको सङ्गठनात्मक क्रियात्मक अनुसन्धान (Organizational Action Research)" कार्यक्रमको उद्घाटन सत्रको सुरूवात विहान ८.४५ बजे भएको थियो । उद्घाटन कार्यक्रमको विवरण अनुसूची ३ मा राखिएको छ । कार्यक्रमको अध्यक्षता शिक्षा तालिम केन्द्र धुलिखेलका तालिम प्रमुख तोयानाथ खनाल, पिएचडी ले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन तालिम केन्द्रका प्रशिक्षक श्री विष्णुमाया सापकोटाले गर्नुभएको थियो । यस कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि प्रदेश सभाका सदस्य माननीय सांसद रत्नप्रसाद ढकालले कार्यक्रमको व्यानर पढेर गर्नुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि, अतिथिहरू र सहभागीहरूलाई तालिमकेन्द्रका प्रशिक्षक श्री मनोज नेपाली सिर्मलले स्वागत गर्दै कार्यक्रमको उद्देश्य र औचित्यका बारेमा प्रस्ट पार्नुभएको थियो । कार्यक्रममा विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थी, अध्यापन गराइरहेका शिक्षक, नेतृत्व गरिरहेका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघका पदाधिकारी, अभिभावक, स्थानीय सरकारका जनप्रतिनिधि, स्थानीय सरकारका शिक्षा अधिकारी, जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख, शिक्षा विद्, शिक्षकहरूका लागि तालिम दिइरहेका संस्थाहरू जस्तै; NELTA, British Council, Math Council, Science Council का प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरूलाई विभिन्न सातओटा समूहमा राखेर लक्ष्यित समूह छलफल (FGD) गराइएको थियो । प्रत्येक समूहमा FGD लाई उद्देश्यकेन्द्रित बनाउन र व्यवस्थित गर्नका लागि सहजकर्ताको व्यवस्था गरिएको थियो । सहजकर्ताहरूको विवरण अनुसूची ५ मा

राखिएको छ । उद्घाटन सत्रमा धुलिखेल नगरपालिकाका प्रमुख श्री अशोककुमार ब्याञ्जु श्रेष्ठले कार्यक्रमको सफलताका लागि शुभकामना मन्तव्य राख्नुभएको थियो । शुभकामना मन्तव्यका क्रममा उहाँले विश्वका विकसित देशहरूले शिक्षामा उल्लेख्य लगानी गरेका कारणले नै हामीले ती देशहरूलाई विकसित देशका रूपमा चिन्दछौ भन्दै हामीले पनि शिक्षाको विकासका लागि विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभयो । हाम्रो शिक्षाले परिश्रम गर्ने जनशक्ति तयार नगरेका कारणले पनि समाजमा बेरोजगारी बढेको हुँदा शिक्षा प्रणालीमा नै परिवर्तन गर्नुपर्ने धारणा पनि उहाँको थियो । शिक्षक तालिमका सन्दर्भमा कार्यरत शिक्षकको ग्रेडिङ् गरेर ग्रेडिङ्अनुसारका शिक्षकहरूको समूह बनाई आवश्यकताका आधारमा तालिम दिनुपर्छ भन्ने धारणा पनि उहाँको थियो । यसो गरेमा प्रशिक्षक आफू पनि प्रशिक्षार्थीको क्षमताका आधारमा सन्दर्भअनुसार आफ्नो क्षमता विकास गर्न र सान्दर्भिक ढङ्गबाट तालिम सञ्चालन गर्नुपर्ने अवस्थामा रहन्छन् भन्ने पनि उहाँको धारणा थियो । कार्यक्रमको सफलताका लागि शुभकामना मन्तब्य प्राध्यापक डाक्टर प्रेमनारायण अर्यालले पनि दिनुभएको थियो । उहाँले अब तालिमकेन्द्रले साँच्चिकै आवश्यकतामा आधारित तालिम दिएर शिक्षकलाई Critical analysis गर्नसक्ने बनाउनुपर्ने साथै शिक्षकहरूलाई हामीले ब्यस्त बनाउन नसकेका कारणले पनि उनीहरू राजनीतिक पार्टी राजनीतिमा लागेका हुन् त्यसैले हामी सबैले अब शिक्षा क्षेत्रमा कम्तीमा पनि कति काम गर्नसक्ने हो सोको करार गरेर कार्यसम्पादन गर्न सक्यौं भने मात्र शिक्षामा केही सुधार हुनसक्छ भन्नुभयो । शुभकामना मन्तव्यका क्रममा शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइरालाले निम्नलिखित पाँचओटा कामका लागि शिक्षा तालिम केन्द्रलाई शुभकामना दिनुभएको थियोः

- शिक्षा क्षेत्रमा भएका शुक्ष्म कुराहरूको अनुसन्धान गरेर तालिमका कार्यक्रमहरूमा आवश्यक परिमार्जन गर्दै अगाडि बढ्नुपर्ने
- अहिलेसम्मका तालिमले शिक्षकलाई कि त एउटै कुरा कक्षाकोठामा लैजान भनेका छन् कि त केही विकल्पहरू दिएका छन् । अबका तालिमले शिक्षकमा भएका क्षमता र संभावनाहरू खुलाइदिएर कक्षाकोठालाई अझ रोचक बनाउन सघाउनुपर्दछ ।
- अबको तालिमले शिक्षाक्षेत्रमा राम्रो नराम्रो जे छ त्यसको जस अपजस लिनसक्ने शिक्षक बनाउनमा जोड दिनुपर्छ किनभने किसानले हलोकोदालो आफैंले बनाएर खेतीपाती गरेको छ भने शिक्षकले बिग्रीएको ठाउँमा आफैंले सुधार्नसक्छ भन्ने उहाँको जिकिर थियो ।
- शिक्षक तालिम पनि प्रविधिमैत्री बनाउनुपर्छ जसले शिक्षकलाई बोलाएर तालिम दिने होइन अब शिक्षकले तालिम किनेर लिनुपर्छ ।
- अबको तालिमले शिक्षा क्षेत्रमा Critical mass तयार गर्नुपर्दछ जसले संभावनाका कुराहरू पहिचान

गरेर परिवेश सुहाउँदा रचनात्मक कार्यकलापहरू सञ्चालन गर्नका लागि सघाउँछ ।

कार्यक्रमका प्रमुख अतिथि माननीय रत्नप्रसाद ढकालले यस कार्यक्रमले तालिम केन्द्रका लागि मार्गदर्शन दिन सघाउ पुऱ्याओस भन्ने शुभकामना व्यक्त गर्नुभयो । अहिले डिग्री पढेर पनि बैदेशिक रोजगारीका लागि पासपोर्ट बनाउने प्रचलन हामीकहाँ छ त्यस्तो जनशक्तिलाई यही देशमा बसेर आआफ्नो योग्यता र क्षमताका आधारमा केही काम गर्न प्रेरित र प्रोत्साहित गर्न शिक्षक तालिमबाट पनि सघाउ पुगोस भन्ने धारणा राख्नुभएको थियो । उहाँले अब दोष दिएर बस्नुभन्दा पनि संभावनाहरू खोजेर केही गरेर परिवर्तनको अनुभूति गराउने बेला आएको पनि धारणा राख्नुभएको थियो ।

उद्घाटन सत्रको अन्त्यमा कार्यक्रमका अध्यक्ष एवं तालिम प्रमुख तोयानाथ खनाल, पिएचडी ले वर्षाको समय, कार्यव्यस्तता र छोटो समयमा गरिएको सूचनाका आधारमा कार्यक्रमलाई सफल बनाउनका लागि उत्साहपूर्वक उपस्थित हुनुभएका कार्यक्रमका प्रमुख अतिथि, अतिथि र सबै सहभागीहरूप्रति आभार व्यक्त गर्नुभयो । साथै उहाँले यस सत्रपछिका कार्यकलापहरूमा कार्यक्रमका उद्देश्यहरूमा केन्द्रित भएर सक्रिय सहभागिताका लागि अनुरोध गर्दै कार्यकलापहरूका बारेमा थप जानकारी गराएर उद्घाटन सत्रको समापन गर्नुभयो ।

**समापन सत्र**

समापन सत्रको अध्यक्षता तालिम प्रमुख तोयानाथ खनाल, पिएचडीले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन प्रशिक्षक श्री विष्णुमाया सापकोटाले गर्नुभएको थियो । समापन सत्रका पहिलो वक्ता संजिवनी माध्यमिक विद्यालयका छात्र श्री क्रिस्टिना तिमल्सिनाले आफू यस कार्यक्रममा सहभागी हुन पाएकामा अत्यन्तै खुसी भएको धारणा राख्दै अबका तालिमले विद्यार्थीलाई कक्षाकोठामा धेरै खुसी बनाएर सिकाउने वातावरण बनाउन सघाओस भन्ने धारणा राख्नुभयो । कार्यक्रममा रसुवा जिल्लाबाट प्रतिनिधित्व गर्नुभएका शिक्षक श्री राधा पाण्डेले कार्यक्रममा आफू सहभागी हुन पाएकामा खुसी व्यक्त गर्दै अबका शिक्षक तालिमले शिक्षक र विद्यार्थीबीचको gap घटाउन सघाउने अपेक्षा राख्नुभयो । आगामी दिनमा विषयगत TPD हुनुपर्ने पनि उहाँको सल्लाह थियो । समापन सत्रका अर्का बक्ता काठमाडौं विश्वविद्यालय स्कुल अफ एजुकेशनका सहायक प्राध्यापक धनपति सुवेदी, पिएचडी ले अबका शिक्षक तालिमले कक्षाकोठामा भएका विविधताहरूको व्यवस्थापन गर्न सघाउनुपर्ने धारणा राख्नुभयो । उहाँको जोड मूलत सामुदायिक विद्यालयमा कमजोर आर्थिक अवस्था भएका परिवारका बालबालिकाहरू आउने भएकाले त्यस्ता बालबालिकाहरूलाई मायालु वातावरण दिएर शिक्षण गरी सक्षम बनाउन सघाउन सकेमा शिक्षामा लक्ष्यित समूहको पहुँच बढ्नुका साथै त्यसको अनुभूति समाजमा प्रत्यक्ष देखिन्छ भन्ने थियो ।

अर्का बक्ता नारायणी माध्यमिक विद्यालय चितवनका प्रधानाध्यापक श्री पूर्णप्रसाद दवाडीले यति महत्वपूर्ण कार्यक्रममा शिक्षक महासंघको पनि प्रतिनिधित्व भएको भए अझ कार्यक्रमको गरिमा बढ्ने धारणा राख्नुभयो । यस कार्यक्रमको निचोडले तालिम केन्द्रलाई नयाँ मार्गदर्शन दिनेछ भन्ने धारणा पनि उहाँको थियो । मन्तव्यको अन्त्यमा उहाँले अबका शिक्षक तालिमले कक्षाकोठामा स्नेहपूर्ण वातावरण बनाउन सघाउनुपर्नेमा जोड दिनुभयो । Math Council का तर्फबाट कार्यक्रममा प्रतिनिधित्व गर्नुहुने श्री रमेशप्रसाद अवस्थीले अबका तालिमले कक्षाकोठामा शिक्षणसिकाइका लागि सहज वातावरण बनाएर शिक्षक र विद्यार्थीलाई सिक्नका लागि व्यस्त बनाउनुपर्ने धारणा राख्नुभयो । उहाँको जोड शिक्षक तालिम आवश्यकता र परिवेशमा आधारित हुनुपर्छ भन्नेमा थियो । अभिभावकका हैसियतले कार्यक्रममा सहभागिता जनाउनुभएका धुलिखेल निबासी श्री रामप्रसाद अधिकारीले विद्यालयमा राम्रो शिक्षणसिकाइ वातावरण तयार गर्नमा अबका तालिम कार्यक्रमहरू सञ्चालन हुनुपर्ने धारणा राख्नुभयो । समापन कार्यक्रमका अन्तिम बक्ता मध्यपुर ठिमी नगरपालिकाका शिक्षा शाखा प्रमुख श्री बालकृष्ण गैरेले शिक्षामा काम गर्ने हामी सबैले कार्यसम्पादन करार गरेर काम गरेका खण्डमा मूलत सामुदायिक विद्यालय शिक्षाका क्षेत्रमा सुधार पक्कै पनि देखिने छ भन्नुभयो । उहाँले शिक्षकलाई तालिम मात्र दिने होइन कि तालिमपछि पेशागत सहयोग पनि गर्नुपर्छ, यसका लागि अब तालिम केन्द्रले तालिम केन्द्रबाटै शिक्षकको कक्षा कार्यकलाप हेर्न र पृष्ठपोषण दिनसक्ने प्रविधि प्रयोगमा जानुपर्छ भन्ने तर्क राख्नुभएको थियो ।

समापन सत्रको अन्त्यमा कार्यक्रमका अध्यक्ष तोयानाथ खनाल, पिएचडीले कार्यक्रमको सफलताका लागि सहयोग गर्नुहुने सम्बद्ध सबै पक्षहरूलाई हार्दिक आभार व्यक्त गर्दै कार्यक्रमबाट आएका सल्लाह, सुझाव, धारणा र महत्वपूर्ण अनुभवहरू तालिम केन्द्रले आत्मसात गरेर कार्यान्वयनमा ल्याउने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभयो ।

# ३. शिक्षा तालिम केन्द्र संक्षिप्त परिचय, प्रतिविम्वन र योजना

## क. संगठन संरचना

शिक्षा तालिम केन्द्रको वर्तमान संगठन संरचना देहायअनुसार रहेको छ ।

| सि.नं. | पदहरूको विवरण | हाल भइरहेको दरबन्दी |
|---|---|---|
| १ | अधिकृतस्तर नवौं/दशौं | १ |
| २ | अधिकृतस्तर छैटौं/सातौं/आठौं शिक्षा प्रशासन विषयगत | ६ |
| ३ | अधिकृतस्तर छैटौं/सातौं/आठौं शिक्षा प्रशासन निरीक्षण | १ |
| ४ | अधिकृतस्तर छैटौं प्रशासन | १ |
| ५ | अधिकृतस्तर छैटौ लेखा | १ |
| ६ | सहायकस्तर पाँचौं | २ |
| ७ | कम्प्युटर अपरेटर, सहायक पाँचौं प्र./विविध) | १ |
| ८ | हलुका सवारी चालक | १ |
| ९ | कार्यालय सहयोगी | ३ |
| | **जम्मा दरबन्दी** | **१७** |

जम्मा कर्मचारी दरबन्दी १७ जना रहेको भएतापनि हाल १२ जना मात्र कर्मचारीहरू कार्यरत रहेका छन् ।

## ख. तालिम केन्द्रको भौतिक संरचना

यस केन्द्रमा चारओटा तालिम हल, एउटा बैठक कक्ष, एउटा सभा हल र कार्यालय कोठाहरूसहितको एउटा प्रशासनिक भवन रहेको छ । तालिम केन्द्रमा तालिमका प्रक्षिक्षार्थी बस्ने दुईओटा आबास, एउटा प्रशिक्षक आबास र एउटा कार्यालय प्रमुख आबास, एउटा चमेना गृह र एउटा पाले घर कम्पाउण्डसहितको परिसरमा एउटा इनार, हरियाली जङ्गल, फूलबारीसमेतले तालिम केन्द्र सजिएको छ ।

## ग. सेवाक्षेत्र

प्रदेश नं. ३ अन्तरगतका १३ ओटा जिल्लाहरू; काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, धादिङ्, रसुवा, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप र दोलखा यस तालिमकेन्द्रको सेवाक्षेत्रभित्र रहेका छन् ।

## घ. शिक्षा तालिम केन्द्रको कार्यविवरण

- तालिमकेन्द्रले गर्नुपर्ने जम्मा १० ओटा कार्यहरू रहेका छन् ।
- तालिमकेन्द्रमा रहेको तालिम शाखाका जम्मा १० ओटा नै कार्यहरू उल्लेख भएका छन् ।
- कार्यक्रम तथा अनुगमन शाखाका जम्मा आठओटा कार्यहरू रहेका छन् ।
- तालिमकेन्द्रमा रहेका प्रशासन र लेखा फाँटका क्रमशः १० ओटा र ८ ओटा कार्यहरू उल्लेख भएका छन् । तालिम केन्द्रको कार्यविवरण अनुसूची ६ मा रहेको छ ।

## ङ. आर्थिक वर्ष २०७५/०७६ मा सम्पन्न भएका तालिम तथा कार्यक्रमहरु

- तालिमकेन्द्रको भौतिक संरचनाको केही मर्मत सुधार भएको
- राजपत्र अनंकित कर्मचारीहरूका लागि सेवाकालीन तालिम (२५ कोटामध्ये ११ जनामात्र सहभागी)
- माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूका लागि तालिम (५० कोटामध्ये ५४ जना सहभागी)
- माध्यमिक शिक्षकहरूको ५ दिने कस्टमाइज्ड तालिम (४१०० कोटामध्ये ३६८० जना सहभागी)
- कक्षा ९ - १२ का शिक्षकहरूको १५ दिने TPD तालिम (७५ कोटामध्ये ६१ जना सहभागी)
- कक्षा ९ - १० का शिक्षकहरूका लागि १५ दिने TPD तालिम (५० कोटामध्ये ४९ जना सहभागी)
- कक्षा ६ - ८ का शिक्षकहरूको १५ दिने TPD तालिम (१०० कोटामध्ये ९२ जना सहभागी)
- कक्षा १ - ५ का शिक्षकहरूका लागि १५ दिने TPD तालिम (२७५ कोटामध्ये २७५ जना सहभागी)
- ECD का सहयोगी शिक्षकहरूका लागि १५ दिने TPD तालिम (२७५ कोटामध्ये २८२ जना सहभागी)
- संस्थागत विद्यालयका शिक्षकहरूका लागि कस्टमाइज्ड तालिम (५०० कोटामध्ये ५१० जना सहभागी)
- स्थानीय तहमा शिक्षा हेर्ने कर्मचारीका लागि तालिम (१२० कोटामध्ये १२० जना सहभागी)
- इजीआरपी कार्यक्रम लागू भएका १६ जिल्लाका शिक्षकको तालिम (१२४ कोटामध्ये १३० जना सहभागी)
- इजीआरपी कार्यक्रम लागू भएका ४ जिल्ला (SSDP) का शिक्षकको तएम तालिम (२१४ कोटामध्ये २०९)
- इजीआरपी कार्यक्रम लागू भएका ४ जिल्लाका शिक्षकको तालिम (१४४ कोटामध्ये ९३ जना सहभागी)
- इजीआरपी शिक्षक तालिमका लागि प्रशिक्षक प्रशिक्षण (२५ कोटामध्ये २६ जना सहभागी)

## च. कार्यक्रम सञ्चालन गर्दाका सिकाइहरु

- असल अभ्याससहितको लामो शिक्षण अनुभव भएका रोष्टर प्रशिक्षकबाट तालिम प्रभावकारी हुने
- शिक्षक र विद्यालयले चाहना गरेका स्थानमा तालिम सञ्चालन गर्दा शिक्षकहरूको सक्रियता बढी हुने
- शिक्षा तालिम केन्द्रका तालिम हललाई समसामयिक किसिमले अद्यावधिक गर्दा तालिमको प्रभावकारिता बढ्ने
- आगामी दिनमा सञ्चालन हुने तालिममा क्ष्ऋट लाई जोड दिनुपर्ने
- तालिममा गरेर सिक्ने पक्षलाई जोड दिनुपर्ने
- तालिमपछिको पेशागत र प्राविधिक सहयोगलाई प्रभावकारी बनाउनुपर्ने

## छ. शिक्षा तालिम केन्द्रका असल अभ्यासहरु

- शिक्षक तालिम सञ्चालनका लागि सङ्घीय निकायहरू र स्थानीय तहसँग सहकार्य
- तालिम सञ्चालनका लागि असल अभ्यासको अनुभव भएका रोष्टर प्रशिक्षकहरूको प्रयोग
- छोटो समयको सूचना र तयारीमा पनि तालिम कार्यक्रमहरूमा शिक्षकहरूको सहभागिता उल्लेख्य हुनसकेको
- शिक्षणसिकाइ कार्यकलापमा सूचना र सञ्चार प्रविधिको प्रयोगसम्बन्धी शिक्षक तालिममा शिक्षकहरूको चासोपूर्ण सहभागिता बढेको
- विद्यालयको मागका आधारमा सम्बन्धित विद्यालयमै शिक्षक तालिम सञ्चालन गरिएको

## ज. कार्यक्रम सञ्चालन गर्दा अनुभव गरिएका समस्या र चुनौतीहरु

- जनशक्तिको कमी
- ठूलो भौतिक संरचनाको मर्मत सम्भारका लागि बजेटको कमी
- पिउने पानीको कमी
- एउटै होस्टलमा तालिमका महिला र पुरूष सहभागी शिक्षक राख्नुपर्ने बाध्यता
- तालिममा सहभागी हुन आउने शिक्षकहरूले पाउने निर्वाह भत्ताको कमी
- यातायातका साधनको कमी
- विद्यमान जनशक्तिको क्षमता विकासका लागि समसामयिक विषयवस्तुहरूमा तालिमको कमी
- जनशक्तिको क्षमता विकास र अनुभव आदानप्रदानका लागि वैदेशिक तालिम/भ्रमणको अभाव
- शिक्षकहरूलाई तालिममा सहभागी गराउनका लागि समन्वयमा कठिनाइ
- शिक्षक तालिमका लागि विषयगत हब बनाउन कठिनाइ

## झ. सुधारका क्षेत्रहरु

- काठमाडौं, चितवन र नुवाकोटमा रहेका तत्कालीन ख स्तरका शैक्षिक तालिम केन्द्रहरूलाई यस तालिम केन्द्रको शाखाका रूपमा रहने व्यवस्था भएमा काममा सहजता आउने
- दोलखा, सिन्धुपाल्चोक र काभ्रेका लागि चौतारामा १ र सिन्धुली र रामेछापका लागि खुर्कोटमा १ गरी २ ओटा तालिमकेन्द्र स्थापना गर्नुपर्ने
- शिक्षा तालिम केन्द्र धुलिखेललाई शिक्षा क्षेत्रका कर्मचारीहरूका लागि र कक्षा ६ देखि १२ सम्म शिक्षण गर्ने शिक्षकहरूलाई दिइने तालिमका लागि जिम्मेवार बनाई शाखा तालिम केन्द्रले गरेका कामहरूमा अनुगमन, पेशागत सहयोग र नेतृत्व गर्नुपर्ने जिम्मेवारी दिनुपर्ने
- यस तालिम केन्द्रका शाखा तालिम केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्र र कक्षा १ देखि ५ सम्म शिक्षण गर्ने शिक्षकलाई तालिम दिने निकायका रूपमा विकास गरी आफूले तालिम दिएका शिक्षकहरूको काममा अनुगमन र पेशागत सहयोगमा सक्रिय गराउनुपर्ने
- शिक्षा तथा मानव स्रोत विकासकेन्द्रले परिवर्तित सन्दर्भमा शिक्षा तालिमको खाका तयार गर्नुपर्ने
- उल्लिखित खाकालाई आधार मानी शिक्षा तालिमकेन्द्रले तालिम पाठ्यक्रम र शिक्षक स्रोत सामग्रीको विकास र प्रयोग गर्नुपर्ने
- प्रदेश सामाजिक विकास मन्त्रालयको प्राज्ञिक र प्राविधिक संस्थाका रूपमा शिक्षा तालिम केन्द्रलाई विकास गर्नुपर्ने
- सङ्घीय र प्रदेश सरकारबाट बजेटको व्यवस्था हुन सकेमा तालिम केन्द्रमा आकाशे पानी सङ्कलन गरेर शुद्ध पिउने पानीको व्यवस्था गर्न सकिने जसले पानीको समस्या भेलिरहेका विद्यालयहरूलाई आकाशे पानी सङ्कलन र प्रयोगका लागि प्रेरणा मिल्ने
- तालिम लिएका शिक्षकहरूका लागि पेशागत सहयोग संयन्त्र बनाएर उचित परिचालन गर्न सकेमा तालिमको प्रभाव विद्यार्थीहरूको उपलब्धिमा देखिने
- प्रदेशका तालिम केन्द्रहरूबीचमा असल अभ्यासहरूको आदानप्रदान कार्यक्रम सञ्चालन भएमा फाइदाजनक हुने

## ञ. शिक्षा तालिम केन्द्रले भविष्यमा गर्नु पर्ने थप कामहरु

- शिक्षा क्षेत्रको जनशक्तिको क्षमता विकासका लागि स्थानीय सरकारसँग थप सहकार्य, सहयोग र साझेदारी
- अनुसन्धानका आधारमा जनशक्तिको क्षमता अभिवृद्धि
- स्थानीय तहका जनप्रतिनिधिहरूका लागि नेतृत्व क्षमता विकास तालिम सञ्चालन
- विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघका पदाधिकारीका लागि तालिम सञ्चालन
- शिक्षक सेवा आयोगबाट सिफारिस भएका नव प्रवेशी शिक्षकका लागि तालिम
- संरचनात्मक, प्रशासनिक, प्राज्ञिक र भौतिक पक्षको मर्मत सुधार

# ४. विश्व र नेपालको परिवेशमा शिक्षा तालिमको प्रवृत्ति : सम्बन्धित साहित्यको सिंहावलोकन

यस खण्डमा २१ औं शताब्दीको बदलिंदो शैक्षिक परिवेशमा सिकारूको सिकाइ उपलब्धि वृद्धि गराउने सन्दर्भमा शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरालाई आत्मसात गरी यस कार्यमा शिक्षकको प्रभावकारी सहजीकरणका निम्ति प्रथमत शिक्षक आफैं दक्ष हुनु पर्दछ र शिक्षकमा सिकारू सहजीकरणका समय सान्दर्भिक अभिवृत्ति, सीप तथा ज्ञानको विकासका निम्ति तालिम प्रदायक संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ भन्ने सन्दर्भ लगायत वर्तमान विश्व र नेपालको परिवेशमा शिक्षा तालिमको प्रवृत्तिका बारेमा भए गरेका अध्ययन अनुसन्धानका निचोड र विभिन्न आयोगले सिफारिस गरेका कुराहरूका साथै विद्यालय क्षेत्र विकास योजना २०७३-२०७९ मार्फत नेपाल सरकारले तालिमका सम्बन्धमा अंगिकार गरेका कार्यक्रमहरूसमेत प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### शिक्षक शिक्षाका तीन आधारहरु
### (Triangular Basis of Teacher Education)

एक प्रभावकारी शिक्षक शिक्षाका लागि तीनओटा महत्वपूर्ण आधारहरू (क) दार्शनिक आधार (Philosophical Basis), (ख) सामाजिक आधार (Sociological Basis) र (ग) मनोवैज्ञानिक आधार (Psychological basis) लाई विशेष ख्याल पुऱ्याउनु पर्ने कुरामा अनुसन्धानहरूले जोड दिएका छन् (McNergney, Robert, Herbert & Joanne, 2001) । दार्शनिक आधारको सारअनुसार एउटा सफल शिक्षकले आफ्नो सिकाइलाई समाजको आवश्यकतासँग जोडेर शिक्षण गर्न सक्नु पर्दछ । शिक्षण सिकाइका क्रममा सिकाइ अनुभवहरूलाई व्यवहारसँग जोड्न सकिएन भने सिक्नुको अर्थ नरहने कुरामा दार्शनिक आधारले जोड दिन्छ । सामाजिक आधारका सन्दर्भमा कुरा गर्दा शिक्षण सिकाइका क्रममा सामाजिक वातावरणले शिक्षणसिकाइलाई ठूलो प्रभाव पारिरहेको हुन्छ । वास्तवमा पढ्ने पढाउने र सिक्ने सिकाउने भनेकै समाज हो । समाजमा भए गरेका विविध गतिविधिहरूको अनुभवजन्य साक्षात्कारबाट मात्र सिकाइ सम्भव छ । त्यसैले शिक्षण सिकाइका निम्ति समाजलाई विशाल प्रयोगशालाको रूपमा स्वीकार गर्नु पर्ने कुरा सामाजिक आधारले प्रष्ट पार्दछ । सामाजिक आधारलाई आत्मसात गरेर नै शिक्षक तालिमलाई मागमा आधारित र अनुसन्धानमुखी बनाउने कुरा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ र २०७५ ले सरकारलाई सुझावका रूपमा पेश गरेको छ । यसका साथै एउटा सफल शिक्षकले बालमनोविज्ञानलाई बुझेर शिक्षण सिकाइ क्रियाकलापहरू गर्नु आवश्यक छ । आफ्ना बालबालिकाहरूको

प्रत्येक कुराहरूको विश्लेषण गर्नसक्ने क्षमता शिक्षकमा हुनु जरूरी छ । बालबालिकाहरूको विविधताका बारेमा जानकारी राख्दै उनीहरूको परिपक्वता, रूचि, चाहना, इच्छा, आवश्यकता बुझेर सोहीअनुसारका शिक्षण सिकाइ क्रियाकलापहरू गर्ने सक्षमता शिक्षकमा हुन सकेमा सिकाइ प्रभावकारी हुनुका साथै बालकालिकाहरू खुसी पनि हुन्छन् । त्यसैले शिक्षकको पेशागत विकास कार्यक्रमका पाठ्यक्रमहरू बनाउँदा यस्ता पक्षहरूलाई जोड दिनु पर्ने ठहर अनुसन्धानहरूले गरेका छन् ।

## सल्लाह र परामर्श दिन सक्ने क्षमताको विकास गर्नु पर्ने
## (Need to Develop the Capacity of Guidance and Counselling)

उचित शैक्षिक तथा व्यक्तिगत सरसल्लाह र आवश्यक पर्दा परामर्श गर्न सक्ने शिक्षक आजको आवश्यकता हो (Nkechi, Ewomaoghene & Egenti, 2016) । वास्तवमा शिक्षण गर्नु भनेकै सिकारूलाई निरन्तर सल्लाह प्रदान गर्नु पनि हो । बालबालिकाहरूको विविध विभिन्नताको विश्लेषणका आधारमा निरन्तर आवश्यक सरसल्लाह प्रदान गर्ने बानीले बालबालिकाहरूको चौतर्फी विकासमा सहयोग पुग्दछ र यो उनीहरूको सुधारका निम्ति गरिएको सहयोग नै हो । निरन्तरको सल्लाहले बालबालिकाहरू सही मार्गमा लागिरहन्छन् । प्रधानाध्यापकको क्षमता मार्फत सल्लाह र परामर्श सेवालाई प्रभावकारी बनाउने उद्देश्यले उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्रधानाध्यापकका लागि नेतृत्व क्षमता विकासका लागि तालिमका बारेमा सरकारलाई सुझाव पेश गरेको छ । यसका अतिरिक्त विविध कारणहरूले गर्दा अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकिएको अवस्था र विविध व्यक्तिगत समस्याहरूका कारण कठिनाइ भोगिराखेका बालबालिकाहरूलाई आवश्यक परामर्श सेवाको माध्यमबाट सहयोग गर्न सकिने कुरा पनि उल्लेख छ । यी र यस्तै परिवेशको उचित सम्बोधनका लागि विद्यार्थीहरूको अवस्थाका आधारमा सल्लाह तथा परामर्श दिने कार्यमा शिक्षक पोख्त हुनु जरूरी छ । यसकारण शिक्षक तालिमका कार्यक्रमहरू बनाउँदा यस्ता कुराहरूमा विशेष ध्यान पुऱ्याउनु पर्ने खाँचो रहेको अनुसन्धानहरूले औल्याएका छन् ।

## सूचना तथा सञ्चार प्रविधिसँग जोडिएको शिक्षणसिकाइ विधिको आवश्यकता
## (Need of ICT integrated Pedagogy)

हाल विश्व शिक्षा बजारमा सबैभन्दा बढी चर्चामा आएको विषयवस्तु भनेको शिक्षणसिकाइमा सूचना र सञ्चार प्रविधिको प्रयोग हो । आज शिक्षामा सूचना तथा सञ्चार प्रविधि भन्नेवित्तिकै विद्यालयहरूमा कम्प्युटर शिक्षाको अध्यापन हो भन्ने आम बुझाइ बन्न पुगेको छ तर अनुसन्धानहरूले पुष्टि गरेका छन् कि प्रभावकारी सिकाइका लागि बहुमाध्यम (Multimedia) को प्रयोगको खाँचो महशुस भएको छ

(Akorede, 2014; Umeh & Nsofor, 2014) । सिकारूलाई सिकाइमा व्यस्त राख्नका लागि र विश्व शिक्षा बजारको मागलाई विश्लेषण गर्दा अबका दिनमा परम्परागत शैलीमा चक, डस्टर, मार्कर आदिको प्रयोगबाट शिक्षण गर्दा विद्यार्थीहरूमा सिकाइप्रति रूचि जगाउन नसकिने अवस्था आएका सन्दर्भमा शिक्षणसिकाइका लागि सूचना तथा सञ्चार प्रविधिलाई महत्वपूर्ण साधनको रूपमा प्रयोग गर्नु पर्ने आवश्यकता खड्किसकेको छ । यस परिवेशलाई आत्मसात गरेर नै होला हाल नेपालमा कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजनाले शिक्षक तालिम सञ्चालनका क्रममा सूचना र सञ्चार प्रविधिको प्रयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । तर हाम्रो जस्तो सूचना तथा सञ्चार प्रविधिको भर्खरै पूर्वाधार बन्दै गरेको देशमा यो कार्य चुनौतीपूर्ण त छँदै छ त्यसभन्दा पनि ठूलो चुनौती शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी आवश्यक ज्ञान तथा सीप पुर्‍याउनु रहेको छ । हालै शैक्षिक गुणस्तर परिक्षण केन्द्र सानोठिमीले सम्पन्न गरेको सामुदायिक विद्यालयहरूको कार्यसम्पादन मूल्याङ्कनको प्रारम्भिक तथ्याङ्कलाई नियाल्ने हो भने सामुदायिक विद्यालयका शिक्षकहरूमध्ये लगभग १० प्रतिशत शिक्षकहरूमा मात्र शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सक्षमता रहेको र त्यसमध्ये २ प्रतिशतभन्दा कम शिक्षकले मात्र शिक्षण सिकाइमा आंसिक रूपमा सूचना तथा संचार प्रविधिको प्रयोग गर्दै आएको (ERO, 2019) वास्तविकता देखिएको छ । यस वास्तविकताले शिक्षा तालिम केन्द्रलाई शिक्षकहरूलाई तालिम प्रदान गर्दा यस पक्षमा विशेष ध्यान दिनु पर्ने देखाएको छ ।

## क्रिया, प्रतिक्रिया र अन्तर्क्रियासहितको शिक्षणसिकाइ प्रक्रियाको खाँचो
## (Need of Action, Reaction and Interaction based Teaching Learning Process)

शिक्षक तालिमसँग सम्बन्धित अनुसन्धानहरूले शिक्षक बढी क्रियाशील हुनु, विद्यार्थीको प्रतिक्रियाको अवस्था कमजोर हुनु र कक्षामा अन्तरक्रियात्मक वातावरण कमजोर हुनुलाई प्रभावकारी शिक्षण र उच्च सिकाइ उपलब्धि हासिल हुन नसक्नुका प्रमुख कारकको रूपमा प्रमाणित गरेका छन् (Singh, 2014) । हाम्रो देशमा पनि शिक्षण सिकाइका सन्दर्भमा शिक्षककेन्द्रित विधिको अधिक प्रयोग र शिक्षणसिकाइ कार्यकलापमा विद्यार्थीहरूको कम सहभागिताले गर्दा उनीहरूको सिकाइउपलब्धि कम भएको मानिन्छ । शिक्षक पुस्तक पढेर सुनाउनमा आफैं क्रियाशील देखिनु र विद्यार्थीले उक्त प्रक्रिया मन नपराउनुले शिक्षण सिकाइमा समस्या आइरहेको छ । सिकाइका आवश्यक विषयहरूमा प्रभावकारी अन्तर्क्रियाको माध्यमबाट जिवन्त शिक्षण सिकाइ प्रक्रिया अघि बढाउन सक्ने शिक्षक आजको आवश्यकताका रूपमा देखिएको छ । अन्तर्क्रिया केवल शिक्षक र विद्यार्थीबीचमा मात्र होइन कि, विद्यार्थी विद्यार्थीबीचमा, विद्यार्थी र समाजका कुनै घटनाका बीचमा, कुनै परिवर्तनका बीचमा वा अन्य कुनै पनि राम्रा वा नराम्रा कुराहरूका बीचमा हुनु जरूरी भएको छ । यसका लागि आवश्यक अभिवृत्ति, ज्ञान तथा सीप विकासका तालिम पाठ्यक्रमहरू

तयार गरेर शिक्षक तालिममा प्रयोगमा ल्याउनु पर्ने खाँचो अनुसन्धानहरूले औंल्याएका छन् । त्यसैले शिक्षा तालिम केन्द्रहरूको अबको बाटो विगतका तालिम पाठ्यक्रमहरूलाई परिमाजर्न गरी अन्तर्क्रियात्मक शिक्षणसिकाइ सञ्चालन गर्नसक्ने शिक्षक तयारीमा जुट्नु जरूरी भएको छ ।

## समालोचनात्मक सोच र सिर्जनात्मक गतिविधिमा सिकारुलाई लगाउनु पर्ने खाँचो
## (Essential to Involve Learner in Critical Thinking and Creative Activities)

एक्काइसौं शताब्दीको शिक्षाको लक्ष्य विद्यार्थीहरूलाई केवल तथ्यहरू रटाउनु नभई उनीहरूलाई आफ्ना धारणा मजबुत बनाउन, समालोचनात्मक सोचको विकास गर्न र सिर्जनात्मक क्रियाकलापहरूमा व्यस्त राख्न सघाउनु हो भनेर अनुसन्धानहरूले सुझाएका छन् (Pokhrel & Behera, 2016) । शिक्षणसिकाइमा यस कार्यलाई प्रभावकारी रूपमा अघि बढाउन सके तर्क गर्न सक्ने, आविश्कारमूलक सोचको विकास गर्न सक्ने, सिर्जनात्मक कार्यमा रमाउन सक्ने र गरेर सिक्नसक्ने सिकारूहरू तयार हुन्छन् भन्ने तर्क गरिएको पाइन्छ । यस कार्यका लागि विद्यार्थीहरूमा समालोचनात्मक सोचाइ र सिर्जनात्मक दक्षता बढाउनसक्ने क्षमता भएका शिक्षकहरूको खाँचो पर्दछ र यसका लागि तालिम केन्द्रहरूले शिक्षक तालिमका पाठ्यक्रम सोहीअनुसार परिमार्जन गरी कार्यान्वयन हुनु पर्ने कुरा अनुसन्धान साहित्यहरूले सुझाएका छन् ।

## नयाँ परिवेश र परिवर्तनको सम्भावनालाई आत्मासात् गर्नुपर्ने
## (Essential to Consider New Context and Possible Changes)

आजका समस्यामा मात्र केन्द्रित नगरी भोलिका आवश्यकताहरूलाई समेत मध्य नजर राखेर शिक्षकको पेशागत विकासको योजना बनाउनु पर्ने निचोड अनुसन्धानबाट प्राप्त भएका छन् (Singh, 2014) । भोलिको सामाजिक आवश्यकता, शैक्षिक धार, उदाउँदो नयाँ प्रविधि, नयाँ पुस्ताका बालबालिकाहरूका चाहना जस्ता पक्षहरूलाई विश्लेषण गरी आवश्यक सीपयुक्त शैक्षिक जनशक्तिको विकास गर्न तालिम प्रदायक संस्थाहरू लागिपर्नु पर्ने आवश्यकता पहिचान गरिएको छ । यसप्रति तालिम केन्द्रहरू सजग, सबल र निरन्तर क्रियाशील हुनु पर्ने सङ्केत अनुसन्धानले देखाएका छन् । नेपालका सन्दर्भमा विश्लेषण गर्दा संघीय शासन व्यवस्था कार्यान्वयनको हालको अवस्थामा पाठ्यक्रम विकास केन्द्र विभिन्न कक्षाका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू परिवर्तन गर्ने क्रममा जुटेको छ । आउँदो शैक्षिक सत्रदेखि कक्षा १ मा एकिकृत पाठ्यक्रम लागू हुने क्रममा छ । यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिमको ठूलो खाँचोको महशुस भइसकेको छ ।

## नयाँ प्रवेशी शिक्षक र कर्मचारीहरुका लागि सेवा प्रवेश/प्रेरणा तालिमको खाँचो

**(Need of Induction Training for the newly appointed teachers and personnels)**

सेवा प्रवेशको समयमा जति धेरै पेशाप्रति उत्प्रेरणा जगाउन सकियो त्यति नै बढी पेशागत सन्तुष्टि बढ्ने र भविश्यमा प्रभावकारी कार्य सम्पादनको अपेक्षा गर्न सकिने तथ्य अनुसन्धानले देखाएको छ (Educational Testing Service, 2003) । नेपालको सन्दर्भमा पछिल्ला समयमा शिक्षक सेवा आयोगको नियमित सक्रियताले विद्यालयहरूमा प्रसस्त नयाँ शिक्षकहरू सेवा प्रवेश गरेका छन् । उनीहरूका लागि समय सापेक्ष पेशाागत ज्ञान, सीप बढाउन सेवा प्रवेश/प्रेरणा तालिमको खाँचो छ । नव प्रवेशी शिक्षकहरूका लागि १० दिनको अनिवार्य सेवा प्रवेश तालिमको व्यवस्था विद्यालय क्षेत्र विकास योजना २०७३-२०७९ ले गरेको छ । यसका अतिरिक्त शिक्षण पेशाका आकर्षण र जिम्मेवारीहरू, शिक्षा सेवा प्रवेशपछि थाहा पाउनु पर्ने पक्षहरूको बारेमा जानकारी, समुदायमा शिक्षकको भूमिका, शिक्षकका लागि तालिमका अवससरहरू आदिका बारेमा समेत प्रेरणा तालिमले सघाउन सक्छ । त्यसैले यस पक्षलाई प्राथमिकतामा राख्नु पर्ने सङकेत अनुसन्धाहरूले गरेका छन् । नव प्रवेशी शिक्षकहरूलाई सेवा प्रवेश तालिमको व्यवस्थापन प्रभावकारी रूपमा गर्नका लागि शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरू जस्तै; स्थानीय तहमा शिक्षा शाखामा कार्यरत जनशक्ति, शिक्षा विकास तथा समन्वय इकाइका कर्मचारीहरू साथै शिक्षा तालिम केन्द्रमा नव प्रवेशी कर्मचारीहरूको पनि क्षमता विकास आजको आवश्यकता हो । यसका लागि विद्यालय क्षेत्र विकास योजनाले पनि जोड दिएको पाइन्छ ।

## शैद्धान्तिक विषयलाई भन्दा पनि कक्षाकोठाका समस्याहरुलाई प्राथमिकता दिनु जरुरी

**(Essential to Focus on Classroom Problem rather than Theoretical Content)**

तालिममा केवल शैद्धान्तिक विषयवस्तुहरूलाई प्रोत्साहन गर्नुभन्दा पनि शिक्षकले कक्षा कोठामा भोग्नु परेका समस्याहरूलाई प्रमुख विषयवस्तु बनाइनु पर्ने ठम्याई अनुसन्धानले गरेको छ (Pokhrel & Behera, 2016) । यस्ता समस्याहरूलाई तालिमका सहभागीहरूबीच छलफल गराएर समाधानका उपायहरूको खोजी गर्ने हो भने तालिम स्वभाविक रूपमा प्रभावकारी हुन्छ । यसो गर्दा विषयगत रूपमा छलफल केन्द्रित गर्न सके थप प्रभावकारी हुने कुरो प्रमाणित भएको छ । यसका साथै सहभागीहरूबीच विद्यालयमा भइरहेका असल अभ्यासहरू बारे अनुभव आदानप्रदान गर्न गराउन सकेमा थप फलदायी हुने कुरामा समेत अनुसन्धान प्रमाणहरूले जोड दिएका छन् ।

## तालिम पद्धतिमा विविधताको खाँचो
## (Need of Variety of Training)

सधैंभरि एकै पद्धतिबाट तालिमहरू सञ्चालन गरिनुभन्दा यसमा विविधता ल्याउँदा तालिमहरू बढी प्रभावकारी हुने कुरा अनुसन्धानले पुष्टि गरेका छन् (Umeh & Nsofor, 2014) । शिक्षक विद्यार्थीको कक्षाकोठा ढाँचाभन्दा फरक पद्धतिबाट तालिम सञ्चालन गर्न सक्ने हो भने यसको प्रभावकारिता नै बढ्ने कुरामा अनुसन्धान प्रमाणहरू जुटेका छन् । उदाहरणका लागि पेशागत विकास गर्ने क्रममा कार्यशाला (Workshop), कार्यपत्र निर्माण, प्रस्तुति तथा छलफल (Seminar), विद्युतीय माध्यमबाट छलफल (Webinar), समसामयिक विषयहरूमा सम्मेलन (Conference), राम्रा अभ्यास भएका विद्यालयहरूको अवलोकन भ्रमण (Observational Visit), तालिमका विषयवस्तुमा सहभागीबाटै तयारी र प्रस्तुति, विद्यालयका सबै शिक्षकहरूलाई शिक्षक तालिमको अवसर एवं साना परियोजना (Mini Project) जस्ता पद्धतिहरू अपनाउँदा उपयुक्त हुने देखिएको छ । शिक्षक तालिममा विविध पद्धति प्रयोग गर्नाले शिक्षकमा क्षमता बढ्नुका साथै त्यस्ता शिक्षकहरूबाट कक्षा कार्यकलापहरूमा पनि विविधताको अपेक्षा गर्न सकिन्छ । यसले बालबालिकाहरूको सिकाइउपलब्धि बृद्धि हुनेमा विश्वास गर्न सकिन्छ ।

## तालिम प्रदायक संस्थाको सङ्गठनात्मक सक्षमता अभिवृद्धि गर्ने तालिमहरुको खाँचो
## (Need of Training for Organizational Capacity Enhancement)

तालिम प्रदायक संस्थाहरूको सङ्गठनात्मक सक्षमता बढाउनका लागि तालिमको आवश्यकता पर्ने कुरा अनुसन्धानले पुष्टि गरेको छ । खास गरी तालिम विकास (Training Development), कार्यस्थलमा तालिम (On the Job Training), तालिम ढाँचा निर्माण (Training Design) र प्रस्तुति शैली विकास (Delivery Skills) का लागि तालिमको खाँचो पर्ने कुरा अनुसन्धान प्रतिवेदनहरूमा औंल्याइएको छ (Khan, Khan & Khan, 2011) । तालिम ढाँचा, कार्यस्थलमा तालिम र प्रस्तुति शैली तालिम विकासका प्रमुख अङ्गहरू हुन् । यदि कुनै संस्थामा उल्लिखित पक्षहरूको सही संयोजनबाट तालिम विकास कार्यलाई प्राथमिकता दिइएको छ भने उक्त संस्थाको कार्य सम्पादन क्षमता बृद्धि हुने कुरामा निश्चितता रहेको अनुसन्धानको दावा छ । नेपालमा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना २०७३-२०७९ ले पनि संस्थागत क्षमता विकासको कुरालाई महत्वका साथ उठाएको छ । माथि उल्लेख गरिएका अनुसन्धानमा आधारित तथ्यहरूले शिक्षक तालिमका क्षेत्रमा काम गर्ने निकायहरूलाई अबका दिनमा कसरी अगाडि बढ्ने भन्ने बारेमा धेरै मार्ग दर्शन गरेका छन् । शिक्षक तालिमले विद्यालयका सबै समस्याहरू समाधान गरिदिने होइन । यसले त शिक्षकहरूलाई समस्याको पहिचान र समाधानका उपायहरू खोजी गरेर अगाडि बढ्नका लागि प्रेरणा प्रदान गर्ने हो ।

# ५. कार्यशालाबाट प्राप्त सूचनाहरूको प्रस्तुतीकरण, विश्लेषण र व्याख्या

विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थी, अध्यापन गराइरहेका शिक्षक, नेतृत्व गरिरहेका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घका पदाधिकारी, अभिभावक, स्थानीय सरकारका जनप्रतिनिधि, स्थानीय सरकारका शिक्षा अधिकारी, जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख, शिक्षाविद्, शिक्षकहरूका लागि तालिम दिइरहेका संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको कार्यशालामा सहभागीहरूलाई विभिन्न सातओटा समूहमा विभाजन गरी समूह छलफलबाट प्राप्त सूचनाहरूलाई आधार मानेर कार्यमूलक अनुसन्धानका लागि तय गरिएका उद्देश्यहरूलाई मुख्य आधार मानी यस खण्डमा विश्लेषण र व्याख्या गर्ने प्रयास गरिएको छ । कार्यक्रमका उद्देश्यहरू निम्नअनुसार रहेका थिएः विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू पहिचान गरी सिकाइउपलब्धि वृद्धिका उपयुक्त उपायहरू खोजी गर्नु, शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता मूल्याङ्कन गर्नु, शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउने उपायहरूको खोजी गर्नु र परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रियाका बारेमा वस्तुगत सुझाव प्रदान गर्नु

## ५.१ विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरु र सुधारका उपायहरु

विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू र सुधारका उपायहरूका सम्बन्धमा सहभागी सरोकारवाला समूहको धारणा आ आफ्नै किसिमका थिए । कार्यशालामा सहभागी अधिकांश विद्यार्थीहरूले कक्षा कोठामा शिक्षक र विद्यार्थीहरूको बीचमा दोहोरो छलफलको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापहरू हुन नसकेका कारण सिकाइ उपलब्धि न्यून रहेको तर्क थियो । यस सम्बन्धमा एक सहभागी विद्यार्थीले भने :

*"शिक्षकहरुले हामीहरुलाई आराम नै नदिई जुनसुकै समयमा पनि केबल सुन्न मात्र बाध्य गराउनुहुन्छ । एकोहोरो केवल शिक्षकका कुरा सुन्न हामीलाई पट्यार लाग्छ अनि स्वभावैले कक्षामा हल्ला हुन थाल्छ, पढाउन खोजेको कुरो बुझ्दिैन र नबुझेपछि परीक्षामा राम्ररी लेख्न सकिन्न अनि नतिजा मात्र कसरी राम्रो आउँछ र ?"*

यस अभिव्यक्तिबाट प्रष्ट हुन्छ कि विद्यार्थीहरू अन्तरक्रियात्मक कक्षा चाहन्छन् । केबल शिक्षकका कुरा मात्र सुनिरहनु पर्दा विद्यार्थीको रूचिअनुसारका क्रियाकलाप हुन नसकिराखेको गुनासो विद्यार्थीहरूको अभिव्यक्तिबाट प्रष्ट हुन्थ्यो । छलफलका क्रममा उनीहरूले  विद्यार्थीले जानेका कुराहरू उनीहरूलाई नै भन्न दिने, हरेक समय हौसला प्रदान गरिरहने, केही बोल्न, केही गर्न, केही सिक्न

उत्साहित गरिरहने हो भने सिकाइ उपलब्धि बढ्ने कुरामा सङ्का नरहेको कुरा अभिव्यक्त गरे । अधिकांश विद्यार्थीहरूले गरेर सिक्न नपाएको धारणा छलफलका क्रममा राखे । यस क्रममा अर्का सहभागी विद्यार्थीले भने

*"शिक्षकले केवल किताबमा लेखिदिएको कुरा पढिदिनु हुन्छ र "बुझ्यौ" भनेर सोध्नुहुन्छ । कुरा बुझिएको हुँदैन, केही साथीहरूले बुझ्यौ सर, बुझ्यौ मिस भनेर कराउँछन् अनि नबुझेका साथीहरू पनि सोही लहै लहैमा लाग्छन् र कक्षा सकिन्छ । यसरी बुझ्यौं भन्ने कि बुझेनौ भन्ने दोधारमा परेरै धेरै जसो समय बित्छ । विषयवस्तुको प्रकृतिका आधारमा अनुभव गरेर सिक्न पाउने वातावरणको सिर्जना हरेक विषयमा हुन सके बुझेर पढ्न पाइन्थ्यो अनि परीक्षाहरूमा पनि राम्रो गरिन्थ्यो होला ।"*

विद्यार्थीको यस अभिव्यक्तिले हाम्रा विद्यालयहरूमा शिक्षकहरू तयारी विना नै शिक्षण गर्छन् जसले विद्यार्थीको सिकाइउपलब्धि बढाउन मद्दत गर्न नसकेको सङ्केत गरेको छ । कक्षा कार्यकलापमा गरेर सिक्न सम्भव भएका विषयवस्तुहरूमा शिक्षकले सकभर प्रयोगात्मक अभ्यासका माध्यमबाट, अवलोकनका माध्यमबाट, अनुभवको माध्यमबाट र कतिपय कुराहरू महशुस गर्ने अवस्थाको सिर्जना गरेर सिकाउन सके प्रभावकारी हुने कुराको सङ्केत गर्दछ । छलफलका क्रममा विद्यार्थीहरूले विद्यालयमा ल्याप टप, कम्प्युटरहरू यथेष्ठ मात्रामा नभए पनि भएका ल्यापटप, कम्प्युटरहरूको प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलापहरू हुन नसकेको गुनासो गरे । विज्ञान, अंग्रेजी, गणित जस्ता विषयहरूमा प्रसस्त श्रब्य दृश्य सामग्री हुन्छन् भन्ने सुनेको तर प्रयोग गरिएको नपाइएकाले प्रयोग गरेर पढ्ने र सिक्ने अवसर प्राप्त गरे सिकाइ उपलब्धि बढ्न सक्ने धारणा विद्यार्थीहरूको थियो ।

यसै क्रममा विद्यार्थीहरूले शिक्षक र विद्यार्थीबीचको सुमधुर सम्बन्ध बन्न नसकेका कारण पनि प्रभावकारी सिकाइ हुन नसकिरहेको धारणा राखे । यस शिलशिलामा एक विद्यार्थीले भनेः

*" धेरै जसो शिक्षकहरू विद्यार्थीहरूलाई मायाभन्दा पनि गाली गर्ने गर्नुहुन्छ । विद्यार्थीहरूलाई के अप्ठेरो परेको छ कि भन्ने कुरा नबुझी हप्काउने, गाली गर्ने गर्नुहुन्छ । कक्षामा नजान्ने विद्यार्थिहरूलाई त्यति वास्ता गर्नुहुन्न । हामी अनुशासनमा बस्न पनि तयार छौं । सम्झाइ बुझाइ गरे सबै नै अनुशासनमा बस्छन् तर शिक्षकहरू हामीहरूले चुपचाप सबै कुरा मानेर केबल पढाएको कुरा सुनिदिए हुन्थ्यो भन्ने मात्र ठान्नुहुन्छ तर त्यसो गर्न सबै विद्यार्थी तयार हुँदैनन् अनि तपाईं आफै भन्नुहोस त कसरी प्रभावकारी सिकाइ हुन्छ ?"*

विद्यार्थीको उल्लिखित भनाइले के प्रष्ट पार्दछ भने अनुशासनमा बस्न नखोज्ने विद्यार्थीहरूका लागि सम्झाइ बुझाइ गर्ने, कमजोर विद्यार्थीहरूको आत्मविश्वास बढाउन मायालु वातावरण सिर्जना गर्ने, विद्यार्थीका व्यक्तिगत तथा शैक्षिक समस्याहरू बुझ्ने, सल्लाह तथा परामर्श प्रदान गर्ने जस्ता क्रियाकलाप गर्ने सके शिक्षक विद्यार्थीबीच असल सम्बन्ध स्थापित भई शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सहयोग गर्दछ र सिकाइ उपलब्धि बढ्न सक्छ । विद्यार्थीको माथिको भनाइले शिक्षक विद्यार्थीबीचको सम्बन्ध

कमजोर भएको र उपचारात्मक शिक्षणको अवस्था पनि कमजोर भएको कुरा उठाएको देखिन्छ । छलफलका क्रममा विद्यार्थीहरूले किताबका कुराहरू कण्ठ गरेर धेरै अङ्क ल्याउनमा मात्र जोड गर्नुको सट्टा समाजका लागि आवश्यक व्यवहारिक ज्ञान तथा सीप हासिल गर्न चाहेको कुरा बताए । समाजका आवश्यकताहरू बुझ्ने, सबैसँग राम्रो सम्बन्ध स्थापना गर्न सक्ने, आवश्यक परेका समयमा आफ्ना कुराहरू सबैसँग प्रष्ट रूपमा राख्न सक्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याउन सघाउने शिक्षकको आफूहरूले अपेक्षा गरेको कुरा छलफलका क्रममा बताए । उनीहरूले आफूहरूकै प्रयासबाट धैरै कुराहरू सिक्न सक्ने क्षमता विकास गर्न सके आफ्नो सिकाइ प्रभावकारी हुने बताए ।

यस सम्बन्धमा शिक्षक समूहको पनि आफ्नै तर्कहरू थिए । कतिपय पक्षहरूमा विद्यार्थीले उठाएका सवालहरूमा शिक्षकहरूको अभिव्यक्तिको सामञ्जस्यता भेटिन्छ । शिक्षकहरू विद्यार्थीहरूको न्यून सिकाइ उपलब्धिको कारण योजनाबद्ध शिक्षणको अभावलाई मान्नुहुन्छ । पाठगत सिकाइ उपलब्धि किटान गरी अन्तरक्रियात्मक क्रियाकलापहरूका माध्यमबाट शिक्षण सिकाइ अघि बढाउन नसकेका कारणहरूले पनि न्युन सिकाइ उपलब्धि हुने गरेको अनुभव शिक्षकहरूको रह्यो । शैक्षणिक योजना निर्माण गर्ने क्रममा विद्यार्थीका विविधतालाई बुझेर सिकाइ क्रियाकलाप र शैक्षिक सामग्रीहरू तयार गरेर मात्र कक्षा कार्यकलाप सञ्चालन गर्नु पर्ने धारणा शिक्षहरूले राखे ।

छलफलका क्रममा धेरै जसो शिक्षकहरूले विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुका पछाडि शिक्षकको पेशागत इमान्दारिताले ठूलो भूमिका खेलेको कुरा बताए । विशेष गरी शिक्षकहरू समयमा विद्यालय नआउने, कक्षा कोठामा समयमा नपुग्ने, कक्षाबाट समयभन्दा पहिल्यै फर्कने, कक्षामा सिर्जनात्मक क्रियाकलापहरू कम गराउने धारणा पनि शिक्षकहरूले राखेको पाइयो । यसका साथै विद्यालयमा "टिम" को रूपमा भन्दा पनि विभिन्न "ग्रुप" का रूपमा विभाजित हुने, शैक्षणिक योजनाहरू नबनाउने, बनाइएका योजनाहरू पनि उचित कार्यान्वयन नगर्ने आदि जस्ता समस्याहरू आफूहरू बीचमा नै रहेको धारणा उनीहरूको थियो । यी र यस्तै समस्याहरूका समाधान गर्न अधिकांश प्रधानाध्यपकहरूले प्रभावकारी रूपमा नेतृत्व गर्न नसकेका कारण शिक्षकहरूका शिक्षणसिकाइ क्रियाकलापहरू प्रभावकारी हुन नसकी विद्यार्थीको सिकाइउपलब्धि सन्तोषजनक हुन नसकेको धारणा शिक्षकहरूले राखे ।

विद्यार्थीको सिकाइउपलब्धि सन्तोषजनक हुन नसक्नुका कारण अभिभावकको निष्क्रियतालाई छलफलका अधिकांश सहभागीहरूले औंल्याए । अधिकांश सहभागी शिक्षकहरूले बालबालिकाको पढाइप्रति अभिभावकको ध्यान कम भएका कारण सिकाइ उपलब्धि न्युन हुने गरेको धारणा थियो । विद्यालयले बोलाएका बेला अभिभावकहरू विद्यालयमा उपस्थित नभइदिने कारणले अभिभावक सचेतनाका प्रयासहरू असफल भइरहेको तर्क शिक्षकहरूको थियो ।

विद्यार्थीहरू विद्यालयमा अनियमित हुने गरेका र अभिभावकको यस पक्षप्रति ध्यान कम जाने

कारणले समस्या सिर्जना भएको धारणा शिक्षकहरूले राखे । छलफलमा सहभागी शिक्षकहरूले विद्यालयमा राम्रो गर्ने वा नराम्रो गर्ने शिक्षकलाई विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति लगायत अन्य माथिल्ला निकायहरूको हेर्ने दृष्टिकोण फरक नभएका कारण शिक्षणसिकाइ प्रभावकारी हुन नसककेको धारणा राखे । यस सम्बन्धमा एक शिक्षकले भने :

*"परिश्रम र इमान्दारिताका साथ काम गर्ने शिक्षकहरू निरुत्साहित छन् । तालिममा जाने समयमा पनि सकभर विद्यालयमा बसेर पढाउन नपरे हुन्थ्यो भन्ने शिक्षकहरू कै जोस जाँगर बढी देखिन्छ । तालिमबाट फर्केपछि पनि तालिममा सिकेका कुरा कक्षा कोठामा पुऱ्याउँदैनन् । तालिममा जाउँ, केही सिकौं, राम्रो गरौ भन्ने शिक्षकले तालिमको अवसर नै पाउँदैनन् । जसका कारण विद्यालयमा शिक्षण सिकाइ प्रभावकारी बन्न नसकी सिकाइ उपलब्धि सन्तोषजनक हुन नसकेको हो ।"*

अधिकांश शिक्षकहरूले आफ्ना विद्यालयमा सूचना प्रविधिको यथेष्ठ पूर्वाधार नभएको धारणा अघि सारे । केही विद्यालयहरूमा सूचना प्रविधिका साधनहरूको पूर्वाधार हुँदा हुँदै पनि शिक्षकहरूमा सूचना प्रविधिका साधनहरू प्रयोग नगर्नु, अध्यापन सामग्रीहरू खोजी गर्ने एवं आफैं तयार गर्ने सीप अभावका कारण सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापहरू प्रविधि मैत्री हुन नसकेका र फलस्वरूप २१ औं सताब्दीका सिकारूको मन जित्न नसकेका कारण सिकाइ उपलब्धिमा सन्तोषजनक उपलब्धि हासिल हुन नसकिराखेको धारणा शिक्षकहरूको रह्यो । अधिकांश प्रधानाध्यापकहरूले न्यून सिकाइ उपलब्धिका पछाडि शिक्षकले राम्रोसँग नपढाउने, विद्यार्थीको पढाइमा ध्यान नहुने, अभिभावकहरूले आफ्ना बालबालबालिकाको सिकाइप्रति चासो कम दिने जस्ता कारणहरू जिम्मेवार रहेको बताए । विद्यालयको शैक्षिक वातावरणलाई राजनैतिक पक्षले प्रभाव पारेको, विद्यालय व्यवस्थापन समिति शिक्षण सिकाइ सुधार व्यवस्थापनमा लाग्न नसकेको जस्ता गुनासाहरू गर्दै बालमनोविज्ञानमा आधारित शिक्षण, गरेर सिक्ने वातावरण, सिकाइमा प्रविधिको प्रयोग जस्ता पक्षहरू कमजोर रहेकाले यी पक्षहरूमा सुधार नगरी सिकाइ उपलब्धि बृद्धि हुन नसक्ने धारणा सहभागी प्रधानाध्यापकहरूको थियो । निरन्तर विद्यार्थी मूल्याङ्कनको कमजोर प्रयोग, कार्यमूलक अनुसन्धानको अभाव, अक्षराङ्कन पद्धतिको गलत बुझाइ, जीवन उपयोगी शिक्षाको अभाव एवं व्यवसायिक र उत्पादनमुखी शिक्षा हुन नसक्नु पनि कमजोर सिकाइ उपलब्धिका कारणहरू रहेका प्रधानाध्यापकहरूको ठम्याइ थियो । उल्लिखित पक्षहरूमा सुधार ल्याउन सके मात्र सिकाइ उपलब्धि बढाउन सकिने उनीहरूको धारणा थियो । कार्यशालामा सहभागी प्रधानाध्यापकहरूले सकारात्मक, शैक्षणिक योजना बनाउन सक्ने, कुशल व्यबस्थापन गर्न सक्ने, दुरदर्शी, समर्पित, समन्वयकार्यमा निपुण एवं निस्वार्थी प्रधानाध्यापक व्यवस्थापन गर्न नसकिएका कारण समग्र विद्यालयको प्रभावकारी नेतृत्व सङ्कटमा भएकाले विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन कठिन भएको धारणा राखे ।

यस सम्बन्धमा एक प्रधानाध्यापकले भने ँकतिपय विद्यालयमा विद्यालयको स्तरअनुसार प्रधानाध्यापक नै छैनन् । तल्ला तहको दरबन्दीमा शिक्षकका रूपमा रहेका प्रधानाध्यापकलाई माथिल्लो तहका स्थायी शिक्षकले टेर्ने अवस्था छैन । अर्कातिर सम्बन्धित तहकै प्रधानाध्यापक हुँदा पनि प्रभावकारी नेतृत्व कौशल नहुँदा विद्यालय लथालिङ्ग छ । त्यसैले सिकाइ उपलब्धि बढाउन पहिलो त विद्यालय सही ढङ्गले चल्नु पर्‍यो अनिमात्र प्रभावकारी शिक्षण सिकाइ हुन सक्छ र सकाइ उपलब्धि बढ्छ ।

यसै सन्दर्भमा अर्का प्रधानाध्यापकले थपे :

*"कतिपय विद्यालयहरूमा तहगत र विषयगत शिक्षक दरबन्दी नै छैन । प्रस्तावित रुपमा रहेका कतिपय विद्यालयहरू सङ्कटमा चलिरहेका छन् । विषयगत योग्यता पुगेका शिक्षक राख्न स्रोतले नै भ्याउँदैन । तालिमका लागि शिक्षक पठाउँदा विद्यालयको दैनिक पठन पाठन धान्ने शिक्षक नै हुँदैनन् । यस्तो अवस्थामा सिकाइ उपलब्धि न्युन हुनु कुनै आश्चर्यको कुरै रहेन । अब समाधान कसरी खोज्ने होला आफैं विचार गरौं ।"*

उल्लिखित सन्दर्भलाई विश्लेषण गर्दा केबल शिक्षक तथा प्रधानाध्यापकहरूका लागि सञ्चालन हुने तालिमले मात्र सिकाइ उपलब्धि बढाउन सकिन्छ भन्ने कुरा सोच्नु गलत हुन जान्छ । यसका निम्ति विद्यालय व्यवस्थापनका अन्य सम्वेदनशील पक्षहरू जुन प्रधानाध्यापकहरूले आफ्ना भनाइहरू मार्फत अभिव्यक्ति दिनु भएको छ तिनको व्यवस्थापन पनि उत्तिकै जरूरी छ । जनप्रतिनिधि र शिक्षा हेर्ने स्थानीय अधिकारीहरूका अनुसार समुदायको कमजोर सहभागिता, शिक्षकको कार्यदक्षतामा कमी एवं जिम्मेवारी वोध नहुनु, विद्यार्थीको अनियमिता, निरन्तर मूल्याङ्कन प्रणालीको अप्रभावकारी प्रयोगको अभाव आदि न्युन सिकाइ उपलब्धिका कारणहरू हुन् । यसमा सुधारका लागि सबैको प्रतिबद्धता र प्रयासको खाँचो छ । यसलाई प्रभावकारी बनाउनका लागि प्रधानाध्यापकको प्रभावकारी शैक्षणिक र प्रशासकीय नेतृत्वको खाँचो रहेको सहभागीहरूको धारणा थियो । पुरस्कार र दण्डको प्रभावकारी प्रयोग, सिकाइ मैत्री विद्यालय वातावरणको निर्माण, वैयक्तिक भिन्नताका आधारमा शिक्षण, प्रभावकारी मूल्याङ्कन प्रणालीको विकास र प्रयोग, प्रभावकारी शिक्षक तयारी जस्ता कुराहरूले सिकाइ उपलब्धि बढाउन सहयोग पुऱ्याउँछ भन्ने कुरामा उहाँहरूको ठूलो विश्वास पाइयो । कार्यशालामा सहभागी विद्यालय व्यवस्थापन समितिका पदाधिकरीहरू एवं अभिभावकहरूका अनुसार विद्यार्थीको सिकाइ उपलब्धि न्यून हुनुमा शिक्षकहरू आफ्नो पेशाप्रति प्रतिवद्ध र समर्पित नहुनु, विना योजना पठनपाठन गर्नु, रचनात्मक शिक्षण पद्धति लागू नगर्नु, विद्यार्थीलाई पठनपाठनको अनुकूल वातावरण नहुनु, विव्यसले विद्यालयमा अनुकूल शैक्षिक वातावरण बनाउन नसक्नु, विद्यालयप्रति अभिभावकको चासो कमी हुनु जस्ता कारणहरू जिम्मेवार छन् । सिकाइ उपलब्धि बढाउनका लागि शिक्षकहरू कार्ययोजनासहित आफ्नो पेशाप्रति समर्पित हुनुपर्ने, रचनात्मक र सिर्जनात्मक शिक्षण पद्धति लागू गर्नुपर्ने, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सघं र अभिभावकलाई विद्यालयप्रति जिम्मेवार बनाएर उनीहरूलाई अनुगमन र निरीक्षण कार्यमा लगाउनुपर्ने

जस्ता सुझावहरू छलफलका क्रममा सहभागीहरूले व्यक्त गरे ।

शिक्षकको पढाउने तरिका विद्यार्थी मैत्री र रमाइलो नभएका कारणले विद्यार्थीको सिकाइ उपलब्धि न्यून भएको हो भन्ने सहभागीहरूको ठम्याइ थियो । उनीहरूका अनुसार अधिकांश शिक्षकहरू परम्परागत व्याख्यान र शिक्षक केन्द्रित विधि नै प्रयोग गर्छन् । उनीहरू प्रयोगात्मक विधिको प्रयोग र विद्यार्थीहरूलाई परियोजना कार्य दिएर सिकाउन जाँगर देखाउँदैनन् र कतिपय शिक्षकहरू सक्षम पनि छैनन् । यसरी विद्यार्थीको चाहना र शिक्षकले प्रयोग गर्ने शिक्षणविधिबीच तालमेल नभएकाले सिकाइमा समस्या आएको धारणा सहभागीहरूले अभिव्यक्त गरे । यी कुराहरूको व्यवस्थापन गर्न व्यवस्थापन समिति सक्षम नरहेको सहभगीहरूको निष्कर्ष थियो । यस सन्दर्भमा विद्यालय व्यवस्थापन समितिका एक पदाधिकारीको भनाइ यस्तो थियोः

*"म विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएको तीन वर्ष वित्यो । मैले आज यो कार्यशालामा भाग लिन आउनु भन्दा बाहेक अन्य कुनै पनि किसिमको तालिम पाएको छैन । शिक्षकहरू आफूलाई बढी पढेलेखेको ठान्दछन् र यसले के जानेको छ र भन्ने जस्तो गर्दछन् । यस कारण पनि हामीले विद्यालय व्यवस्थापन भने जस्तो गरी गर्न सकिराखेका छैनौ ।"*

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको उल्लिखित भनाइले प्रष्ट पार्दछ कि अव विद्यालयका शिक्षक एवं प्रधानाध्यापकको मात्र नभई विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक संघका पदाधिकारीहरू, विद्यालय सम्बद्ध कर्मचारीहरूका लागि समेत तालिमको खाँचो छ । यो खाँचो सम्बन्धित विद्यालयले पनि पूरा गर्न सक्छन् तर हाम्रो परिवेशमा विद्यालयले क्षमता विकासका यस्ता कार्यक्रमहरू सञ्चालन गरेका उदाहरणहरू विरलै पाउन सकिन्छ । त्यसैले यस्ता तालिम सञ्चालन गर्न पनि शिक्षक तालिम केन्द्रले नै नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ । विद्यालयका समग्र टिमको क्षमता बढाउन सके मात्र शिक्षण सिकाइलाई प्रभावकारी बनाई विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन सहयोग गर्न सकिन्छ । शिक्षकका लागि तालिम प्रदान गर्ने संस्थाका प्रतिनिधिहरूले विद्यार्थीको सिकाइ उपलब्धि न्युन हुनुको पछाडि आधुनिक शिक्षण प्रक्रियाद्वारा शिक्षण गर्न नसक्नुलाई जिम्मेवार ठाने । यसका साथै सहभागीहरूले विद्यालयमा कुशल नेतृत्वको कमी, तहगत एवं विषयगत शिक्षकको कमी, शिक्षण सिकाइ क्रियाकलापमुखी नहुनु, अवधारणामा आधारित शिक्षण सिकाइ नहुनु जस्ता समस्याहरू पनि राखे । उनीहरूले शिक्षणसिकाइ कार्यकलापमा पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई जोड दिनु , समयअनुसार शिक्षक परिस्कृत हुन नचाहनु, आफ्नो क्षमता अभिवृद्धि गर्न चासो नदेखाउनु, शिक्षकको मनोवल बढाउने खालका क्रियाकलापहरू हुन नसक्नु, शिक्षकको क्षमता अभिवृद्धिका सन्दर्भमा नीति नियममा कमजोरी रहनु, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कमजोर हुनु, विद्यार्थीरूको मूल्याङ्कन गर्न परम्परागत परीक्षा प्रणाली हुनु आदि न्युन सिकाइ उपलब्धिका कारणहरू भएको धारणा व्यक्त गरे । सहभागीहरूले अवधारणा सिकाइमा जोड दिनु, पाठ्यपुस्तक नभई विद्यार्थी पढाउन थाल्नु, शिक्षकसँग कार्य सम्पादन करार गरिनु र

त्यसैको आधारमा शिक्षकको मूल्याङ्कन गरिनु, तालिमलाई जति सक्दो प्रयोगात्मक बनाइनु, उत्कृष्ट नेतृत्वको छनौट गर्नु, शिक्षकको पेशागत विकास र शिक्षण सीप बढाउनु जस्ता सुझावहरू पनि राखे । साथै सहभागितात्मक तथा सहयोगात्मक सिकाइमा जोड दिनु, आधुनिक प्रविधिलाई शिक्षणसिकाइका लागि प्रयोगमा ल्याउन प्रेरित गर्नु, कार्यमूलक अनुसन्धान लगायत परियोजनामा आधारित शिक्षणसिकाइ कार्यकलाप सञ्चालन गरिनु जस्ता क्रियाकलापहरूको प्रभावकारी प्रयोगको माध्यमबाट सिकाइउपलब्धि बढाउन सकिने कुरामा जोड दिए । शिक्षकको शिक्षण शैली र विद्यार्थीको सिक्ने शैलीबीचको अन्तरका कारण विद्यार्थीको सिकाइ उपलब्धि न्युन भएको ठहर विज्ञहरूले गरे । यस सन्दर्भमा विज्ञहरूमध्येका एक सदस्यले भने :

*"विद्यार्थीहरू चल्न चटपटाउन थाल्छन्, शिक्षकहरू शान्त भएर बस भन्छन् । विद्यार्थीहरू प्रश्न गर्न खोज्छन्, शिक्षकहरू ध्यान दिएर सुन भन्छन् । विद्यार्थीहरू डुलेर/घुमेर सिकौं भन्छन्, शिक्षकहरू दिएको पाठ कण्ठ गर भन्छन् । विद्यार्थीहरू कम्प्युटर "क" भन्न खोज्छन्, शिक्षकहरू कलम "क" नै रटाइरहन्छन् । विद्यार्थीहरू रोवर्ट "र" मा पुगिसके शिक्षकहरू रथ "र" मा नै छन् । यसरी विद्यार्थीको परिवर्तनपङ्तिको चाहना र शिक्षकको यथास्थितिवादी सोचका कारण शिक्षण सिकाइ प्रभावकारी हुन सकेको छैन । सिकाइ उपलब्धि के लाई भन्ने कुरामा नै हामी अलमलिएका छौं । कक्षा पास गर्ने सिपलाई र परीक्षामा पाएको अंकलाई भन्दा जीवन पास गर्ने कला र सिक्ने कसरी भनेर चिन्तन गर्ने क्षमतालाई सिकाइ उपलब्धि भन्ने हो कि ।"*

विज्ञ समूहका सहभागीहरूले शिक्षकहरूको परम्परागत सोच र पुराना शिक्षण कौशलले आजका फरक सामाजिक वातावरणमा हुर्कंदै गरेका बालबालिकाहरूको सिकाइ चाहना र तरिकाहरूबीच तालमेल हुन नसक्दा शिक्षण सिकाइ प्रभावकारी हुन नसकेको र परिणाम स्वरूप विद्यार्थीको सिकाइ उपलब्धि न्यून रहेको धारणा व्यक्त गरे । यसका लागि बदलिंदो सामाजिक परिवेशका बालबाललिकाहरूको आवश्यकता र रूचिलाई ध्यानमा राखी अध्यापन गर्न सक्ने शिक्षकको आवश्यकता रहेको कुरा उनीहरूले औंल्याए । सिकाइलाई जीवनसँग जोडेर लैजान सघाउ पुऱ्याउने क्रियाकलापहरू तयार गरी कक्षाकोठामा प्रयोग गर्नु पर्ने, परियोजनामा आधारित क्रियाकलापमा जोड दिनु पर्ने, सूचना प्रविधिलाई शिक्षण सिकाइमा अधिकतम प्रयोग गर्नु पर्ने जस्ता सुझावहरू विज्ञहरूले राखे । यदि यी कुराहरूमा ध्यान पुऱ्याउन सके सिकाइ उपलब्त्रि बढ्ने ठहर विज्ञहरूको थियो ।

## ५.२ शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिताको अवस्था

शिक्षा तालिम केन्द्रले प्रदान गर्दै आएका तालिमका सम्बन्धमा सहभागीहरूको मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । यस सन्दर्भमा शिक्षकहरूका लागि तालिम सञ्चालन हुनु राम्रो पक्ष हुँदा हुँदै पनि मागमा आधारित विषयगत सिप अभिबृद्धि गर्न सक्ने तालिम चलाउन नसकिएको, तालिमका विषयबस्तुहरू  बढी

भन्दा बढी सैद्धान्तिक भएको, तालिमले शिक्षकहरूमा सिर्जनात्मक क्षमता बढाउन खासै सहयोग गर्न नसकेको, सूचना र सञ्चार प्रविधिसँग सम्बन्धित सिप बढाउने क्रममा हालका दिनमा मात्र केही पहल थालिएको, सूचना प्रविधिका लागि आवश्यक पूर्वाधार तालिम केन्द्रमा नै नभएको, तालिमपछि सम्बन्धित निकासहरूसँगको समन्वयमा तालिमका सिपहरू कक्षा कोठामा पुगे नपुगेको सम्बन्धमा अनुगमन र पेशागत सहयोग गर्न नसकिएको, तालिम केन्द्रले आर्थिक बर्षको अन्तमा मात्र हतार हतार तालिम सञ्चालन गर्ने गरेको, शिक्षा तालिम केन्द्रले आफ्नो केन्द्रमा शिक्षकहरूलाई बोलाएर तालिम प्रदान गर्दा निर्वाह भत्ता समय सापेक्ष प्रदान गर्न नसकेको जस्ता पक्षहरू समस्या र चुनौतीका रूपमा औंल्याए । यसका साथै सहभागी शिक्षकहरूले तालिममा सहभागी छनौटको निष्पक्ष तथा तर्कसंगत तरिका नभएको पनि गुनासो गरे । यस सन्दर्भमा एक शिक्षकले भने :

*"प्राय विद्यालयमा बढी बस्न र पढाउन नरूचाउने, बाहिर बाहिर नै रमाउने, अलि बाहिरतिर पहुँच बढी भएका शिक्षक तथा प्रधानाध्यापकहरू तालिममा बढी सहभागी भएको महशुस भएको छ । त्यस्ता शिक्षक तथा प्रधानाध्यापकहरू एक त तालिम केन्द्रमा चलिरहेको तालिममा पनि पुरा समय बस्दैनन् र बसिहाले पनि सिकेका ज्ञान तथा सिपलाई विद्यालय सम्म पुऱ्याएर परिवर्तनलाई सघाउ पुऱ्याउँदैनन् । यस पक्षमा तालिम केन्द्र चनाखो हुनु पर्ने देखिन्छ ।"*

शिक्षकको उल्लिखित अभिव्यक्तिको सत्यताप्रति अत्यन्त सम्बेदनशील भई आफ्ना तर्फबाट भएका क्रियाकलापहरूको प्रतिबिम्वन गरेर आगामी दिनमा थप सजग र सचेत भई अघि बढ्नु पर्ने खाँचो तालिम केन्द्रले महशुस गर्नु पर्ने देखिन्छ । तालिम केन्द्रको भूमिकाका सम्बन्धमा सहभागी प्रधानाध्यापकहरूको विचार पनि शिक्षकहरूकै विचारसँग नजिक रहेको पाइयो । सहभागी प्रधानाध्यापकहरूले आवश्यकताका आधारमा प्रशिक्षार्थीहरूको छनौट तालिम केन्द्रले गर्न नसकेकोमा चिन्ता व्यक्त गरे । उनीहरूले तालिममा सहभागी सङ्ख्या पुऱ्याउने नाममा विभिन्न अनौपचारिक बाटाहरूको प्रयोग गरी सहभागी बोलाउनाले प्राय विद्यालयमा आउन नरूचाउने तथा बाह्य सम्पर्क बढी भएको व्यक्ति ताालिममा सहभागी हुने गरेको आरोप लगाए । शिक्षकहरू विद्यालयबाट तालिमका लागि आउने तर तालिममा पूरा अवधि सहभागी नहुने र पूरा समय नबस्ने गरेको गुनासो समेत प्रधानाध्यापकहरूले गरे । यसका साथै अधिकांश प्रशिक्षकहरूले प्राविधिक रूपमा शिक्षणमा अनुभव नहुँदा सैद्धान्तिक प्रस्तुति मात्र गर्ने गरेको र त्यसले गर्दा शिक्षकको शिक्षण व्यवहारमा परिवर्तन आउन नसकेको धारणा समेत प्रधानाध्यापकहरूले राखे । तालिम विशिष्टिकरण हुन नसकेको भन्ने गुनासो पनि उनीहरूको थियो । यसका साथै छलफलका क्रममा सहभागीहरूले तालिम सामान्यतया औसत रूपमा चले पनि अनुगमन र पेशागत सहयोगको अभ्यास नहुँदा तालिममा सिकेका ज्ञान र सीपहरू कक्षा कोठासम्म प्रभावकारी रूपमा पुग्न नसकेको धारणा राखे । अनुगमन र पेशागत सहयोगका सन्दर्भमा विद्यालय र स्थानीयस्तरमा भएका राम्रा अभ्यासहरूका बारेमा भने सहभागीहरू मौन रहेको देखियो । आधारभूत तहको तालिममा सबै विषयका शिक्षकलाई एकै ठाउँमा

राखेर तालिम दिंदा त्यति लाभदायक नभएको, तालिम केन्द्रमा प्रयोगात्मक रूपमा तालिम सञ्चालन हुन नसकेको, कतिपय विषयवस्तुमा प्रशिक्षकहरू अल्मलिएको जस्ता गुनासहरू पनि सहभागीहरूले राखेका थिए ।

तालिम केन्द्रको प्रभावकारिताका सन्दर्भमा विद्यालय व्यवस्थापन पक्षका सहभागीहरूले आधुनिक भौतिक र शैक्षिक सुविधासम्पन्न, शिक्षाका सरोकारवालाहरूका लागि तालिम दिन उपयुक्त वातावरण भएको र आवश्यक मात्रामा विषय विज्ञहरूको समूह भएको तालिम केन्द्र आजको आवश्यकता भएको कुरा बताए । विद्यालय विकास र विद्यार्थीहरूको सिकाइउपलब्धि वृद्धिका दृष्टिले तालिम केन्द्रहरूबाट हाल प्रदान गरिंदै आएको तालिम कम प्रभावकारी  भएको तर्क सहभागीहरूको थियो । हालसम्म प्रदान गरिएका तालिमहरूले शिक्षकको वैयक्तिक विवरण बढाउन र शिक्षक बढुवाका लागि मात्र काम गरेका जस्तो महशुस गरिएको अभिव्यक्ति सहभागीहरूको थियो । यसका अतिरिक्त तालिम केन्द्रले विद्यालय शिक्षाका अन्य सरोकारवालाहरू जस्तै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय कर्मचारी आदिलाई प्रभावकारी रूपमा समेट्न नसकेको धारणा व्यक्त गरे ।

कार्यशालामा सहभागी जनप्रतिनिधि र शिक्षा हेर्ने स्थानीय अधिकारीहरूका अनुसार नजानेका भन्दा पनि गर्न नचाहने शिक्षकहरूको जमात ठूलो भएकाले सबैभन्दा ठूलो कुरा तिनको अभिवृत्तिमा परिवर्तन ल्याउने गरी प्रभावकारी तालिम सञ्चालनमा तालिम केन्द्रको थप प्रयासको खाँचो रहेको धारणा व्यक्त गरे । उनीहरूलाई केवल तालिमका लागि तालिम दिनुभन्दा पनि कार्यथलोमा नै व्यवहार परिवर्तन हुने गरी सिकाउँदै सिक्दै गर्ने वातावरणको सिर्जना गर्नु पर्ने तर त्यसो हुन नसकिराखेको धारणा सहभागीहरूले व्यक्त गरे ।

तालिम केन्द्रले प्रदान गर्दै आएका तालिमहरूको प्रभावकारिताका सन्दर्भमा शिक्षासम्बन्धी तालिम प्रदान गर्दै आएका अन्य तालिम प्रदायक संघ संस्थाका प्रतिनिधिहरूले विषयगत रूपमा नयाँ शिक्षण सिकाइका प्रक्रियायुक्त तालिम, सामग्री निर्माण, विकास र प्रयोगसम्बन्धी तालिम, शिक्षणसिकाइमा सूचना प्रविधिलाई बढावा दिने तालिम, अनुसन्धान सीप हासिल गराउने तालिम, परियोजनामा आधारित शिक्षण सीप बढाउने तालिमको आवश्यकता महशुस भएको धारणा व्यक्त गरे । विज्ञहरूले तालिम दिनु भनेको सैद्धान्तिक पक्षलाई प्राथमिकता दिई धेरै पढ्न, लेख्न दिनुभन्दा पनि असल अभ्यासहरूको अनुभव आदानप्रदान गरी साझेदारीको वातावरण सिर्जना गर्नु पर्नेमा जोड दिए । विभिन्न विद्यालयमा विभिन्न शिक्षकहरूले शिक्षण सिकाइका क्रममा गरेका असल एवं अनुकरणीय अभ्यासहरूको अनुभव आदानप्रदान र साझेदारी गर्ने वातावरण तालिमका क्रममा सिर्जना गर्न सके सहभागी शिक्षक तथा प्रधानाध्यापकहरूले असल अभ्यासहरूको सङ्गालो आफ्ना विद्यालयहरूमा पुऱ्याई उचित सिकाइ वातावरण मार्फत सिकाइ उपलब्धि बढाउन सक्ने कुरामा विश्वास गर्न सकिन्छ । यस किसिमका तालिमहरू सञ्चालनमा तालिम

केन्द्रले थप परिश्रम गर्नु पर्ने धारणा विज्ञहरूले राखे । यस सन्दर्भमा विज्ञ समूहका एक सहभागीले भने :

*"नेपालमा विभिन्न समयमा भएका तालिमको प्रभावकारितासम्बन्धी अध्ययनहरूले शिक्षक तालिमको प्रभावकारिता औसत रहेको निष्कर्ष निकालेका छन् । तालिम क्षेत्रमा गरिएको लगानीको अनुपातमा त्यसको नतिजा कमजोर रहेको छ । मुख्य समस्या भनेको तालिमको प्रभाव कक्षा कोठासम्म पुगेको छैन ।"*

उल्लिखित अभिव्यक्तिबाट प्रष्ट हुन्छ कि आजको आवश्यकता भनेको कक्षा कोठासम्म पुग्न सक्ने तालिम संस्कार र व्यवहार निर्माण गर्न सक्नु हो । माथिको भनाइले तालिम प्राप्त गरेका शिक्षकहरूका लागि तालिमपछिको शिक्षणसिकाइ कार्यकलापको अनुगमन र पेशागत सहयोग कमजोर भएको कुराको पनि सङ्केत गरेको हुँदा यसतर्फ पनि शिक्षा तालिम केन्द्रले ध्यान दिनुपर्ने देखिएको छ ।

## ५.३ तालिम कार्यक्रमलाई थप प्रभावकारी बनाउने उपायहरु

तालिम कार्यक्रमलाई थप प्रभावकारी बनाउने उपायहरूका सम्बन्धमा कार्यशालाका सहभागीहरूले प्रसस्तै सुझावहरू प्रदान गरेका छन् । यस सम्बन्धमा छलफलमा सहभागी शिक्षकहरूले मागमा आधारित विषयगत सीप अभिबृद्धि गर्न सक्ने तालिमको खाँचो रहेको धारणा राखे । तालिमका विषयवस्तुहरू सैद्धान्तिक मात्र नभई प्रयोगात्मक हुनुपर्ने, तालिमले शिक्षकहरूमा सिर्जनात्मक क्षमता बढाउन सहयोग गर्नुपर्ने, सूचना प्रविधिहरूको प्रयोग गर्ने सिप बढाउन सहयोग गर्नु पर्ने, अनलाइन पहुँच भएका शिक्षकहरूलाई अनलाइनमा आधारित तालिम दिने व्यवस्था भएमा विद्यार्थीहरूको पठनपाठनमा बाधा नपरी निरन्तरता दिन सकिने, तालिमपछि सम्बन्धित निकायहरूसँगको समन्वयमा तालिममा सिकेका सिपहरू कक्षा कोठामा पुगे नपुगेको अनुगमन गर्नु पर्ने, अनुभवी तथा दक्ष प्रशिक्षकहरू प्रयोग गरिनु पर्ने जस्ता पक्षहरूमा शिक्षकहरूले जोड दिए । यसका अतिरिक्त तालिम केन्द्रले आर्थिक वर्षको अन्तमा हतार हतार तालिम सम्पन्न नगरी समयमै योजना बनाएर तालिमलाई प्रभावकारी ढङ्गबाट सम्पन्न गर्नु पर्ने सुझावहरू शिक्षकहरूले दिनुभएको थियो । शिक्षा तालिम केन्द्रले आफ्नो केन्द्रमा शिक्षकहरूलाई बोलाएर तालिम प्रदान गर्दा निर्वाह भत्ता समय सापेक्ष बृद्धि गर्नु पर्ने धारणा पनि शिक्षकहरूले राख्नुभएको थियो । यसैगरी, तालिम कार्यक्रमलाई थप प्रभावकारी बनाउने उपायहरूका सम्बन्धमा कार्यशालाका सहभागी प्रधानाध्यापकहरूले आधुनिक प्रविधिको क्षेत्रमा क्षमता अभिबृद्धि गर्ने, प्रशासनिक क्षमता अभिवृद्धि गर्ने लगायत लेखा व्यबस्थापन, नवीनतम शिक्षण प्रविधि, सिकाइ सिद्धान्त र शैलीहरूको अध्यावधिकता, कानुनी साक्षरता जस्ता क्षेत्रहरूमा प्रधानाध्यापकहरूलाई प्रशिक्षित गर्नु पर्ने धारणा अभिव्यक्त गरे । यी तालिमहरू शिक्षकका लागि समेत उत्तिकै आवश्यकता हुने कुरो पनि उनीहरूले औंल्याए ।

शिक्षासँग विशेष सरोकार राख्ने जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तहहरूसँग समन्वय गरेर विद्यालयका प्र.अ. लाई जिम्मेवार बनाई उसको सिफारिसका आधारमा

मात्र तालिमका सहभागी छान्नु पर्ने आवश्यकताको खाँचो प्रधानाध्यापकहरूले औंल्याउनुभयो । यसका अतिरिक्त शिक्षा तालिम केन्द्रका तल्ला संरचनाहरू समेत हुनुपर्ने, तालिमकेन्द्र आफैं अत्याधुनिक हुनुपर्ने (बसाइ व्यबस्थापन, सूचना प्रविधिमैत्री हलहरू, सबल र बास्तविक रूपमै प्राविधिक र दक्ष प्रशिक्षकहरू), तालिम अनुसन्धानमा आधारित र सिर्जनात्मक हुनु पर्ने कुरामा पनि प्रधानाध्यापकहरूको जोड थियो । तालिम मागमा आधारित हुनु पर्ने, तालिमको व्यवस्था विषयवस्तु केन्द्रित हुनु पर्ने, तालिमपछिको अनुगमन र पेशागत सहयोग प्रभावकारी हुनु पर्ने र समयसापेक्ष निवाई भत्ता प्रदान गर्नु पर्ने कुरामा समेत प्रधानाध्यापकहरूले जोड दिए ।

यसका साथै प्रत्येक विद्यालय र तालिम केन्द्रहरूलाई जोड्ने सूचना प्रविधि सञ्जाल निर्माण गर्नुपर्ने (विषयगत र प्रशासनिक रूपमै), विशेष रूपमा स्थानीय सरकार वा स्थानीय शिक्षा शाखासँग प्रत्यक्ष सम्पर्कमा रहेर मात्र तालिमका लागि सहभागी शिक्षक छनौट गर्नुपर्ने, एक नगरपालिका एक तालिम हवको व्यबस्था गर्नुपर्ने, अनुगमन संयन्त्र निर्माण गरी परिचालन गर्नुपर्ने, प्रधानाध्यापकलाई तालिम अनुगमनका लागि जिम्मेवार बनाउनु पर्ने कुराहरूमा समेत प्रधानाध्यापकहरूले निक्कै चिन्ता व्यक्त गरे । तालिम केन्द्रले वि.व्य.स., अभिभावक शिक्षक संघ, प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी, जनप्रतिनिधि लगायत अभिभावकहरूका लागि समेत तालिमका प्याकेजहरू तयार गर्नु पर्ने धारणा प्रधानाध्यापकहरूको थियो । जनप्रतिनिधि र शिक्षा हेर्ने स्थानीय अधिकारीहरूका अनुसार तालिम लिनका लागि तालिम केन्द्र नै धाउनु पर्ने अवस्थाको अन्त्य गर्न तालिमका लागि स्थानीय सरकारलाई जिम्मेवार बनाउनु पर्ने धारणा उनीहरूको थियो । प्रदेशले तालिम प्रमाणीकरण गर्नुपर्ने कामहरू गरी सामान्य तालिम दिने कार्य स्थानीय सरकारको जिम्मेवारीमा हुनु पर्नेमा सहभागीहरूको जोड थियो ।

प्रभावकारी रूपमा तालिम सञ्चालन, सुपरीवेक्षण एवं अनुगमन कार्यका लागि स्थानीय तहमा आवश्यक जनशक्ति विकास गर्न आवश्यक रहेको सहभागीहरूले औल्याए । यसका अतिरिक्त स्थानीय तहमा तालिम सञ्चालन गर्नका लागि आवश्यक भौतिक पूर्वाधारहरू जस्तै तालिम कक्ष, उपकरण, सूचना प्रविधि पूर्वाधार आदिको विकास गर्नु पर्ने कुरामा सहभागीहरूले जोड दिए । यस्ता अभिव्यक्तिले तत्काल स्थानीय सरकार पनि शिक्षक तालिम दिनसक्ने क्षमतामा छैन भन्ने झलक दियो ।

कार्यशालामा सहभागी जनप्रतिनिधि र शिक्षा हेर्ने स्थानीय अधिकारीहरूका अनुसार प्रभावकारी सिकाइका लागि विद्यालय-विद्यालयबीचको असल अनुभवहरूको साझेदारी गरेर, सफल विद्यालयहरूको भ्रमण गराएर, अन्तर पालिकाहरूको भ्रमण गराएर सिकाइ आदान प्रदान गर्न सकिने कुरामा जोड दिए । यसका अतिरिक्त सिकाइलाई प्रभावकारी बनाउनका लागि शिक्षक एवं प्रधानाध्यापकको तहमा कार्य सम्पादन करार गराएर समेत सिकाइ वातावरणमा सुधार गरी सिकाइ उपलब्धि बृद्धिमा सघाउ पुऱ्याउन सकिने धारणा सहभागीहरूको थियो ।

कार्यशालामा सहभागी विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू एवं अभिभावकहरूले मागमा आधारित, विषयकेन्द्रित साथै स्थानीय स्रोत र प्रविधिको संयोजन भएका तालिम परिवर्तित सन्दर्भमा शिक्षकका लागि आवश्यक भएको धारणा व्यक्त गरे । नेतृत्व र व्यक्तित्व विकास तालिम, विद्यालयको सर्वाङ्गीण व्यवस्थापकीय तालिम, सूचना प्रविधिसम्बन्धी तालिम, परामर्शसम्बन्धी तालिम, न्यायिक चेतना अभिबृद्धि गराउने तालिम लगायत समुदाय सम्बन्ध विस्तार गर्न सघाउने तालिमको खाँचो रहेको उनीहरूको ठहर थियो । यसै क्रममा उनीहरूले अहिलेको सन्दर्भमा सिकाइउपलब्धि वृद्धि गराउन शिक्षकले मात्र कार्य गरेर पुग्दैन र यसका लागि समुदाय, स्थानीय सरकार, सामाजिक संघ संस्था, सङ्घीय र प्रदेश सरकार, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घ, शिक्षाक्षेत्रमा काम गर्ने गैरसरकारी संघ संस्थाहरू र समुदायका आमाहरूको भूमिका समेत महत्वपूर्ण हुने भएकाले यसतर्फ विशेष ध्यान दिनु पर्ने कुरा सुझाए । यसका अतिरिक्त सबैभन्दा ठूलो कुरो शिक्षक तथा प्रधानाध्यापकहरूमा विद्यालयप्रतिको निष्ठा, इमान्दारिता एवं जवाफदेहीपन बढाउने खालका तालिमहरूको खाँचो महशुस भएको धारणा सहभागीहरूले राखे । विद्यालय व्यबस्थापन समितिलाई नेतृत्व क्षमता विकाससम्बन्धी, शैक्षिक नीति नियम थाहा पाउन, अनुकूल शैक्षिक वातावरण निर्माण, समुदाय सम्बन्ध विस्तार र कक्षाकोठाको अनुगमनसम्बन्धी तालिमको आवश्यकता रहेको सुझाव पनि सहभागीहरूको थियो ।

सहभागीहरूले विद्यालयका कक्षाकोठालाई नै तालिम हलका रूपमा विकास गर्नुपर्ने, तालिमकेन्द्रबाट निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग साथै विद्यालयलाई सिकाइकेन्द्रका रूपमा विकास गर्नु पर्ने, पर्याप्त विषय विज्ञको व्यवस्था गर्नु पर्ने, तालिमको प्रभावकारिता वृद्धिका लागि आधुनिक प्रविधिका सामग्रीको व्यवस्था गर्नु पर्ने, आवश्यक जनशक्तिको व्यवस्था गर्नु पर्ने, निरन्तर निरीक्षण र मूल्याङ्कनको कार्ययोजनासहित तालिम केन्द्र अघि बढ्नु पर्ने जस्ता कुराहरू सुझाए । यसका साथै शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ, स्थानीय सरकारका प्रतिनिधिका लागि नेतृत्व क्षमता विकाससम्बन्धी तालिमहरू सञ्चालन गर्नु पर्ने कुरामा सहभागीहरूको जोड रह्यो ।

शिक्षकका लागि तालिम प्रदान गर्ने संस्थाका प्रतिनिधिहरूले सिर्जनात्मक शिक्षक तथा दक्ष प्रधानाध्यापकको उत्पादन गर्न सक्ने तालिमको आवश्यकता महशुस गरे । सहभागीहरूले विषयगत रूपमा नयाँ शिक्षण सिकाइका प्रक्रियायुक्त तालिम, सामग्री निर्माण, विकास र प्रयोगसम्बन्धी तालिम, शिक्षणमा सूचना प्रविधिलाई बढावा दिने तालिम, अनुसन्धान सीप हासिल गराउने तालिम, परियोजनामा आधारित शिक्षण सीप बढाउने तालिमको आवश्यकता भएको धारणा व्यक्त गरे । यसका अतिरिक्त प्रविधिमा आधारित तालिम, सोचयुक्त सिकाइका लागि सोचयुक्त शिक्षण योजना निर्माण गर्न सक्ने तालिम, तत्काल शिक्षामा नयाँ परिवर्तन हुने विषय र एकिकृत पाठ्यक्रमका बारेमा शिक्षकलाई तयार पार्ने तालिमको खाँचो रहेको

सहभागीहरूले बताए । यसै गरी प्रधानाध्यापकका लागि नेतृत्व विकास तथा क्षमता विकास तालिम, शिक्षकको पेशागत विकासमा सघाउने खालका तालिम, विद्यालयलाई नयाँ सोचबाट अगाडि बढाउन सक्ने खालको तालिम (शैक्षिक, आर्थिक, भौतिक, व्यवस्थापकीय) शिक्षकलाई सहयोग गर्न सक्ने तालिम एकिकृत पाठ्यक्रमका बारेमा जानकारी गराउने प्रकृतिका तालिमको खाँचो रहेको सहभागीहरूले बताए ।
तालिम केन्द्रबाट प्रदान गरिदैआएको तालिमलाई थप प्रभावकारी बनाउन तालिम हव बढाउनु पर्ने, विद्यालयमा आधारित तालिमलाई बढावा दिनु पर्ने, प्रशिक्षकहरूका लागि पुनर्ताजगी तालिमको व्यवस्था गर्नु पर्ने, तालिम प्रदायक अन्य संस्थाहरूसँग समन्वय गरेर अघि बढ्नु पर्ने, सबै शिक्षकलाई प्रविधिसँग जोड्ने संयन्त्रको निर्माण गर्नु पर्ने, तालिम केन्द्रलाई प्रविधि मैत्री बनाउनु पर्ने सुझाव सहभागीहरूको थियो ।

यसै शिलशिलामा कार्यशालामा सहभागी विज्ञहरूले निश्चित ढाँचामा भन्दा सिर्जनात्मकता बढाउने किसिमको तालिम दिनु पर्ने, विद्यार्थीको सहभागिता बढाउने क्रियाकलाप (प्रश्न बनाउने, उत्तर परीक्षण गर्ने, पढ्ने, पढाउने) मा सहयोग पुऱ्याउने, व्यक्तिगत विभिन्नता पहिचान गरी सिकाइ सहजीकरण गर्ने लगायत सिकाइ नमुनाहरूको विकासमा सहयोग पुऱ्याउने प्रकृतिका तालिमहरूको व्यवस्थापन गर्नु पर्ने कुरामा सहभागीहरूले जोड दिए ।

विज्ञहरूले तालिम दिनु भनेको सैद्धान्तिक पक्षलाई प्राथमिकता दिई धेरै पढ्न, लेख्न दिनुभन्दा पनि असल अभ्यासहरू बारे अनुभव आदानप्रदान र साझेदारीको वातावरण सिर्जना गर्नु पर्नेमा जोड दिए । विभिन्न विद्यालयमा विभिन्न शिक्षकहरूले शिक्षण सिकाइका क्रममा गरेका असल एवं अनुकरणीय अभ्यासहरूको साझेदारी गर्ने वातावरण तालिमका क्रममा सिर्जना गर्न सके सहभागी शिक्षक तथा प्रधानाध्यापकहरूले असल अभ्यासहरूको संगालो आफ्ना विद्यालयहरूमा पुऱ्याई थप कार्यकलापहरू मार्फत सिकाइ उपलब्धि बढाउन सक्ने कुरामा विश्वास गर्न सकिन्छ भन्नेमा विज्ञहरूको जोड रह्यो ।

विज्ञहरूले हरेक विद्यालयमा निश्चित कक्षा, तह तथा विषयहरूसँग सम्बन्धित शिक्षकहरूको आपसी समन्वय एवं सहकार्यको वातावरण सिर्जना गर्न तालिमले सघाउ पुऱ्याउनु पर्ने कुरामा जोड दिए । तालिम लिई विद्यालय पुगेका शिक्षकहरूले आफूले तालिमका क्रममा सिकेका कुराहरू अन्य साथीहरूसँग साझेदारी गर्ने कार्य नभएका प्रमाणहरू देखिएकाले यस पक्षलाई सुधार गर्न तालिमले सघाउनु पर्ने कुरा सहभागीहरूले सुझाए । यस कार्यका लागि विद्यालयका प्रधानाध्यापकको ठूलो भूमिका हुने पनि उनीहरूको सङ्केत देखिन्थ्यो ।

तालिमका क्रममा सूचना प्रविधिलाई प्राथमिकता दिन शुरू गरिए तापनि सूचना प्रविधिसँग सम्बन्धित तालिमहरूमा केबल कम्प्युटर चलाउने सिप मात्र प्रदान नगरी शिक्षणसिकाइ क्रियाकलापहरूमा सूचना प्रविधिको प्रयोग कसरी गर्न सकिन्छ भन्ने कुराको जानकारी तथा आवश्यक सीप सहभागीहरूलाई प्रदान गर्नु पर्ने आवश्यकता रहेको कुरा सहभागीहरूले सुझाए । केबल शैक्षिक सामग्री भएन, अन्य स्रोत साधनको

अभाव रह्यो भन्ने जस्ता कुराहरू नगरी व्यवहारिक सीप हासिल गराउनका लागि स्वभाविक वातावरणलाई सिकाइमा कसरी उपभोग गर्न सकिन्छ भन्ने कुराको जानकारी तथा व्यवहारिक उदाहरणहरू तालिमका क्रममा सहभागीहरूलाई जानकारी गराउन सकेमा यसले समय सान्दर्भिक शिक्षणसिकाइ क्रियाकलापहरू निर्माण गरी शिक्षणलाई प्रभावकारी बनाउन सघाउ पुग्न सक्ने धारणा विज्ञहरूको थियो । उदाहरणका लागि, सम्बन्धित चाड पर्वका समयमा सोसम्बन्धी विषयवस्तुको अध्यापन गराउन सक्ने हो भने त्यसले सिकाइलाई प्रभावकारी बनाउने धारणा विज्ञहरूले राखे ।

प्रयोगात्मक रूपमा तालिमका क्रियाकलापहरू सम्पन्न गर्न आवश्यक विभिन्न विषयका प्रयोगशालाहरूको अवस्था तालिम केन्द्रमा सन्तोषजनक नभएकाले यसलाई विशेष ध्यानपूर्वक थप गर्नुपर्ने तथा आवश्यक सुधार गर्नु पर्ने कुरा विशेषज्ञहरूले सल्लाह दिए । तालिम प्रदान गर्ने प्रशिक्षकहरूको प्रभावकारी व्यवस्थापनका लागि योग्य एवं दक्ष तथा अनुभवी विषय शिक्षकहरूलाई उनीहरूले आफूले अध्यापन गराउँदै आएका विषयको आधिकारिक परीक्षाहरूमा हासिल गरेको उच्च सफलता समेतको आधार लिई छनौट गरेर प्रशिक्षकहरूको रोष्टर तालिम केन्द्रले तयार गर्नु पर्ने र उनीहरूलाई आवश्यक प्रशिक्षण प्रदान गरी तालिम प्रदान गर्ने कार्यमा प्रयोग गर्न सके उपलब्धिपूर्ण हुने राय विज्ञहरूले दिए । तालिमलाई प्रभावकारी बनाउन स्थानीय सरकारको वर्तमान सन्दर्भमा ठूलो भूमिका हुने हुँदा स्थानीय सरकारसँग समन्वय गरी तालिम कार्यक्रमलाई व्यवस्थित गर्नु पर्ने राय विज्ञहरूले दिए । उनीहरूले संघीय तहबाट तालिमका प्रभावकारी नीति नियम तर्जुमा गराई स्थानीय तहलाई कार्यान्वयन एकाइका रूपमा विकास गर्नु पर्ने धारणा राखे । यस क्रममा स्थानीय तहमा क्रियाशील शिक्षासँग सम्बन्धित संघ संस्थाहरलाई एकिकृत गरी शिक्षक महासंघ समेतको सहभागितामा तालिम कार्यलाई प्रभावकारी बनाउनु पर्ने धारणा विज्ञहरूले राखे ।

# ६. प्रमुख प्राप्तिहरू

कार्यशालामा सहभागी विभिन्न तहका सरोकारवालाहरूसँगको लक्षित समूह छलफलवाट प्राप्त सूचनाहरूको विश्लेणबाट निकालिएका प्राप्तिहरूलाई कार्यमूलक अनुसन्धानका उद्देश्यहरूका आधारमा बुँदागत रूपमा संक्षेपीकरण गर्ने प्रयास यस खण्डमा गरिएको छ ।

## ६.१ विद्यार्थीका सिकाइ उपलब्धि बढाउने उपायहरु

- कक्षा कोठामा शिक्षक र विद्यार्थीहरूबीचमा दोहोरो छलफलको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापहरू हुन नसकेका कारण सिकाइ उपलब्धि न्यून भएकाले शिक्षणसिकाइमा दोहोरो सञ्चार गर्नुपर्ने पक्षलाई विशेष ध्यान दिनु जरूरी भएको छ ।
- अधिकांश विद्यार्थीहरूले कक्षा कार्यकलापका क्रममा गरेर सिक्न नपाएको धारणा छलफलका क्रममा राखेकाले शिक्षक तालिम सञ्चालनका क्रममा शिक्षणसिकाइ कार्यकलापमा विद्यार्थीको सहभागिता बढाउने पक्षमा सचेत हुनु पर्ने देखिएको छ ।
- शिक्षक र विद्यार्थीबीच सिकाइ मैत्री सम्बन्ध स्थापना हुन नसकेका कारण प्रभावकारी शिक्षण नभइराखेको हुँदा सिकाइ उपलब्धि वृद्धि नभएको महशुस भएकाले अबका शिक्षक तालिमले विद्यार्थी शिक्षकबीचको सम्बन्ध बढाउनुपर्ने भएको छ ।
- शिक्षण सिकाइका क्रममा सूचना र सञ्चार प्रविधिको प्रयोग ज्यादै न्युन मात्रामा भएको सबै सरोकारवालाहरूको साझा अभिव्यक्ति रहेकाले अबका शिक्षक तालिमहरूमा शिक्षणसिकाइ कार्यकलापका क्रममा सूचना र सञ्चार प्रविधिको प्रयोगमा विशेष ध्यान बढाउनुपर्ने देखिएको छ ।
- सिकाइ प्रक्रियामा केवल घोक्ने, कण्ठ गर्ने अभ्यास बढी भइरहेको र जीवन उपयोगी, व्यवहारिक तथा अनुभवजन्य सिकाइहरू तथा सामाजिक यथार्थताका बारेमा शिक्षण नभएका कारण अर्थपूर्ण सिकाइ नभएको भन्ने प्राय सबै सरोकारवालाहरूको धारणा आएको हुँदा अबका शिक्षक तालिमले अर्थपूर्ण सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ ।
- योजनाबद्ध शिक्षणको कमीका कारण सिकाइ प्रभावकारी नभई अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन नसकेको कुरा शिक्षक स्वयंले समेत स्वीकारेकाले प्रभावकारी शैक्षणिक योजना निमार्ण र कार्यान्वयनका सम्बन्धमा सम्बद्ध पक्षहरू सचेत र जिम्मेवार भएर काम गर्नुपर्ने भएको छ ।
- शिक्षकको पेशागत इमान्दारितामा कमीका कारण सिकाइ उपलब्धि कमजोर भएको धारणा अधिकांश सहभागीहरूको रहेकाले यसतर्फ सम्बन्धित पक्ष विशेष गरी शिक्षकका पेशागत संस्थाहरू बढी जिम्मेवार हुनुपर्ने सुझाव प्राप्त भएको छ ।

- विद्यालयमा शिक्षकहरू "टिम" को रूपमा भन्दा पनि विभिन्न "ग्रुप" का रूपमा विभाजित हुने गरेका कारण शिक्षणसिकाइ भन्दा पनि अन्य कुराहरूमा नै शिक्षक तथा प्रधानाध्यापकहरूको समय खर्च हुने गरेको पाइएका कारण प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापहरू हुन नसकी सिकाइ उपलब्धि न्युन भएकाले अबका तालिमले टिमको विकास र परिचालनमा ध्यान दिनुपर्ने भएको छ ।
- विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक हुन नसक्नुका पछाडि आवश्यक मात्रामा अभिभावकको सक्रियता नहुनुलाई महत्वपूर्ण कारकका रूपमा औंल्याएको र अभिभावक सक्रियतामा विशेष जोड दिनु पर्ने खाँचो रहेकाले शिक्षा तालिम केन्द्र र विद्यालयहरूले अभिभावक शिक्षा र सचेतना बढाउनेतर्फ ध्यान बढाउनुपर्ने देखिएको छ ।
- कार्यसम्पादनका आधारमा पुरस्कार र दण्ड नीतिको तर्जुमा र प्रयोग नभएका कारण पनि विद्यालयमा शिक्षणसिकाइ क्रियाकलापहरूमा प्रभावकारिता बढ्न नसकेकाले सम्बद्ध पक्षले यस तर्फ ध्यान बढाउनका लागि सुझाव प्राप्त भएको छ ।
- विद्यालय व्यवस्थापन समिति शिक्षण सिकाइ सुधार व्यवस्थापनमा लाग्न नसकेको धारणा स्वयम् विद्यालय व्यवस्थापन समितिका सहभागी प्रतिनिधिहरूले अभिव्यक्त गरेका र यसका लागि उनीहरूको क्षमता विकासमा विद्यालय, स्थानीय तह र शिक्षा तालिम केन्द्रले क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ ।
- अधिकांश विद्यालयहरूमा प्रभावकारी शैक्षणिक नेतृत्व प्रदान गर्न सक्ने प्रधानाध्यापक विद्यालयले प्राप्त नगरेकाले विद्यालयको शैक्षणिक गतिविधिहरू प्रभावकारी हुन नसकेकाले विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक हुन नसकेको निष्कर्ष निकाल्दै प्रधानाध्यापक व्यवस्थापनमा सम्बद्ध पक्षले विशेष ध्यान पुऱ्याउनुपर्ने सुझाव प्राप्त भएको छ ।
- कतिपय विद्यालयहरूमा तहगत र विषयगत शिक्षक दरबन्दीको कमीका कारण शिक्षण सिकाइ प्रक्रिया सन्तोषजनक हुन नसकी विद्यार्थीको सिकाइ स्तर बढाउन नसकिएको धारणा राख्दै यस प्रति गम्भिर हुन अहिलेको परिवेशमा स्थानीय तहलाई सुझाव प्राप्त भएको छ ।
- विद्यार्थीको अनियमितताका कारण शिक्षण सिकाइमा प्रत्यक्ष प्रभाव देखिएकाले विद्यार्थीहरूको नियमितता बढाउनका लागि आवश्यक उपायहरूको पहिचान र कार्यान्वयनका निम्ति सम्बन्धित विद्यालय नै सक्रिय हुनुपर्ने देखिएको छ ।
- शिक्षकको पढाउने तरिका रमाइलो, बालमैत्री, सहभागितामूलक एवं प्रभावकारी नभएका कारणले विद्यार्थीको अध्ययनमा रूचि कम हुनुका साथै सिकाइ उपलब्धि न्यून भएको हो भन्ने सहभागीहरूको ठम्याइ रहेको हुँदा अबका शिक्षक तालिमहरूले यस सम्बन्धमा शिक्षकको क्षमता बढाउनुपर्ने देखिएको छ ।

- विद्यालय व्यवस्थापन समितिको सक्रिय भूमिकका बिना विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन नसक्ने र जसका लागि उनीहरूको समेत क्षमता विकास गर्नु पर्ने भएकाले विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक संघका पदाधिकारीहरू, लगायत विद्यालय सम्बद्ध कर्मचारीहरूका लागि समेत तालिमको खाँचो महशुस गरी यस्ता तालिमहरूको व्यवस्थापनका लागि सुझाव प्राप्त भएको छ । यसका लागि विद्यालय, सम्बन्धित स्थानीय तह र शिक्षा तालिम केन्द्रले आपसी समन्वय, सहयोग र साझेदारी बढाउनुपर्ने देखिएको छ ।
- विद्यार्थीको सिकाइ उपलब्धि न्युन हुनुको पछाडि आधुनिक शिक्षण प्रक्रियाद्वारा शिक्षण गर्न नसक्नुलाई प्रमुख कारक मानिएकाले समसामयिक, प्रगतिशील, सहभागितात्मक शिक्षण विधिहरू प्रयोग गरेर अध्यापन गराउन शिक्षकलाई सहयोग गर्नु पर्ने सुझाव प्राप्त भएको छ ।
- शिक्षकको शिक्षण शैली र विद्यार्थीको सिक्ने शैलीबीचको अन्तरका कारण विद्यार्थीको सिकाइ उपलब्धि न्युन भएको ठहर भएकाले यस अन्तरलाई पूरा गर्ने गरी शिक्षकको सीप बिकास गर्नु पर्नेमा अबका शिक्षक तालिमले ध्यान दिनुपर्ने देखिएको छ ।
- सिकाइलाई प्रभावकारी बनाउनका लागि शिक्षक एवं प्रधानाध्यापकको तहमा कार्य सम्पादन करार गराएर समेत सिकाइ वातावरणमा सुधार गरी सिकाइ उपलब्धि बृद्धिमा सघाउ पुऱ्याउन सहयोग पुऱ्याउनु पर्नेमा जोड दिइएको छ । यसका लागि विद्यालयका प्रधानाध्यापकले विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

## ६.२ शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने तालिमसम्बन्धी अपेक्षा

- मागमा आधारित विषयगत सीप अभिबृद्धि गर्न सक्ने तालिमको खाँचो महशुस गरिएको
- तालिमका विषयवस्तुहरू शिक्षकहरूमा सिर्जनात्मक क्षमता बढाउन सहयोग गर्ने खालका हुनुपर्ने
- सूचना प्रविधिसम्बन्धी तालिमका लागि आवश्यक प्रभावकारी पूर्वाधार तालिम केन्द्रमा नभएको हुँदा सोको व्यवस्थापन हुनुपर्ने
- तालिमपछि सम्बन्धित स्थानीय तह र निकायहरूसँगको समन्वयमा तालिममा सिकेका ज्ञान र सीपहरू कक्षा कोठामा पुगे नपुगेको अनुगमन गर्न सकिएको खण्डमा तालिमको सार्थकता बढ्ने
- तालिम केन्द्रले व्यवहारिक वार्षिक क्यालेण्डर बनाई तालिम सञ्चालन गर्न सक्नुपर्ने
- शिक्षा तालिम केन्द्रले तालिममा सहभागी भएका शिक्षकहरूलाई दिने गरेको भत्ता कम्तिमा खानबस्न पुग्ने गरीको हुनुपर्ने
- तालिममा सहभागी छनौटका निष्पक्ष, तर्कसंगत र पारदर्शी आधारहरू हुनुपर्ने

- शिक्षण अनुभव भएका रोष्टर प्रशिक्षकहरूको प्रयोगबाट सैद्धान्तिक र व्यवहारिक पक्षको प्रस्तुति भई तालिम प्रभावकारिता कक्षाकोठामा देखिने
- मूलत कक्षा १ देखि ५ सम्म शिक्षण गर्ने शिक्षकहरूलाई पनि विषयगत तालिम दिने व्यवस्था भएमा तालिमको प्रभावकारिता बढ्ने
- तालिम केन्द्रमा विषयहरूको प्रकृतिका आधारमा प्रयोगात्मक रूपमा तालिम सञ्चालन हुन आवश्यक पूर्वाधारको व्यवस्था हुनुपर्ने
- हालसम्म प्रदान गरिएका तालिमले बढी मात्रामा शिक्षकको वैयक्तिक विवरण बढाउन र शिक्षक बढुवाका लागि काम गरेको अबका तालिमले कक्षा शिक्षणको सुधारलाई बढी ध्यान दिनुपर्ने
- तालिम केन्द्रले विद्यालय शिक्षाका अन्य सरोकारवालाहरू जस्तै विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय कर्मचारी आदिलाई क्षमता विकासका लागि प्रभावकारी रूपमा समेट्न सक्नुपर्ने
- कार्यथलोमा नै व्यवहार परिवर्तन हुने गरी सिकाउँदै सिक्दै गर्ने वातावरणको सिर्जना हुने गरी तालिम प्रदान गर्ने व्यवस्था हुनुपर्ने
- समस्यामा केन्द्रित तालिम, असल अभ्यासहरूको आदानप्रदान र साझेदारी गर्ने किसिमको तालिमको खाँचो रहेको

## ६.३ तालिम कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउने उपायहरु

- मागमा आधारित विषयगत सीप र विद्यार्थीकेन्द्रित विधिहरू प्रयोग गर्न अभिप्रेरित गर्न सक्ने तालिमहरू सञ्चालन गर्नु पर्ने
- तालिमका विषयबस्तुहरू सैद्धान्तिक र प्रयोगात्मक दुबै प्रकृतिको बनाई शिक्षकहरूमा सिर्जनात्मक क्षमता बढाउन सहयोग गर्नुपर्ने
- निश्चित ढाँचाको तालिमभन्दा सहभागीहरूमा रचनात्मकता र सिर्जनात्मकता बढाउने किसिमका तालिममा जोड दिनु पर्ने
- तालिम अनुसन्धानमा आधारित हुनु पर्ने
- विद्यार्थीको सहभागिता बढाउने क्रियाकलापहरू (सहजीकरण गर्ने, प्रश्न बनाउने, एकजना विद्यार्थीले सोधेका प्रश्नको उत्तर पहिले अरू विद्यार्थीबाट खोज्ने, उत्तर परीक्षण गर्ने, पढ्ने, पढाउने, अतिरिक्त र सह कार्यकलापहरू सञ्चालन गर्न लगाउने, प्रार्थना सभा सञ्चालन गर्न लगाउने) मा सहयोग पुऱ्याउने सीपहरूमा सहजीकरण गर्ने खालका शिक्षक तालिमहरू सञ्चालन गर्नुपर्ने

- विद्यार्थीका व्यक्तिगत विभिन्नता पहिचान गरी सिकाइ सहजीकरण गर्ने लगायत सिकाइ नमुनाहरूको विकासमा सहयोग पुऱ्याउने प्रकृतिका तालिमहरूको व्यवस्थापन गर्नु पर्ने
- व्यवहारिक सीप हासिल गराउनका लागि स्वभाविक वातावरणलाई सिकाइमा कसरी उपयोग गर्न सकिन्छ भन्ने कुराको जानकारी तथा व्यवहारिक उदाहरणहरू तालिमका क्रममा सहभागिहरूलाई जानकारी गराउने
- हरेक विद्यालयमा निश्चित कक्षा, तह तथा विषयहरूसँग सम्बन्धित शिक्षकहरूको आपसी समन्वय एवं सहकार्यको वातावरण सिर्जना गर्न तालिमले सघाउ पुऱ्याउनु पर्ने
- शिक्षण विधि र प्रविधिलाई संयोजन गरी शैक्षणिक योजना बनाएर शिक्षण गर्न सक्ने सीप शिक्षकमा विकास गर्नु पर्ने
- तालिमपछि सम्बन्धित स्थानीय तह र निकायहरूसँगको समन्वयमा शिक्षकले तालिमबाट सिकेका ज्ञान र सीपहरू कक्षा कोठामा पुगे नपुगेको अनुगमन गरी पेशागत सहयोग गर्नु पर्ने
- प्रधानाध्यापकलाई शिक्षक तालिमपछिको अनुगमन र पेशागत सहयोगका लागि जिम्मेवार बनाउनु पर्ने
- शिक्षा तालिम केन्द्रबाट सञ्चालन हुने तालिमहरू उपयुक्त योजनासहित उपयुक्त समयमा सञ्चालन गरिनु पर्ने
- शिक्षा तालिम केन्द्रले आफ्नो केन्द्रमा प्रशिक्षार्थीहरू बोलाएर तालिम प्रदान गर्दा निर्वाह भत्ता समसामयिक बनाउनुपर्ने
- अनलाइन पहुँच भएका शिक्षक र प्रधानाध्यापकहरूलाई अनलाइन पद्धतिबाटै तालिम दिंदा समय, स्रोत र प्रविधि प्रयोगका दृष्टिले बदी प्रभावकारी हुने हुँदा यसतर्फ तालिम केन्द्रले ध्यान बढाउनुपर्ने
- आधुनिक प्रविधिको क्षेत्रमा क्षमता अभिबृद्धि गर्ने, शैक्षणिक र प्रशासनिक नेतृत्व क्षमता अभिवृद्धि गर्ने लगायत लेखा व्यबस्थापन, नवीनतम शिक्षण प्रविधि, सिकाइ सिद्धान्त र शैलीहरूको अध्यावधिकता, कानुनी साक्षरता जस्ता क्षेत्रहरूमा प्रधानाध्यापकहरूलाई प्रशिक्षित गर्नु पर्ने
- शिक्षासँग विशेष सरोकार राख्ने शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहहरूसँग समन्वय गरी विद्यालयका प्र.अ. लाई जिम्मेवार बनाएर उनीहरूको सिफारिसका आधारमा मात्र तालिमका लागि सहभागी शिक्षक छान्नु पर्ने
- शिक्षा तालिम केन्द्रका तल्ला संरचनाहरू भएमा सेवा प्रवाहमा प्रभावकारिता बढ्ने र काठमाडौं, चितवन र नुवाकोटमा भएका साविक शैक्षिक तालिम केन्द्रमा भएको भौतिक तथा मानवीय संरचनाको उपयोग हुने

- तालिम केन्द्र आफैं अत्याधुनिक (बसाइ व्यबस्थापन, सूचना प्रविधिमैत्री हलहरू, सबल र बास्तविक रूपमै प्राविधिक प्रशिक्षकहरू, विज्ञान प्रयोगशाला, विषयगत ल्याव) हुनुपर्ने
- प्रत्येक विद्यालय र तालिम केन्द्रलाई जोड्ने सूचना प्रविधि सञ्जाल निर्माण गर्नुपर्ने (विषयगत र प्रशासनिक रूपमै), सबै शिक्षकलाई प्रविधिसँग जोडने संयन्त्रको निर्माण गर्नु पर्ने
- स्थानीय सरकार वा स्थानीय शिक्षा इकाइसँग प्रत्यक्ष सम्पर्कमा रहेर मात्र तालिमका लागि सहभागी छनौट गर्नुपर्ने
- एक नगरपालिका एक तालिम हवको व्यबस्थाका लागि प्रयास गर्नुपर्ने
- तालिम केन्द्रले वि.व्य.स., अभिभावक शिक्षक संघं, प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी, जनप्रतिनिधि लगायत अभिभावकहरूका लागि समेत तालिमका प्याकेजहरू तयार गरी तालिम सञ्चालन गर्नु पर्नें
- प्रमाणीकरण गर्नु पर्ने तालिमहरू शिक्षा तालिम केन्द्रले सञ्चालन गरी छोटो अवधिका पुनर्ताजगी तालिम दिने कार्य स्थानीय सरकारको जिम्मेवारीमा हुनु पर्ने
- स्थानीय तहमा तालिम सञ्चालन गर्नका लागि आवश्यक भौतिक पूर्वाधारहरू जस्तै तालिम कक्ष, उपकरण, सूचना प्रविधि पूर्वाधार आदिको विकासका लागि तालिम केन्द्रले समन्वय गर्नु पर्ने
- प्रभावकारी रूपमा तालिम सञ्चालन, सुपरीवेक्षण एवं अनुगमन कार्यका लागि स्थानीय तहमा आवश्यक जनशक्ति र संयन्त्र विकास गर्नु पर्ने
- प्रभावकारी सिकाइका लागि विद्यालय-विद्यालयबीचका असल अभ्यास र क्रियाकलापहरू बारे अनुभव आदानप्रदान र साझेदारी गरेर, सफल विद्यालयहरूको भ्रमण गराएर, अन्तर पालिकाहरूको भ्रमण गराएर सिकाइ आदानप्रदान गर्नु पर्ने
- शिक्षक तथा प्रधानाध्यापकहरूमा विद्यालयप्रतिको निष्ठा, इमान्दारिता एवं जवाफदेहीपन बढाउने खालका विषयवस्तुहरू तालिम पाठ्यक्रममा समावेश गर्नुपर्ने
- शिक्षण अनुभव र सूचना तथा सञ्चार प्रविधिका दृष्टिले अनुभवी तथा दक्ष प्रशिक्षकहरू प्रयोग गरिनु पर्ने
- तालिम प्रदान गर्ने प्रशिक्षकहरूको प्रभावकारी व्यवस्थापनका लागि योग्य एवं दक्ष तथा अनुभवी विषय शिक्षकहरूलाई उनीहरूले आफूले अध्यापन गराउँदै आएको विषयको आधिकारिक परिक्षाहरूमा हासिल गरेको उच्च सफलतासमेतलाई आधार लिई छनौट गरेर प्रशिक्षकहरूको रोष्टर तयार गर्नु पर्ने
- प्रशिक्षकहरूका लागि पुनर्ताजगी तालिमको व्यवस्था गर्नु पर्ने

# ७. निष्कर्ष

शिक्षा तालिमम केन्द्रको वर्तमान स्थितिको विश्लेषण, विश्व शैक्षिक परिवेशमा शिक्षा तालिमको प्रवृत्तिको विश्लेषण र कार्यशालामा सहभागी विभिन्न तहका सरोकारवालाहरूको लक्षित समूह छलफलको सूचना विश्लेषणबाट संश्लेषित प्राप्तिहरूका आधारमा यो निष्कर्ष सम्पादन गर्ने प्रयास गरिएको छ । शिक्षा तालिम केन्द्रले वर्तमान परिवर्तित परिप्रेक्ष्यमा आफूसँग भएका सीमित मानवीय तथा आर्थिक स्रोतको सदुपयोग गरेर आफ्नो जिम्मेवारी पूरा गर्दैआएको देखिन्छ । तालिम केन्द्रले सम्पादन गर्दै आएका आफ्ना जिम्मेवारीहरू संख्यात्मक रूपमा सफलताको नजिक देखिए तापनि गुणात्मक अर्थात विद्यार्थीहरूको सिकाइउपलब्धि वृद्धिका दृष्टिले धेरै गर्न बाँकी रहेको प्रतित हुन्छ ।

तालिम केन्द्रले प्रभावकारी शिक्षक शिक्षाका लागि दार्शनिक आधार, सामाजिक आधार र मनोवैज्ञानिक आधारलाई विशेष ख्याल गरी आफ्ना कार्यक्रमहरू तय गर्नु पर्ने देखिएको छ । यसका साथै प्रभावकारी शिक्षण सिकाइ प्रक्रियालाई अघि बढाई विद्यार्थीको सिकाइ उपलब्धि बढाउन विश्व शैक्षिक परिदृश्यमा स्थापित भएका केही मान्यताहरू जस्तैः शिक्षकहरूमा सल्लाह र परामर्श दिन सक्ने क्षमताको विकास गर्नु पर्ने, सूचना तथा सञ्चार प्रविधिसँग जोडिएको शिक्षण सिकाइ विधिको प्रशिक्षणलाई प्राथमिकता दिनुपर्ने, अन्तर्क्रियात्मक शिक्षण सिकाइ क्रियाकलाप निर्माण र प्रयोगमा सघाउनु पर्ने, समालोचनात्मक सोच र सिर्जनात्मक गतिविधिमा सिकारूलाई लगाउन सघाउने सीप शिक्षकहरूमा बढाउन लागिपर्नु पर्ने, नयाँ परिवेश र परिवर्तनको सम्भावनालाई आत्मासात् गर्नु पर्ने, नव प्रवेशी शिक्षकहरूका लागि प्रेरणा तालिमको आयोजना गर्नु पर्ने, तालिम पाठ्यक्रम निर्माण गर्दा शैद्धान्तिक विषयलाई भन्दा पनि कक्षाकोठाका समस्याहरूलाई प्राथमिकता दिनु पर्ने, तालिम पद्धतिमा विविधताको सिद्धान्तलाई आत्मसात गर्नु पर्ने, आफ्नै संगठनात्मक सक्षमता अभिवृद्धि गर्ने तालिमहरूको आयोजना गर्नु पर्ने लगायतका आधारहरूलाई आत्मसात गरी अघि बढ्नु पर्ने आवश्यकता देखिन्छ । उल्लिखित आधारहरूसँगसँगै कार्यशालाका सहभागीहरूले गम्भिरताका साथ उठाएका केही महत्वपूर्ण विषयवस्तुहरू जस्तै : मागमा आधारित, अनलाइन पद्धतिमा तालिमको सुरूवात, अन्तक्रियात्मक तथा प्रयोग, परियोजना, अनुभवजन्य सिकाइलाई प्रोत्साहन गर्ने, सहभागितात्मक शिक्षण विधिहरूको तर्जुमा र प्रयोगमा सघाउने जस्ता तालिम कार्यक्रमहरू निर्माण र सञ्चालन; तालिमका लागि सहभागी तथा प्रशिक्षकहरू छनौटका लागि वैज्ञानिक विधि व्यवस्थापन; तालिम केन्द्रको समय सान्दर्भिक भौतिक तथा सूचना प्रविधि पूर्वाधार निर्माण; तालिमपश्चातका क्रियाकलापहरू अनुगमन र पेशागत सहयोग गर्ने प्रणालीको विकास आदि पक्षलाई व्यवस्थित गरी स्थानीय तहमा तालिम कार्यक्रम सञ्चालन क्षमता विकास गरी तालिम सञ्चालन कार्यलाई विकेन्द्रित गरेर संघीय सरकारसँगको समन्वयमा अघि बढ्नु पर्ने आवश्यकता देखिन्छ । यसका साथै प्रभावकारी तालिम व्यवस्थापनका निम्ति वैकल्पिक स्रोतहरूको पहिचान गरी तालिम केन्द्रको कार्य विवरण (Terms of Referenc) मा उल्लेख गरिएका कामहरूको सम्पादनका साथै अध्ययन, अनुसन्धान तथा प्रकाशनका क्षेत्रमा समेत प्रभावकारी कदम अघि बढाउनु पर्ने खाँचो महशुस भएको छ ।

# ८. सुझावहरू

शिक्षक तालिमको अन्तराष्ट्रिय प्रवृत्ति, कार्यशालामा सहभागी विभिन्न सात समूहका सरोकारवालाहरूको सुझाव, तालिम केन्द्र आफैले हासिल गरेको अनुभव एवं अनुभव हासिल गर्ने क्रममा सिकेका पाठहरूको आधार लगायत वदलिएको राज्यसंरचनासमेतका आधारमा आगामी दिनमा निम्न अनुसार अघि बढ्दा प्रभावकारी हुने ठहर गरिएको छ :

## १. तालिम आवश्यकता भएका सरोकारवालाहरुको पहिचान र सहभागिता

शिक्षक, प्रधानाध्यापक, विद्यालयका कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, अभिभावक शिक्षक संघका पदाधिकारीहरू, अभिभावकहरू, स्थानीय तहका पदाधिकारीहरूका साथ साथै तालिम सम्पादनका लागि आवश्यक विभिन्न तहका प्रशिक्षक एवं कर्मचारीहरूका लागि उनीहरूको आ–आफ्ना जिम्मेवारीहरूलाई थप प्रभावकारी, जिम्मेवारीपूर्ण, जवाफदेही एवं निष्ठापूर्वक सम्पादन गर्नका लागि आवश्यक पर्ने अभिवृत्ति, सीप तथा ज्ञान हासिल गराउन र समय समयमा पुनर्ताजगी गराउन तालिमको आवश्यकता रहेकाले सोहीअनुसारको लक्ष्य, योजना र कार्यक्रमहरू बनाई तालिम सञ्चालन गर्नु पर्ने देखिएको छ ।

## २. स्थानीय तहलाई तालिम कार्यान्वयन इकाइको रुपमा विकास गर्नु पर्ने

तालिम आवश्यकता भएका सरोकारवालाहरू मध्ये तालिम सम्पादनका लागि आवश्यक विभिन्न तहका प्रशिक्षक एवं कर्मचारीहरूका तालिम लगायत जिल्लागत रूपमा प्रतिनिधित्व गराउनुपर्ने प्रकृतिका प्रमाणीकरण तालिमहरूबाहेक छोटो अवधिका पुनर्ताजगी तालिम सम्भव भएसम्म सम्बन्धित गाउँ तथा नगर पालिका स्तरमा नै सञ्चालन गर्ने व्यवस्था मिलाउँदा तालिम सञ्चालन बढी प्रभावकारी हुने देखिन्छ । यस कार्यलाई प्रभावकारी बनाउनका लागि पालिका तहमा "पालिका स्तरीय शिक्षा तालिम समन्वय एकाई" गठन गरी तालिम व्यवस्थापन, सञ्चालन एवं अनुगमनको कार्यविधि बनाएर जिम्मेवारी प्रदान गर्दा उपयुक्त हुन्छ । समन्वय एकाइको नेतृत्व स्थानीय शिक्षा शाखाले गर्ने गरी पालिका स्तरीय शिक्षक महासंघ, विभिन्न तहका विद्यालयका प्रधानाध्यापकहरू लगायत शिक्षा तालिमसम्बन्धी काम गर्ने स्थानीय स्तरका संगठित संस्थाहरूका प्रतिनिधि समेत संलग्न गराई पालिका स्तरीय शिक्षा तालिम समन्वय एकाइ गठन गर्न सकिन्छ । पालिकास्तरमा तत्काल शिक्षक तालिम सञ्चालन गर्न यसका लागि आवश्यक पर्ने न्यूनतम भौतिक तथा मानवीय पूर्वाधारका बारेमा पनि सोच्नु अति आवश्यक छ ।

विविध कारणले पालिकास्तरीय शिक्षा तालिम समन्वय एकाई तत्काल बनाउन त्यत्ति सम्भव नहुन पनि सक्छ साथै यसो गर्दा बढी खर्चिलो पनि हुनसक्छ । यस अवस्थालाई मध्यनजर गरी काठमाडौं, चितवन र नुवाकोटमा रहेका साविकका शैक्षिक तालिम केन्द्रहरूलाई शिक्षा तालिम केन्द्र धुलिखेलको शाखाका रूपमा कायम राखी हाललाई दोलखा, रामेछाप र सिन्धुलीका लागि रामेछापको मन्थलीमा शाखाको स्थापना गरेर यस्ता शाखा तालिम केन्द्रलाई प्रारम्भिक बाल विकास केन्द्रदेखि कक्षा ५ सम्म शिक्षण गर्ने शिक्षकहरूको शिक्षक क्षमता विकास (TPD) तालिम र पुनर्ताजगी तालिमका लागि जिम्मेवार बनाउँदा भइरहेको भौतिक, शैक्षिक र मानवीय स्रोतको उपयोग हुनुका साथै कम खर्चिलो र समन्वयका दृष्टिले पनि उपयुक्त हुने देखिन्छ ।

## ३. स्थानीय तहमा तालिमका पूर्वाधार विकास गर्नुपर्ने

स्थानीय तहमा तालिमका पूर्वाधारहरू जस्तैः तालिम कक्ष, प्रयोगशाला, ल्याव एवं प्रशिक्षकहरू तयार गर्न सम्बन्धित स्थानीय सरकारसँगको समन्वय र साझेदारीमा प्रदेश शिक्षा तालिम केन्द्रले आवश्यक समन्वय गर्नु पर्ने देखिन्छ । यस क्रममा स्थानीय सरकारको शिक्षा विकास क्रियाकलापहरूसँग समन्वय गर्ने गरी स्रोत साधनहरूको एकिकृत प्रयोगको योजना तथा कार्यक्रहरू सञ्चालन गर्दा संघीय प्रणालीको मर्मलाई समेत आत्मसात गरेको ठहर्छ । विभिन्न विद्यालयमा विषयगत प्रयोगशालाहरू निर्माण गरी विषयगत घुम्ति तालिमहरू सञ्चालन गर्दा अझ प्रभावकारी हुन्छ ।

## ४. तालिम सहभागीहरुको छनोट

हालका दिनहरूमा आवश्यकतालाई भन्दा पनि बढी संख्या पुऱ्याउने किसिमले सहभागी छानिने गरेको भन्ने समेतका गुनासाहरूलाई मध्यनजर राखी मागमा आधारित तालिमको व्यवस्थापन र आवश्यकताको आधारमा तालिमका सहभागी छनोट नीतिलाई प्रभावकारी रूपमा अघि बढाउनु पर्ने देखिन्छ । यस कार्यलाई बढी प्रभावकारी बनाउन सम्बन्धित विद्यालयका व्यवस्थापन र स्थानीय सरकारलाई जिम्मेवार बनाइनु पर्दछ । विभिन्न तालिममा सहभागी भएकाहरूको "तालिम व्यवस्थापन सूचना प्रणाली" लाई व्यवस्थित बनाएर विद्यालय, स्थानीय तह र प्रदेश शिक्षा तालिम केन्द्रमा प्रष्ट सूचना व्यवस्थापन गरिनु पर्दछ ।

## ५. तालिम पाठ्यक्रम तथा पाठ्यवस्तु

अन्तरक्रियात्मक, सहभागितामूलक, प्रयोगात्मक, जीवन उपयोगी सीपहरूसँग जोडिएको, तालिमका सहभागीहरूको सीप तथा ज्ञान पक्षको विकासका अतिरिक्त अभिवृति, संवेगात्मक तिक्ष्णता,

मूल्य, निष्ठा तथा इमान्दारितालाई प्रत्यक्ष प्रभाव पार्ने र विद्यार्थीलाई नियमित परिश्रम गर्ने बानीको विकास गर्नुका साथै सिकाइ उपलब्धि बढाउन प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने रचनात्मक प्रकृतिका तालिम पाठ्यक्रमहरू स्थानीय आवश्यकताका आधारमा विज्ञहरूको सल्लाह एवं सहयोग लिएर तयार गर्नुपर्ने साथै सोहीअनुसारका पाठ्यवस्तु एवं सम्भावित अन्तरक्रियात्मक क्रियाकलापहरूको उपयुक्त संगठन गर्नु पर्ने देखिन्छ । तालिम पाठ्यक्रम तयार गरिरहँदा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परिक्षण केन्द्र आदिसँग प्रत्यक्ष सम्पर्क र समन्वय गर्नुपर्ने देखिन्छ । यसका साथ साथै विभिन्न प्रकृतिका प्रशिक्षकहरूको क्षमता विकासका लागि पनि समसामयिक पाठ्यक्रमहरू तयार गर्नु पर्ने देखिन्छ । तालिम पाठ्यक्रम तयार गर्दा विद्यालय, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघ र स्थानीय तहको माग र आवश्यकतालाई बढी ध्यान दिनु आवश्यक देखिएको छ ।

## ६. परिवर्तित शैक्षिक सन्दर्भका लागि तालिम कार्यक्रम निर्माण र सञ्चालन

नियमित प्रकृतिका तालिमहरूका अतिरिक्त  परिवर्तित शैक्षिक सन्दर्भहरूको अध्ययन र विश्लेषण गरी मागमा आधारित समसामयिक विषयवस्तुहरूमा तालिम कार्यक्रमहरू तयार गरी सञ्चालन गर्न सकिन्छ । यसका निम्ति शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र आदिसँग समन्वय गरेर तालिम कार्यक्रम निर्माण गरी सञ्चालन गर्न सकिन्छ । उदाहरणका लागि शैक्षिक वर्ष वि. सं. २०७७ देखि पाठ्यक्रम विकास केन्द्रले देशभरिका कक्षा १ मा एकिकृत पाठ्यक्रम प्रयोगमा ल्याउँदै छ । यसका निम्ति शिक्षक तथा अभिभावकलगायतका सरोकारवालाहरूका लागि तालिमको आवश्यकता महशुस भइसकेको छ । साथै कुनै स्थानीय तहले आवश्यकता ठानेको विषयवस्तुमा पनि तालिम सञ्चालन गर्न सकिन्छ । यस्ता किसिमका तालिम व्यवस्थापनमा तालिम केन्द्रले नेतृत्वदायी र समन्वयकारी भूमिका खेल्नु जरूरी छ ।

## ७. नव नियुक्त शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुका लागि प्रेरणा तालिम व्यवस्थापन

शिक्षा सेवामा पहिलो पटक प्रवेश गरेका शिक्षकहरूका लागि पेशाप्रति उत्प्रेरणा बढाउनका साथ साथै शिक्षाका नयाँ आयामहरू, सहभागितात्मक शिक्षण विधि लगायत शिक्षा सेवासम्बन्धी प्रचलित नियम कानुनका साथै पेशागत तथा व्यक्तित्व विकासका अवसरहरूका बारेमा जानकारी गराउन सकिन्छ । यसैगरी, नव निर्वाचित व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक संघका पदाधिकारीहरूका लागि पनि प्रेरणा तालिम आयोजना गर्दा प्रभावकारी हुन्छ ।

## ८. प्रदेश शिक्षा तालिम केन्द्रको क्षमता विकास

प्रदेश शिक्षा तालिम केन्द्रलाई शिक्षा तालिम अनुसन्धानको महत्वपूर्ण केन्द्रको रूपमा विकास गर्ने योजना तथा कार्यक्रमहरू अघि बढाउनु पर्ने आवश्यकता छ । विशेषगरी सूचना र सञ्चार प्रविधिलाई शिक्षण तथा प्रशिक्षणमा कसरी जोड्न सकिन्छ भन्ने चिन्तनलाई मूर्त रूप दिन सूचना प्रविधिसम्बन्धी आवश्यक पूर्वाधार तालिम केन्द्रमा विकास गरिनु पर्दछ । अनलाइनमा आधारित तालिमका कार्यक्रमहरूको थालनी गरी एक्काइसौं शताब्दीको माग र आवश्यकतालाई आत्मसात गरी अगाडि बढ्नुपर्छ । साथै विषयगत नमुना प्रयोगशालाहरू, पुस्तकालय, मल्टिमिडिया पूर्वाधारसहितको वैज्ञानिक तालिम कक्ष, उपयुक्त संख्यामा विषयगत प्रशिक्षकहरू लगायत कर्मचारीहरूको व्यवस्थापनमा तालिम केन्द्रले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

## ९. रोष्टर प्रशिक्षकको प्रभावकारी व्यवस्थापन

विभिन्न प्रकृतिका तालिमहरू सञ्चालन गर्न आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र विकासमा तालिम केन्द्रले ध्यान दिनु जरूरी छ । विशेष गरी विभिन्न विषयमा दक्षता, अनुभव र सीप हासिल गरी विद्यालयमा आफ्ना विषयमा असल अभ्यास भएका र पटक पटक राम्रा नतिजा ल्याउन सफल शिक्षकहरूलाई रोष्टर प्रशिक्षकका लागि पहिलो प्राथमिकतामा राख्नु पर्दछ । शिक्षा तालिम केन्द्रले रोष्टर प्रशिक्षक छनोटका आधारहरू तयार गरेर रोष्टर सूचीलाई अद्यावधिक गरी त्यस्ता प्रशिक्षकहरूलाई तालिममा सहजकर्ताका रूपमा प्रयोग गर्नु आवश्यक देखिएको छ । यसका अतिरिक्त अन्य आवश्यक उपयुक्त सक्षम र प्रेरणादायी व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई तालिम कार्यक्रममा आमन्त्रित स्रोतव्यक्तिका रूपमा प्रयोग गर्न सकिन्छ ।

## १०. सहभागीहरुका लागि निर्वाह भत्ता तथा आबास व्यवस्थापन

आफ्नो गाँउ, नगर वा जिल्ला छाडेर नियमानुसार तालिममा सहभागी हुन आउने सहभागीहरूको खाना, खाजा तथा आबास व्यवस्थापन प्रचलित नियम कानुनको परिधि र बजार मूल्य दुबैलाई विश्लेषण गरी उपयुक्त विनियम तयार गरेर पुनरावलोकन र अद्यावधिक गर्नु आवश्यक छ । यस किसिमको व्यवस्थापनले सहभागीहरूमा तालिमप्रति उत्प्रेरणा  जागृत हुन गई तालिमको प्रभावकारिता बढाउन सघाउ पुऱ्याउन सकिन्छ । स्थानीय रूपमा तालिम चलाउँदा आवश्यकतामा आधारित फरक तरिका अपनाउन सकिन्छ । यस किसिमको व्यवस्थापन प्रशिक्षकहरूको सवालमा पनि उत्तिकै जरूरी छ ।

# ९. सन्दर्भग्रन्थहरू

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५); उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन । काठमाडौं: लेखक ।

शिक्षा मन्त्रालय (२०७३); विद्यालय क्षेत्र विकास योजना वि. सं. २०७३/०७४-२०७९/०८० । काठमाडौं: लेखक ।

शिक्षा मन्त्रालय (२०५५); उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ । काठमाडौं: लेखक ।

Akorede, S.F. (2014). Emerging trends in teacher's education in the 21st century. Journal of Emerging Trends in Educational Research and Policy Studies (JETERAPS) 5(7), 88-91.

Aktaruzzaman, M. & Shamim, M. R. ( ). Trends and issues to integrate ICT in Teaching Learning for the Future World of Education. International Journal of Engineering & Technology IJET-IJENS, 11 (03). Islamic University of Technology (IUT) Board Bazar, Gazipur-1704, Bangladesh.

Education Review Office (2019). Performance audit initial report of Package 1. Bhaktpur, Author.

Educational Testing Service (2003). Preparing teachers around the world. Princeton, NJ: Author.

Khan, R.A., Khan, F.A. & Khan, M.A. (2011). Impact of training and development on organizational performance. Global Journal of Management and Business Research, 11 (7).

Nkechi, E.E., Ewomaoghene, E. E. & Egenti, N. (2016). The role of guidance and counselling in effective teaching and learning in Schools. International Journal of Multidisciplinary Studies, 1 (2), 36-48.

McNergney, Robert F. and Herbert, Joanne M. (2001) Foundations of education: The challenge of Professional Practice Boston Allyn and Bacon.

Pokhrel, T.R. & Behera S.K. (2016). Expectations of teachers from teacher's professional development program in Nepal. American Journal of Educational Research, 4(2). 190-194.

Singh, G. (2014 ). Emerging trends and innovations in teacher education. Education, 4 (5), 166-168.

Umeh, A.E. & Nsofor, C. C. (2014). Modern trends in the use of educational technology in the classroom. International Journal of Education Learning and Development, 2 (5), 73-77.

# १०. अनुसूचीहरू

## अनुसूची १: अवधारणा पत्र

विद्यार्थी उपलब्धि वृद्धिमा शिक्षा तालिमकेन्द्र धुलिखेलको संगठनात्मक क्रियात्मक अनुसन्धान (Organizational Action Research) २०७६ को

### अवधारणा पत्र

### १. पृष्ठभूमि

सूचना तथा प्रविधिसम्बन्धी साक्षरता (digital age literacy), प्रभावकारी संचार (effective communication), आविष्कारक सोच (inventive thinking) र उच्च उत्पादकत्व (High productivity) एक्काइसौं शताब्दीका सिकाइका प्रमुख आधारहरू हुन् । सिकाइका उल्लिखित आधारहरूअनुसार सिकाइ हुनका लागि सिकारूमा समालोचनात्मक सोचाइ तथा समस्या समाधान सीप (critical thinking and problem solving skills), रचनात्मकता र जोखिम लिन सक्ने बानी (creativity and risk –taking behavior), सहयोग, समूहकार्य र नेतृत्व सीप (collaboration, teamwork and leadership skill), फरक फरक संस्कृतिसँगको समझदारी (cross – cultural understanding), मौखिक तथा लिखित सञ्चार सीप (oral and written communications skills), गणनात्मक तथा सूचना तथा प्रविधिसम्बन्धी सीप (computing and ICT literacy skill), आत्मनिर्भरताको माध्यमबाट पेशागत जीवन विकास सीप (career growth through self-dependent) हासिल हुनु जरूरी छ । जसका निम्ति स्वभाविक रूपमा हाम्रा विद्यालयहरूमा सञ्चालन हुने शिक्षणसिकाइ प्रक्रियामा व्यापक सुधार ल्याउन जरूरी छ ।

विद्यालयहरूमा सञ्चालन हुने शिक्षणसिकाइ प्रक्रियामा समयसापेक्ष सुधारपश्चात मात्र विद्यार्थी सिकाइउपलब्धि वृद्धिको परिकल्पना गर्न सकिन्छ । विद्यार्थीको सिकाइउपलब्धि वृद्धि शिक्षकको पेशागत दक्षता, कार्यकुशलता एवं रचनात्मक तथा सिर्जनात्मक शिक्षण कला र शैक्षणिक नेतृत्व क्षमताविना सम्भव छैन । त्यसैले समय सापेक्ष कार्यात्मक शिक्षक क्षमता विकास तथा तालिम कार्यक्रमहरू तयार गरी शिक्षकको पेशागत विकास गर्नु आजको आवश्यकता भएको छ । यसै कुरालाई मध्यनजर राखी परिवर्तित सन्दर्भमा शिक्षा तालिमकेन्द्रको प्रासंगिक भूमिकाको खोजी गरेर व्यवहारमा रूपान्तरण गर्न शिक्षा तालिमकेन्द्रको वार्षिक कार्यक्रम २०७५/०७६ मा रहेको "विद्यार्थी उपलब्धि वृद्धिमा क्रियात्मक अनुसन्धान" नामक कार्यक्रममा यो अध्ययन कार्यक्रम अघि सारिएको हो ।

वर्तमान परिवर्तित शैक्षिक सन्दर्भमा संवैधानिक व्यवस्थाअनुसार माध्यमिक तहसम्मको शिक्षा

व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रभित्र पार्नुका साथै तीनै तहका सरकारको अधिकार क्षेत्रभित्र पारिएको छ । प्रदेश र स्थानीयतहअन्तर्गत रहन गएका शैक्षिक जनशक्तिको क्षमता अभिबृद्धि गर्ने जिम्मेवारी शिक्षा तालिम केन्द्रले बहन गरिरहेको छ । जनशक्ति विकास तथा क्षमता अभिबृद्धि कार्यमा स्थानीय, प्रदेश र संघिय सरकारका बीचमा रहेर विगतमा एकात्मक राज्य प्रणालीअनुसार सञ्चालनमा रहेको शैक्षिक तालिम केन्द्रको भूमिका सङ्घीय प्रणालीमा फरक पर्नु स्वभाविक हो । शिक्षा तालिमकेन्द्रको परिवर्तित भूमिकाबाट २१ औं शताब्दीको सिकाइ क्षेत्र र सिकारूमा अपेक्षित पेशागत तथा व्यवहारिक सीप (professional and soft skills) हासिल गराउँदैं विद्यालय शिक्षाको गुणस्तरप्रति अभिभावक तथा समुदायले व्यक्त गरेका असन्तुष्टि, चिन्ता र अपेक्षालाई आत्मासात गरी नयाँ आयाम र ऊर्जाका साथ कसरी अघि बढ्ने भन्ने विषयमा समेत पृष्ठपोषण प्राप्त गर्न यो क्रियात्मक अनुसन्धान गर्न लागिएको हो ।

वर्तमान परिवर्तित सन्दर्भमा सङ्घीय राज्य प्रणालीअनुसार सञ्चालनको सुरूवातमा रहेको तालिम केन्द्रको भूमिका विषयमा नीति, ऐन तथा नियमहरूमा भएका प्रावधानहरूलाई समय सापेक्ष परिवर्तन गर्नु जरूरी छ । हाल संघीय राज्य प्रणालीमा स्थापित हुने क्रममा रहेको शिक्षा तालिम केन्द्रको भूमिकाका सम्बन्धमा पनि अझ स्पष्ट हुनु अनिवार्य भएकाले प्रस्तावित क्रियात्मक अनुसन्धानले यसमा थप सघाउ पुग्ने विश्वास गरिएको छ ।

## २. उद्देश्यहरु

उल्लिखित पृष्ठभूमिमा गर्न लागिएको क्रियात्मक अनुसन्धान कार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू पहिचान गरी सिकाइउपलब्धि वृद्धिका उपयुक्त उपायहरू पहिचान गरेर उपलब्धि बृद्धिमा सघाउनु

ख. शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता मूल्याङ्कन गर्नु

ग. शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउने उपायहरूको खोजी गरी कार्यान्वयन गर्नु

घ. परिवर्तित सन्दर्भमाशिक्षातालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे स्पष्ट दृष्टि तयार गर्न सघाउनु

## ३. अध्ययन विधि

उल्लिखित उद्देश्यहरू पुरा गर्न देहायका अध्ययन तरिकाहरू अवलम्वन गरिने छ :

**अध्ययन ढाँचा**: प्रस्तावित क्रियात्मक अनुसन्धान सम्पन्न गर्न कार्यशालामा आधारित गुणात्मक अनुसन्धान

(Qualitative Research ढाँचा अवलम्बन गरिनेछ । यसढाँचाअनुसार अध्ययन गर्ने क्रममा विभिन्न तहका सरोकारवालाहरू जस्तै : विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू, शिक्षा तालिम केन्द्रबाट प्रशिक्षण प्राप्त गरेका एवं नगरेका विद्यालयमा कार्यरत शिक्षक र प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक तालिमका क्षेत्रमा काम गर्दै आएका प्रतिष्ठित संस्था जस्तै; NELTA, Math, Nepali and Science council, British council इत्यादि का पदाधिकारीहरू, शिक्षक अभिभावक संघका पदाधिकारीहरू, स्थानीय तहका शिक्षा अधिकारीहरू, स्थानीय सरकारका प्रतिनिधिहरू, प्रादेशिक सरकारका प्रतिनिधिहरू तथा दायित्व वहन गरेका व्यक्तिहरू, संघीय सरकारका प्रतिनिधिहरू तथा दायित्व वहन गरेका व्यक्तिहरू लगायत राष्ट्रिय शैक्षिक जीवनका अनुभवि तथा विज्ञ व्यक्तिहरू सम्मिलित एक दिने कार्यशाला (workshop) सञ्चालन गरी लक्ष्यित समूह छलफल (Focused group discussion) बाट गुणात्मक सूचनाहरू संकलन गरिने छ । अध्ययनका लागि सरोकारवालाहरू छनौट गर्दा प्रदेश ३ को प्रतिनिधित्व हुनेगरी गरिने छ ।

यसका अतिरिक्त शिक्षकको पेशागत विकासका माध्यमबाट विद्यार्थी सिकाइउपलब्धि वृद्धिसम्बन्धी विश्व सन्दर्भ पुनराबलोकन तथा समीक्षा (desk review) गरी आवश्यक समसामयिक एवं नवीनतम तरिका र अभ्यासहरूको समेत पहिचान गरिनेछ । साथै पुनराबलोकन तथा समीक्षाको माध्यमबाट शिक्षा क्षेत्रको जनशक्तिको क्षमता विकासका लागि तालिमसम्बन्धी प्रचलित नीति तथा कार्यक्रमहरू, विश्व सन्दर्भ, स्थानीय सन्दर्भ एवं सम्बन्धित अध्ययनहरूको पुनराबलोकन तथा समीक्षा गरिने छ ।

कार्यशाला (workshop)को क्रममा (क) विद्यार्थी, (ख) शिक्षक (ग) प्रधानाध्यापक (घ) विद्यालय व्यवस्थापन समिति एवं शिक्षक अभिभावक संघका पदाधिकारीहरू, (ङ) शिक्षक तालिमका क्षेत्रमा काम गर्दै आएका प्रतिष्ठित संस्थाका पदाधिकारीहरू (च), स्थानीयतहका शिक्षा अधिकारीहरू, स्थानीय सरकारका प्रतिनिधिहरू र शिक्षा विकास तथा समन्वय इकाइका प्रमुखहरू (छ) शिक्षा क्षत्रमा उल्लेख्य योगदान दिइरहनुभएका विज्ञ व्यक्तिहरूसँग गरी कूल ७ ओटा लक्षित समूह छलफल (Focused group discussion) माथि उल्लेख गरिएका उद्देश्यहरू प्राप्तिका लागि आवश्यक निर्देशिका तयार गरी संचालन गरिनेछ ।

यसका अतिरिक्त प्रादेशिक सरकारका प्रतिनिधिहरू तथा तालिम केन्द्रमा दायित्व वहन गरेका व्यक्तिहरू लगायत संघीय सरकारका प्रतिनिधिहरूसँग थप सूचनाका लागि अन्तर्वार्ता (interview) समेत लिइनेछ ।

## ४. कार्यशालामा सहभागी गराइने महानुभावहरुसम्बन्धी योजना

| क्र.सं. | जिल्ला | सहभागी सरोकारवालाहरू | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय सरकार प्रमुख | स्थानीय शिक्षाप्रमुख | अभिभावक प्रतिनिधि | SMC | PTA | HT | Teacher | ECD Teacher | Student | |
| १ | रसुवा | | | × | × | × | १ | १ | × | × | २ |
| २ | धादिङ्ग | | | × | × | × | १ | १ | × | × | २ |
| ३ | चितवन | | | × | × | × | १ | १ | × | × | २ |
| ४ | रामेछाप | | | × | × | × | १ | १ | × | × | २ |
| ५ | दोलखा | | | × | × | × | १ | १ | × | × | २ |
| ६ | सिन्धुपाल्चोक | | | × | × | × | १ | १ | × | × | २ |
| ७ | काभ्रे | १ | १ | १ | १ | १ | १ | १ | २ | ८ | १७ |
| ८ | काठमाण्डौ | १ | १ | १ | १ | १ | १ | १ | २ | × | ९ |
| ९ | ललितपुर | १ | १ | १ | १ | १ | १ | १ | २ | × | ९ |
| १० | भक्तपुर | १ | १ | १ | १ | १ | १ | १ | २ | × | ९ |
| जम्मा | | ४ | ४ | ४ | ४ | ४ | १० | १० | ८ | ८ | ५६ |

* नोटः काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख, राष्ट्रिय शैक्षिक जीवनका अनुभवी तथा विज्ञ व्यक्तिहरू १० जना र शिक्षक तालिमका क्षेत्रमा काम गर्दै आएका प्रतिष्ठित संस्थाका पदाधिकारीहरू कम्तिमा ६ जना समावेश गरिनेछ ।

## ५. अनुसन्धान कार्यको वित्तीय योजना/अनुमान

यो अनुसन्धान कार्य सम्पन्न गर्नका लागि शिक्षा तालिम केन्द्रको आर्थिक वर्ष २०७५/०७६ का लागि प्रदेश सरकारबाट "विद्यार्थी उपलब्धि वृद्धिका लागि क्रियात्मक अनुसन्धान" कार्यका लागि प्राप्त रू ७,५०,००० बजेटमध्ये खर्च हुन बाँकी ४, ४५,०००। बाट देहायका कार्यहरू सम्पन्न गर्नका लागि खर्च गरिने छ ।

- अनुसन्धान कार्यको तयारी
- अनुसन्धान कार्य/कार्यशाला सञ्चालन
- कार्यशालाबाट प्राप्त भएका सूचना र जानकारीहरूको विश्लेषण र व्याख्या
- प्रतिवेदन तयारी

## ६. सूचनाहरुको, विश्लेषण, व्याख्या र प्रतिवेदनको तयारी

सन्दर्भ सामग्रीहरूको पुनराबलोकन तथा समीक्षा, सरोकारवालाहरू सम्मिलित लक्षित समूह छलफल (FGD) र अन्तवार्ताबाट आएका सूचनाहरू लगायत सर्भेक्षणका तथ्याङ्कको विश्लेषण तथा व्याख्या र प्राप्तिका आधारमा बस्तुपरक कार्यान्वयन योग्य सुझावहरू सहितको प्रतिवेदन तयारी गरिने छ ।

## ७. सुझावहरुको कार्यान्वयन

क्रियात्मक अनुसन्धानबाट प्राप्त सुझावहरू कार्यान्वयनका लागि शिक्षा तालिम केन्द्रका जिम्मेवार पदाधिकारीहरूबीच गहन छलफल गरी सङ्घीय र प्रदेश सरकारबाट प्राप्त हुने वार्षिक कार्यक्रमको कार्ययोजना निर्माण र कार्यान्वयनका क्रममा आवश्यक ध्यान दिइने छ । साथै शिक्षा क्षेत्रको जनशक्तिको क्षमता विकाससम्बन्धी थप नीति, रणनीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याउनका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी सक्रियताका साथ अघि बढिने छ ।

## ८. क्रियात्मक अनुसन्धान कार्य तालिका

| क्र.स. | क्रियाकलापहरू | सम्पादन गरिने मिति |
|---|---|---|
| १ | अवधारणा पत्रको तयारी | २०७६।०३।१५ सम्म |
| २ | सन्दर्भ सामग्रीहरूको पुनराबलोकन तथा समीक्षा | २०७६।०३।२० |
| ३ | सरोकारवालाहरू सम्मिलित कार्यशाला | २०७६।०३।३० |
| ४ | सूचनाहरूको, विश्लेषण, व्याख्या र प्रतिवेदनको तयारी | २०७६।०३।३१ |
| ५ | सुझावहरूको कार्यान्वयन | आगामी आर्थिक वर्षहरू |

## अनुसूची २, कार्यक्रम विवरण

### कार्यक्रमका उद्देश्यहरू

क. विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू पहिचान गरी सिकाइउपलब्धि वृद्धिका उपयुक्त उपायहरू पहिचान गरेर उपलब्धि बृद्धिमा सघाउनु

ख. शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता मूल्याङ्कन गर्नु

ग. शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउने उपायहरूको खोजी गरी कार्यान्वयन गर्नु

घ. परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे स्पष्ट दृष्टि तयार गर्न सघाउनु

| पहिलो सत्र<br>विहान ७ बजेदेखि १० बजेसम्म | दोस्रो सत्र<br>विहान १०.१५ देखि १२.१५ सम्म | तेस्रो सत्र<br>दिउँसो १.१५ देखि ३.१५ सम्म | चौथो सत्र<br>३.३० देखि ४.३० सम्म |
|---|---|---|---|
| सहभागी नाम दर्ता र चिया खाजा<br>**उद्घाटन सत्र**<br>अध्यक्षताः तोयानाथ खनाल, पिएचडी, तालिम प्रमुख<br>आसन ग्रहण- माननीय रत्नप्रसाद ढकाल, प्रमुख अतिथि<br>**अतिथिहरू**<br>प्रा. डा. विद्यानाथ कोइराला<br>प्रा. डा. प्रेमनारायण अर्याल<br>श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ, नगर प्रमुख, धुलिखेल<br>राष्ट्रिय गान<br>स्वागत मन्तव्य र कार्यक्रमको उद्देश्यमाथि प्रकाश<br>प्रमुख अतिथिबाट कार्यक्रमको उद्घाटन<br>मन्तव्य – अतिथिहरू र प्रमुख अतिथि<br>अध्यक्षबाट मन्तव्यसहित उद्घाटन सत्रको समापन<br>चियापान | **शिक्षा तालिमकेन्द्रको संक्षिप्त प्रस्तुति**<br>**शिक्षा तालिमकेन्द्र परिसरको स्थलगत अवलोकन लक्षियत समूह छलफल (FGD)सत्र**<br>१. शिक्षाविद्<br>२. विद्यार्थी<br>३. शिक्षक<br>४. प्रधानाध्यापक<br>५ विव्यस र PTA का पदाधिकारी र अभिभावक<br>६ स्थानीय सरकारका प्रतिनिधि, शिक्षा अधिकारी र शिक्षा विकास तथा समन्वय एकाइका प्रमुखहरू<br>७. शिक्षकका लागि तालिम प्रदान गर्ने संस्था (British counsil, NELTA, Math / Science council का प्रतिनिधिहरू | **समूहगत प्रस्तुति सत्र**<br>१.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७.<br>**सबै समूहको प्रस्तुतिका बारेमा खुला छलफल (Open discussion)** | **समापन सत्र**<br>अध्यक्षता<br>मन्तव्यहरू<br>•<br>•<br>•<br>•<br>समापन<br>चियापान |

नोटः १० बजेदेखि १०.१५ सम्म चिया, १२.१५ देखि १.१५ सम्म खाना, ३.१५ देखि ३.३० सम्म चिया, ४.३० देखि ५.३० सम्ममा प्रशासनिक कार्यसमेत समाप्त गरिनेछ ।

कार्यक्रममा प्रदेश नं. ३ का १० जिल्लाका सरोकारवालाहरूको प्रतिनिधित्व रहने व्यवस्था गरिएको छ । सरोकारवालाहरूलाई FGD का लागि विभिन्न ७ समूहमा राखिनेछ । तालिमकेन्द्रको सुधारका लागि सबै सरोकारवालाहरूको सक्रिय सहभागिताको अपेक्षा गरिएको छ । प्रत्येक समूहका लागि कम्तीमा एकजना सहजकर्ताको व्यवस्था गरिने छ । सहजकर्ताले आआफ्नो समुहका सदस्यहरूलाई उद्देश्यमा केन्द्रित गरेर FGD सञ्चालन गर्नुका साथै तेस्रो सत्रमा कम्तीमा १० मिनेट समयमा FGD बाट आएका मुख्यमुख्य कुराहरूको संक्षिप्त प्रस्तुति गर्नुपर्नेछ । साथै आफ्नो समूहको प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी बढीमा एक हप्ताभित्र तालिमकेन्द्रमा पेश गर्नुपर्नेछ ।

**अनुसूची ३, उद्घाटन सत्रको कार्यक्रम विवरण**

कार्यक्रम सञ्चालनः विष्णुमाया सापकोटा, प्रशिक्षक शिक्षा तालिमकेन्द्र धुलिखेल

| सि.नं. | कार्यक्रमहरू | जिम्मेवारी | समय | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्षता | तोयानाथ खनाल, पिएचडी | | |
| २ | आसन ग्रहण | माननीय रत्नप्रसाद ढकाल, प्रमुख अतिथि<br>अतिथिहरू<br>प्रा. डा. विद्यानाथ कोइराला<br>प्रा. डा. प्रेमनारायण अर्याल<br>श्री अशोक कुमार व्याञ्जु श्रेष्ठ, नगर प्रमुख, धुलिखेल<br>सातओटा समूहका सहजकर्ताहरू<br>सहभागीहरू | ५ मिनेट | |
| ३ | राष्ट्रिय गान | प्रमुख अतिथि, अतिथिहरू र सहभागीहरू | ५ मिनेट | |
| ४ | कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य | श्री मनोज नेपाली सिर्मल, प्रशिक्षक, शिक्षा तालिम केन्द्र | ७ मिनेट | |
| ५ | कार्यक्रमको उद्घाटन | माननीय रत्नप्रसाद ढकाल<br>प्रमुख अतिथि | ५ मिनेट | |
| ६ | शुभकामना मन्तव्य | श्री अशोक कुमार व्याञ्जु श्रेष्ठ<br>नगर प्रमुख, धुलिखेल<br>प्रा. डा. प्रेमनारायण अर्याल<br>प्रा. डा. विद्यानाथ कोइराला<br>माननीय रत्नप्रसाद ढकाल<br>प्रमुख अतिथि | ३० मिनेट | |
| ७ | उद्घाटन सत्रको समापन | तोयानाथ खनाल, पिएचडी, अध्यक्ष | ५ मिनेट | |

**अनुसूची ४: प्रमुख अतिथि, अतिथिहरु र सहभागीहरुको नामावली**

| सि. नं. | नामथर र पद | सम्बन्धित संस्था/कार्यालय |
|---|---|---|
| १ | श्री रत्नप्रसाद ढकाल, प्रदेश सांसद | |
| २ | प्रा. डा. विद्यानाथ कोइराला | शिक्षा विद् |
| ३ | प्रा. डा. प्रेमनारायण अर्याल | शिक्षा विद् |
| ४ | श्री अशोककुमार व्यान्जु श्रेष्ठ, नगर प्रमुख | धुलिखेल नगरपालिका |
| ५ | तोयानाथ खनाल, पिएचडी, तालिम प्रमुख | शिक्षा तालिम केन्द्र धुलिखेल |
| ६ | श्री लोकबहादुर वाइवा, अधिकृतस्तर | शिक्षा तालिम केन्द्र धुलिखेल |
| ७ | श्री मनोज नेपाली सिर्मल | शिक्षा तालिम केन्द्र धुलिखेल |
| ८ | श्री विष्णुमाया सापकोटा, प्रशिक्षक | शिक्षा तालिम केन्द्र धुलिखेल |
| ९ | श्री शेषमणि खतिओडा, अधिकृतस्तर छैटौं | शिक्षा तालिम केन्द्र धुलिखेल |
| १० | बासुप्रसाद सुवेदी, पिएचडी | काठमाडौं विश्वविद्यालय |
| ११ | धनपति सुवेदी, पिएचडी | काठमाडौं विश्वविद्यालय |
| १२ | राधेश्याम ठाकुर, पिएचडी | महालक्ष्मी मावि ललितपुर |
| १३ | सर्मिला देवकोटा (पोखरेल), पिएचडी | पद्मोदय मावि काठमाडौं |
| १४ | श्री धनञ्जय शर्मा, शिक्षाविद् | पूर्व प्रअ ज्ञानोदय स्कुल |
| १५ | श्री हेरम्बराज कडेल, प्रधानाध्यापक | विश्वनिकेतन स्कुल |
| १६ | श्री पूर्णप्रसाद पन्त, शिक्षक | गणित विषयका रोष्टर |
| १७ | श्री छवि चौलागाइँ | प्रारम्भिक बाल विकास विज्ञ |
| १८ | श्री दिपक रोक्का | एमजीएमएल विज्ञ |
| १९ | श्री खरिका पराजुली, पिएचडी विद्यार्थी | त्रिभुवन विश्वविद्यालय |
| २० | श्री महेन्द्रबहादुर कठेत, पूर्व प्रधानाध्यापक | हिमालयन ट्रस्ट |
| २१ | श्री विष्णु घिताल, संयोजक | सामाजिक विकास समिति, धुलिखेल नपा |
| २२ | श्री रामप्रसाद अधिकारी, पूर्व प्रधानाध्यापक | |
| २३ | श्री योगेन्द्रप्रसाद बराल, एकाइ प्रमुख | शिवि तथा सइ ललितपुर |
| २४ | श्री बलबहादुर कार्की, एकाइ प्रमुख | काभ्रे |
| २५ | श्री नन्दलाल पौडेल, ,,,, ,, | ,, ,, ,, काठमाडौं |
| २६ | श्री खेमनाथ पोखरेल ,, ,, | ,, ,, ,, भक्तपुर |
| २७ | श्री बालकृष्ण गैरे, शिक्षा अधिकारी | मध्यपुर नगरपालिका |
| २८ | श्री बौधराज निरौला, शिक्षा अधिकारी | शिखरापुर नगरपालिका |
| २९ | श्री माधव शर्मा, शिक्षा अधिकारी | धुलिखेल नगरपालिका |
| ३० | श्री पूर्णबहादुर दर्जी, कार्यालय प्रमुख | सार्वजनिक निर्माण कार्यान्वयन इकाइ काभ्रे |
| ३१ | श्री मिनबहादुर अछामी, प्रधानाध्यापक | ललितपुर |

| सि. नं. | नामथर र पद | सम्बन्धित संस्था/कार्यालय |
|---|---|---|
| ३२ | श्री रामचन्द्र थापा, प्रधानाध्यापक | भालेश्वर मावि पनौती |
| ३३ | श्री राजेन्द्र के सी, अध्यक्ष | भालेश्वर मावि पनौती |
| ३४ | श्री विश्वनाथ कर्माचार्य, पूर्व उपसचिव | |
| ३५ | श्री सानुकाजी महत, प्रधानाध्यापक | संजिवनी मावि धुलिखेल |
| ३६ | श्री रमेशप्रसाद अवस्थी, सदस्य | गणित परिषद |
| ३७ | श्री यौवनकुमार राना, शिक्षक | भक्तपुर |
| ३८ | श्री विष्णुप्रसाद कायस्थ, प्रधानाध्यापक | भक्तपुर |
| ३९ | श्री मुना श्रेष्ठ, विद्यार्थी | पूर्ण संजिवनी मावि धुलिखेल |
| ४० | श्री दिपक श्रेष्ठ, विद्यार्थी | ,, ,, ,, ,, |
| ४१ | श्री सागर कोइराला, विद्यार्थी | संजिवनी मावि धुलिखेल |
| ४२ | श्री पर्वत भुजेल, विद्यार्थी | चैतन्य मावि बनेपा |
| ४३ | श्री क्रिष्टिना तिमल्सिना, विद्यार्थी | संजिवनी मावि धुलिखेल |
| ४४ | श्री पूर्णप्रसाद दवाडी, प्रधानाध्यापक | नारायणी मावि चितवन |
| ४५ | श्री गुरूप्रसाद पौडेल, प्रशिक्षक | सम्पर्क शिताके, चितवन |
| ४६ | श्री जीवनप्रसाद फूयल, कर्मचारी | ,, ,, काठमाडौं |
| ४७ | श्री विष्णु चौलागाइँ, पत्रकार | काभ्रे पोष्ट |
| ४८ | श्री राधा पाण्डे, शिक्षक | रसुवा |
| ४९ | श्री भोगेन्द्र लामिछाने | द्यचष्तष्कज ऋयगलकर्ष |
| ५० | श्री गोविन्दप्रसाद शर्मा, सदस्य | ल्मेत्छ धुलिखेल |
| ५१ | श्री रमेश अधिकारी, प्रधानाध्यापक | चैतन्य मावि बनेपा |
| ५२ | श्री रामबहादुर श्रेष्ठ, | यापी भैरव मावि भक्तपुर |
| ५३ | श्री नवराज सञ्जेल, अध्यक्ष | बज्रबाराही मावि ललितपुर |
| ५४ | श्री राजु खत्री, शिक्षक | जनप्रभात मावि |
| ५५ | श्री यन्द्रकुमार दाहाल, शिक्षक | महेन्द्रग्राम मावि भक्तपुर |
| ५६ | श्री उषा नेपाली, शिक्षक | रा मावि चितवन |
| ५७ | श्री सर्मिला शाख (नायजु), शिक्षक | यापी भैरव मावि |
| ५८ | श्री प्रभा आचार्य, शिक्षक | जनशक्ति प्रावि |
| ५९ | श्री लोकराज जोशी, शिक्षक | त्रिपुरासुन्दरी मावि |
| ६० | श्री लक्ष्मी गौतम, शिक्षक | जाल्पादेवी मावि |
| ६१ | श्री नवीनजंग शाही, सदस्य | NELTA दोलखा |
| ६२ | श्री सञ्जय तिम्सिना, सदस्य | NELTA ललितपुर |
| ६३ | श्री मनोज आचार्य, सदस्य | STAN |

**अनुसूची ५, लक्ष्यित समूह छलफल (Focused Group Discussion) का सहजकर्ताहरुको विवरण**

कार्यक्रम सम्पन्न मिति २०७६।०३।३०

| सि. नं. | लक्ष्यित समूहहरू | सहभागी संख्या | सहजकर्ता |
|---|---|---|---|
| १ | शिक्षा विद् | | बासुप्रसाद सुवेदी, पिएचडी |
| २ | विद्यार्थी | | पूर्णबहादुर दर्जी, उपसचिव<br>राधेश्याम ठाकुर, पिएचडी |
| ३ | शिक्षक | | पूर्ण प्रसाद पन्त, शिक्षक |
| ४ | प्रधानाध्यापक | | रामचन्द्र थापा, प्रअ |
| ५ | विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघका पदाधिकारीहरू | | राजेन्द्र केसी, अध्यक्ष<br>खरिका पराजुली |
| ६ | स्थानीय तहका जनप्रतिनिधि, शिक्षा अधिकारी र एकाइ प्रमुखहरू | | विश्वनाथ कर्माचार्य |
| ७ | शिक्षकका लागि तालिम प्रदान गर्ने संस्थाका प्रतिनिधिहरू | | सानुकाजी महत |

## अनुसूची ६ : शिक्षा तालिम केन्द्रको कार्यविवरण

प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालय अन्तर्गत रहने गरी शिक्षा तालिम केन्द्रको स्थापनाको औचित्यलाई दृष्टिगत गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघ स्तरमा रहेका निकायहरूको कार्य विवरणसँग नबाँझिने गरी देहायका कार्य विवरण निर्धारण गरिएको छ ।

१. विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण अनुसार शिक्षक तथा कर्मचारीको क्षमता विकासका कार्यहरू
२. पाठ्यक्रम सम्बद्ध अध्ययन अनुसन्धान तथा पाठ्यक्रम कार्यान्वयन अनुगमन व्यवस्था
३. पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयनका लागि तालिम सञ्चालन
४. प्रदेश तथा स्थानीय तहसंग पाठ्यक्रम सम्बद्ध क्रियाकलापमा समन्वय, क्षमता विकास र प्राविधिक सेवा प्रवाह
५. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम तथा मानव संसाधन विकासको क्षेत्रमा मन्त्रालयको नीतिको कार्यान्वयन
६. शैक्षिक तालिम कार्यक्रम तथा निकायहरूको तोकिएको मापदण्ड अनुसार सम्बन्धन, प्राविधिक सहयोग, समन्वय, अनुगमन तथा नियमन
७. शिक्षक विकासका लागि प्रदेश तहमा मापदण्ड तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्यहरू
८. विभिन्न तहमा शैक्षिक गुणस्तरका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणिकरण तालिम सामग्री उत्पादन तथा वितरण सम्बन्धी कार्य
९. शिक्षक तालिम मान्यता तथा समक्षकताका कार्य
१०. तोकिए बमोजिमका अन्य कार्यहरू

## तालिम शाखाको कार्यविवरण

१. शैक्षिक गुणस्तर सुधारका लागि तालिम पाठ्यक्रम तथा नमूना तालिम सामग्री विकास र प्रमाणीकरण गर्ने
२. शिक्षकको क्षमता विकास सम्बन्धी कार्यक्रम तर्जुमा, मापदण्ड विकास गर्ने
३. सेवाकालीन शिक्षक तालिमको लागि पाठ्यक्रम निर्माण र स्वीकृति तथा नमूना तालिम स्रोत सामग्री विकास, प्रशिक्षक तयारी, तालिम मापदण्ड विकास, तालिमको प्रमाणीकरण तथा समकक्षता निर्धारण सम्बन्धी कार्य गर्ने
४. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग, मातृभाषामा शिक्षण, समावेशी तथा अपांगता भएका बालबालिकाका लागि गरिने शिक्षण, बहु कक्षा बहुवर्ग शिक्षण, सुरक्षित विद्यालय, बालमैत्री विद्यालय, कार्य अनुसन्धान लगायतका क्षेत्रमा शिक्षकहरूका लागि मागमा आधारित तालिम कोर्षको विकास, प्रशिक्षक प्रशिक्षण, तालिम संचालन र तालिमको फलोअप सम्बन्धी कार्यहरू

५. अपांगता भएका बालबालिकाका लागि विशेष प्रकृतिका विद्यालयबाट दिइने शिक्षा सम्बन्धी कार्यहरूमा शिक्षकलाई पेशागत सहजिकरण गर्ने
६. शिक्षक तालिमको मुल्यांकनका लागि ग्रिड विकासतथा नमूना प्रश्नहरू निर्माण तथा तालिमको मुल्याङ्कन को मापदण्ड तयार गर्ने
७. सेवाकालीन शिक्षक तालिमको लागि डिजिटल सामग्रीहरूको विकास, उत्पादन, वितरण र प्रसारण सम्बन्धी कार्यहरू गर्ने
८. स्थानीय तह विशेष गरी विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समिति, गाउँ वा नगर शिक्षा समिति र गाउँ तथा नगर पालिकाका पदाधिकारी र शिक्षा हेर्ने कर्मचारीहरूको शिक्षासँग सम्बन्धित क्षमता अभिबृद्धिका कार्यक्रमहरूको तर्जुमा र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने
९. प्रदेश अन्तरगतका शैक्षिक तालिम कार्यक्रम सम्बन्धी काममा शिक्षा तथा मानव विकास केन्द्रसँग सम्पर्क समन्वय र सहकार्य सम्बन्धी कार्य गर्ने
१०. तोकिएका अन्य कार्य

## प्रशासन फाँटको कार्यविवरण

१. तालिम केन्द्रको सामान्य दैनिक प्रशासन संचालनसम्बन्धी कार्यहरू गर्ने
२. केन्द्रको कर्मचारी व्यवस्थापन, कार्यालय व्यवस्थापन र मुल दर्ता तथा चलानी र पालो पहरा तोक्ने सम्बन्धी कार्यहरू गर्ने
३. स्वीकृत कार्यक्रम र बजेट अनुसार कार्यालयबाट खरिद गर्नुपर्ने जिन्सी सामान खरिद योजना (procurement Plan) बनाई खरिद गर्ने र सो को उचित रेखदेख, मर्मतसम्भार र वितरणको व्यवस्था मिलाउने सम्बन्धी कार्य गर्ने
४. केन्द्रको सम्पत्ति संरक्षण, जिन्सी व्यवस्थापन, भण्डार व्यवस्थापन, कर्मचारीको व्यक्तिगत अभिलेख व्यवस्थापन र कार्य सम्पादन मुल्यांकन सम्बन्धी कार्यहरू गर्ने कार्यालय व्यवस्थापन सम्बन्धी कार्यहरू गर्ने
५. कार्यालयका कर्मचारीहरूको वार्षिक तलवी प्रतिदेवन तथा सम्पत्ति विवरण सम्बन्धी आवश्यक कार्य गर्ने
६. सवारी साधनको खरिद, मर्मत सम्भार, उचित व्यवस्थापन, वितरण एंव इन्धन सम्बन्धी आवश्यक कार्यहरू गर्ने
७. तालिम केन्द्र र परिसरको आन्तरिक व्यवस्थापन, सुरक्षा, सरसफाइ तथा चमेना गृहको तियमित अनुगमन गरी तोकिएबमोजिम भए नभएको अनुगमन गरी व्यवस्थपान मिलाउने
८. तालिम केन्द्रका कामका बारेमा पर्न आएका विभिन्न उजुरी एवं गुनासोहरूको छानविन गर्ने, गराउने सम्बन्धी आवश्यक कार्यहरू गर्ने

९. सार्वजनिक सेवामा पारदर्शिता र जवाफदेहिता कायम गर्न, गराउने ऐन नियम, विनियम, निर्देशिका लगायतले निर्देश गरे बमोजिम कार्यान्यवन गर्ने
१०. केन्द्रले तोकेका अन्य कार्यहरू गर्ने

**कार्यक्रम तथा अनुमगन शाखाको कार्यविवरण**

१. केन्द्रको तालिम सम्बन्धी योजना, वार्षिक कार्यक्रम र बजेट तर्जुमा सम्बन्धी कार्यहरू गर्ने र यस सम्बन्धी तोकिएका ढाँचामा मस्यौदा तयार पारी स्वीकृतिका लागि पेश गर्ने
२. वार्षिक कार्यक्रम कार्यान्वयनका निम्ति शाखा तथा फाँटहरूबीच समन्वयका कार्यहरू गर्ने
३. तालिम केन्द्रको आवधिक तथा वार्षिक प्रगति विवरण तयारी, समीक्षा र प्रतिवेदन सम्बन्धी कार्यहरू तोकिए बमोजिम गर्ने
४. कार्यक्रम व्यवस्थापन प्रणाली शैक्षिक सूचना व्यवस्थापन प्रणाली तथा आर्थिक सूचना व्यवस्थापन प्रणालीहरूबाट उपलव्ध सूचनाहरूको आधारमा संचालित कार्यक्रमहरूको प्रभावकारिता विश्लेषण गरी कार्यक्रमसहरूमा उचित सुधार ल्याउन उपलब्धिको समिक्षा गर्ने गराउने
५. पाठ्यक्रम, पाठ्यपुस्तक, अन्य पाठ्य सामग्री कार्यान्वयनको प्रवोधिकरण र अनुगमन सम्बन्धी कार्य
६. शैक्षिक अनुसन्धानको क्षेत्र पहिचान गर्ने तथा यस सम्बन्धी नीति निर्धारणमा सहयोग पुग्राउने
७. गुणस्तरीय शिक्षाका लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अनुसन्धानको संकलन, विश्लेषण गरी प्रदेशको परिप्रेक्षमा त्यसका उपयोगी अवधारणाहरूको प्रयोगको सम्भाव्यता अध्ययन गर्ने गराउने
८. केन्द्रले तोकेका अन्य कार्यहरू गर्ने

**आर्थिक प्रशासन फाँटको कार्यविवरण**

१. तालिम केन्द्रको आर्थिक कारोवारको नियमित लेखा राख्ने र प्रतिवेदन तयार पारी सम्बन्धित निकायमा पठाउने
२. स्वीकृत बजेट रकम मध्येबाट सम्बन्धित कार्यक्रमको रकम निकासा दिने
३. खर्चको हिताव रित पूर्वक राख्ने तथा लेखापालन सम्बन्धी कार्य
४. खर्च भए अनुसार फाँटवारी तथा आर्थिक विवरण, वित्तिय प्रगगि प्रतिवेदन सम्बन्धी कार्य
५. आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धी कार्यहरू
६. अन्तिम लेखापरीक्षणमा औंल्याइएको बेरूजु फछयौंट सम्बन्धी कार्यहरू गर्ने
७. प्रचलित आर्थिक कार्यविधि ऐन तथा नियमावली बमोजिम आर्थिक प्रशासन शाखा वा फाँटले गर्नुपर्ने भनी तोकिएको अन्य कार्यहरू गर्ने
८. केन्द्रले तोकेका अन्य आर्थिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने

**अनुसूची ७ : लक्षित समूह छलफल मार्ग निर्देशक प्रश्नहरु**

## छलफलका उद्देश्यहरू

क. विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू पहिचान गरी सिकाइउपलब्धि वृद्धिका उपयुक्त उपायहरू पहिचान गरेर उपलब्धि बृद्धिमा सघाउनु

ख. शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता मूल्याङ्कन गर्नु

ग. शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउने उपायहरूको खोजी गरी कार्यान्वयन गर्नु

घ. परिवर्तित सन्दर्भमाशिक्षातालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे स्पष्ट दृष्टि तयार गर्न सघाउनु

उल्लिखित उद्देश्यहरू पूरा गर्नका लागि प्रत्येक समूहबाट सकेसम्म विश्वसनीय सूचना र जानकारी लिनका लागि प्रत्येक विद्यार्थीका लागि

| क्र.सं | मार्गनिर्देशक प्रश्नहरू | छलफलका प्राप्ति |
|---|---|---|
| १ | विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू के के होलान् ? | |
| २ | सिकाइ उपलब्धि बढाउन के के गर्नु पर्ला ? | |
| ३ | शिक्षकको पढाउने तरिका को कमजोरीका कारणले सिकाइ उपलब्धि न्यून भएको होला ? कसरी ? | |
| ४ | कक्षा कोठामा कस्ता क्रियाकलापहरू भइदिए सिकाइ प्रभावकारी हुने थियो होला ? | |
| ५ | शिक्षकहरूले के कस्ता तालिम तालिम पाउनु भयो भने राम्रो संग सिकाउन सक्नु हुन्छ होला ? | |
| ६ | छलफलमा उठेका सन्दर्भका आधारमा थप प्रश्नहरू गरी सुचना प्राप्त गर्ने | |

**शिक्षकका लागि**

| क्र.सं. | मार्गनिर्देशक प्रश्नहरू | छलफलका प्राप्ति |
|---|---|---|
| १ | विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू के के होलान् ? | |
| २ | सिकाइ उपलब्धि बढाउन के के गर्नु पर्ला ? | |
| ३ | शिक्षकको पढाउने तरिका का कारणले सिकाइ उपलब्धि न्यून भएको होला ? कसरी ? | |
| ४ | शिक्षक तालिमले विद्यार्थीका सिकाइ उपलब्धि बढाउन सघाउला ? | |

| | | |
|---|---|---|
| ५ | यहाँहरू कस्ता  कस्ता तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ६ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता कस्तो पाउनु भएको छ ? | |
| ७ | शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के गर्नु पर्ला ? | |
| ८ | परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे केहि सुझाव दिनु हुन्छ ? | |
| ९ | छलफलमा उठेका सन्दर्भका आधारमा थप प्रश्नहरू गरी सुचना प्राप्त गर्ने | |

**प्रधानाध्यापकका लागि**

| क्र.सं. | मार्गनिर्देशक प्रश्नहरू | छलफलका प्राप्ति |
|---|---|---|
| १ | विद्यार्थी सिकाइ उपलब्धि भनेको के हो? | |
| २ | विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू के के होलान् ? | |
| ३ | सिकाइ उपलब्धि बढाउन के के गर्नु पर्ला ? | |
| ४ | सिकाइ उपलब्धि वृद्धि गराउने मुख्य भुमिका कसको रहन्छ ? | |
| ५ | विद्यार्थीहरूमा अहिले पढ्ने रूचिमा किन कमि आएको होला ? | |
| ६ | शिक्षकको पढाउने तरिका का कारणले सिकाइ उपलब्धि न्यून भएको होला ? कसरी ? | |
| ७ | सिकाइ उपलब्धि वृद्धि गर्नका लागि कस्तो खालको शिक्षक चाहिन्छ ? | |
| ८ | शिक्षकको शिक्षण सिपमा रूपान्तरण गर्ने प्रमुख निकाय कुन हो? | |
| ९ | विद्यालयलाई गतिशिल बनाउनका लागि कस्तो प्रकारको प्रधानाध्यापक हुन जरूरी देखिन्छ ? | |
| १० | तपाईको नेतृत्व क्षमतामा के सुधार गरेमा शिक्षकको शिक्षण गर्ने तरिकामा फरकपना आउनसक्छ? | |
| ११ | प्र. अ. का लागि कस्ता  कस्ता  प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| १२ | शिक्षक तालिमले  विद्यार्थीका सिकाइ उपलब्धि बढाउन सघाउला ? कसरी ? | |
| १३ | शिक्षकका लागि कस्ता  प्रकृतिको तालिमको खाँचो महसुस गर्नुहुन्छ ? | |

| | | |
|---|---|---|
| १४ | शिक्षा तालिम केन्द्रबाट सञ्चालन भएका यस भन्दा अगाडिका तालिमहरूले शिक्षकहरूमा कस्तो परिवर्तन आएको पाउनुभयो | |
| १५ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता कस्तो पाउनु भएको छ ? | |
| १६ | शिक्षा तालिम केन्द्रको तालिम कार्यक्रम किन प्रभावकारी नदेखिएको होला? कि प्रभावकारि छ ? | |
| १७ | शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के गर्नु पर्ला ? | |
| १८ | परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे केहि सुझाव दिनु हुन्छ ? | |
| १९ | अबको शिक्षा तालिम केन्द्रको तालिम सञ्चालन गर्ने क्षेत्रहरू कुन कुन हुनुपर्छ ? | |

**विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक संघका पदाधिकारी र अभिभावकका लागि**

| क्र.सं. | मार्गनिर्देशक प्रश्नहरू | छलफलका प्राप्ति |
|---|---|---|
| १ | विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू के के होलान् ? | |
| २ | सिकाइ उपलब्धि बढाउन के के गर्नु पर्ला ? | |
| ३ | शिक्षकको पढाउने तरिका का कारणले सिकाइ उपलब्धि न्यून भएको होला ? कसरी ? | |
| ४ | शिक्षक तालिमले विद्यार्थीका सिकाइ उपलब्धि बढाउन सघाउला ? | |
| ५ | पविर्तित सन्दर्भमा शिक्षकका लागि कस्ता प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ६ | प्र. अ.का लागि कस्ता कस्ता प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ७ | अहिलेको सन्दर्भमा सिकाइ उपलब्धि वृद्धि गराउन शिक्षकले मात्र कार्य गरे पुग्छ की अन्य पक्षहरूको पनि आवश्यकता पर्दछ ? पर्दछ भने कुन कुन पक्षको आवश्यकता पर्दछ ? | |
| ८ | सिकाइ उपलब्धि वृद्धि गर्नको लागि तपाँइ वातावरणलाई कत्तिको महत्व ठान्नुहुन्छ ? | |
| ९ | विद्यालयमा सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने निकाय कुन होला ? | |

| | | |
|---|---|---|
| १० | विद्यालय व्यबस्थापन समितिलाई तालिमको आवश्यकता पर्छ कि पर्दैन होला? पर्छ भने कस्ता पक्षहरूलाई समेटेर तालिम सञ्चालन गर्नुपर्छ होला ? | |
| ११ | तपाँइहरू कहिल्यै शिक्षा तालिम केन्द्र आइपुग्नु भएको छ ? | |
| १२ | यहाँहरूको विचारमा शिक्षा तालिम केन्द्र कस्तोहुपर्छ ? | |
| १३ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता कस्तो पाउनु भएको छ ? | |
| १४ | शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के गर्नु पर्ला ? | |
| १५ | परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे केहि सुझाव दिनु हुन्छ ? | |
| १६ | अबको शिक्षा तालिम केन्द्रको तालिम सञ्चालन गर्ने क्षेत्रहरू कुन कुन हुनुपर्छ ? | |

**स्थानीय तहका जनप्रतिनिधि, शिक्षा अधिकारी र शिक्षा विकास तथा समन्वय एकाइका प्रमुखका लागि**

| क्र.सं. | मार्गनिर्देशक प्रश्नहरू | छलफलका प्राप्ति |
|---|---|---|
| १ | विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू के के होलान् ? | |
| २ | सिकाइ उपलब्धि बढाउन के के गर्नु पर्ला ? | |
| ३ | शिक्षकको पढाउने तरिका का कारणले सिकाइ उपलब्धि न्यून भएको होला ? कसरी ? | |
| ४ | शिक्षक तालिमले विद्यार्थीका सिकाइ उपलब्धि बढाउन सघाउला ? | |
| ५ | पविर्तित सन्दर्भमा शिक्षकका लागि कस्ता  प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ६ | प्र. अ.का लागि कस्ता  कस्ता  प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ७ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता कस्तो पाउनु भएको छ ? | |
| ८ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता अझ बढाउन स्थानीय सरकार/शिक्षा विकास तथा समन्वय एकाइको कस्तो सम्बन्ध एवं भुमिकाको खाँचो पर्ला ? | |
| ९ | शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के गर्नुपर्ला ? | |
| १० | परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे केहि सुझाव दिनु हुन्छ ? | |
| ११ | छलफलमा उठेका सन्दर्भका आधारमा थप प्रश्नहरू गरी सुचना प्राप्त गर्ने | |

## तालिम प्रदायक संस्थाका प्रतिनिधिहरुका लागि

| क्र.सं. | मार्गनिर्देशक प्रश्नहरू | छलफलका प्राप्ति |
|---|---|---|
| १ | विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू के के होलान् ? | |
| २ | सिकाइ उपलब्धि बढाउन के के गर्नु पर्ला ? | |
| ३ | शिक्षकको पढाउने तरिका का कारणले सिकाइ उपलब्धि न्यून भएको होला ? कसरी ? | |
| ४ | शिक्षक तालिमले विद्यार्थीका सिकाइ उपलब्धि बढाउन सघाउला ? | |
| ५ | पविर्तित सन्दर्भमा शिक्षकका लागि कस्ता प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ६ | प्र. अ.का लागि कस्ता कस्ता प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ७ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता कस्तो पाउनु भएको छ ? | |
| ८ | शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के गर्नुपर्ला ? | |
| ९ | परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे केहि सुझाव दिनु हुन्छ ? | |
| १० | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता अझ बढाउन शिक्षकका लागि तालिम प्रदान गर्ने अन्य संस्थाहरूको कस्तो सम्बन्ध एवं भुमिकाको खाँचो पर्ला ? | |
| ११ | छलफलमा उठेका सन्दर्भका आधारमा थप प्रश्नहरू गरी सुचना प्राप्त गर्ने | |

## शिक्षाविद्का लागि

| क्र.सं. | मार्गनिर्देशक प्रश्नहरू | छलफलका प्राप्ति |
|---|---|---|
| १ | विद्यार्थीका सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू के के होलान् ? | |
| २ | सिकाइ उपलब्धि बढाउन के के गर्नु पर्ला ? | |
| ३ | शिक्षकको पढाउने तरिका का कारणले सिकाइ उपलब्धि न्यून भएको होला ? कसरी ? | |
| ४ | शिक्षक तालिमले विद्यार्थीका सिकाइ उपलब्धि बढाउन सघाउला ? | |
| ५ | पविर्तित सन्दर्भमा शिक्षकका लागि कस्ता प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ६ | प्र. अ.का लागि कस्ता कस्ता प्रकृतिको तालिमको खाँचो महसुस गर्नु हुन्छ ? | |
| ७ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता कस्तो पाउनु भएको छ ? | |
| ८ | शिक्षक तालिम कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के के गर्नुपर्ला ? | |
| ९ | परिवर्तित सन्दर्भमा शिक्षा तालिम केन्द्रको भूमिका तथा कार्य प्रक्रिया बारे केहि सुझाव दिनु हुन्छ ? | |
| १० | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता अझ बढाउन स्थानीय सरकार/शिक्षा विकास तथा समन्वय एकाइको कस्तो सम्बन्ध एवं भुमिकाको खाँचो पर्ला ? | |
| ११ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता अझ बढाउन शिक्षकका लागि तालिम प्रदान गर्ने अन्य संस्थाहरूको कस्तो सम्बन्ध एवं भुमिकाको खाँचो पर्ला ? | |
| १२ | शिक्षा तालिम केन्द्रबाट प्रदान गरिएका तालिमको प्रभावकारिता अझ बढाउन शिक्षाविदहरूकोकस्तो सम्बन्ध एवं भुमिकाको खाँचो पर्ला ? | |
| १३ | छलफलमा उठेका सन्दर्भका आधारमा थप प्रश्नहरू गरी सुचना प्राप्त गर्न सकिने | |

# अनलाइनमा आधारित तालिम कार्यक्रममा सहभागीहरूको नियमितता र सक्रियता कसरी बढाउन सकिएला ?

## कार्यमूलक अनुसन्धान प्रतिबेदन




प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**शिक्षा तालिम केन्द्र**
बागमती प्रदेश
काभ्रे, धुलिखेल
३० असार, २०७७

# अनलाइनमा आधारित तालिम कार्यक्रममा सहभागीहरूको नियमितता र सक्रियता कसरी बढाउन सकिएला?

शीर्षकमा गरिएको कार्यमूलक अनुसन्धान प्रतिवेदन २०७७


**सल्लाह सुझाव**

तोयानाथ खनाल, पिएचडी, तालिम प्रमुख

शिक्षा तालिम केन्द्र, धुलिखेल

**लेखन तथा सम्पादन**

बासुप्रसाद सुवेदी, पिएचडी, काठमाडौं विश्वविद्यालय

नवराज नेपाल, अधिकृतस्तर आठौं

लोकबहादुर वाइवा, अधिकृतस्तर आठौं

मनोजकुमार पौडेल, अधिकृतस्तर सातौं

जगतबहादुर आलेमगर, कमलामाइ नगरपालिका, सिन्धुली



## शिक्षा तालिम केन्द्र, धुलिखेल

काभ्रेपलाञ्चोक

# अनलाइनमा आधारित तालिममा सहभागीहरूको नियमितता र सक्रियता कसरी बढाउन सकिएला?

## कृतज्ञता

अहिलेको युग भनेको कुनै पनि क्षेत्रमा अध्ययन अनुसन्धान गरेर अनुसन्धानबाट प्राप्त निश्कर्षका आधारमा अगाडि बढ्ने युग हो । यसो गर्नाले सरोकारवालाहरूको आवश्यकता र तथ्यका आधारमा अगाडि बढ्नका लागि आधार तयार हुन्छ । आर्थिक वर्ष २०७६/०७७ मा गरिएको यस अध्ययनले शिक्षा तालिम केन्द्र धुलिखेललाई विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको महामारीका कारण बन्दाबन्दीका अवस्थामा थालनी गरिएको अनलाइनमा आधारित तालिम लगायत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा निरन्तरता दिनका लागि महत्वपूर्ण आधार दिनेछ भन्ने विश्वास गरिएको छ । मूलत विद्यालयीय शिक्षामा संलग्न शिक्षकहरूको क्षमता विकास कार्यमा केन्द्रित यस केन्द्रले गरेको यस अध्ययनले सबै विद्यालयका प्रधानाध्यापक र शिक्षक मित्रहरूलाई विद्यालयमा सञ्चालन गरिने कार्यकलापहरूलाई अनलाइनमा आधारित बनाएर अगाडि बढाउन र यसका आधारमा विद्यालय र शिक्षणसिकाइमा आधारित कार्यमूलक अनुसन्धान गरेर अगाडि बढ्नका लागि पनि प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा गरिएको छ । साथै शिक्षा क्षेत्रको सुधारका लागि क्रियाशील निकायहरूलाई अनलाइनमा आधारित कार्यकलापहरू सञ्चालन गर्न र यस पद्धतिको सुधारका लागि अध्ययन अनुसन्धान गरेर अगाडि बढ्नका लागि मार्ग निर्देश गर्नेछ भन्ने पनि अपेक्षा गरिएको छ ।

छोटो समयको तयारीमा सम्पन्न भएको यो अध्ययन कार्य पूरा गर्नका लागि गरिएको सहयोगप्रति शिक्षा तालिम केन्द्र परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । शिक्षा तालिम केन्द्रका कार्यकलापहरूप्रति चासो राखेर निरन्तर प्रेरणा प्रदान गर्नुहुने माननीय युवराज दुलाल, सामाजिक विकास मन्त्री, बागमती प्रदेश र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशका सचिव श्री दिपक काफ्लेज्यू प्रति सधैं आभारी छु । आफ्नो व्यस्त समयका बाबजुद अध्ययन कार्य सम्पन्न गर्नुहुने मेरा अनन्य मित्र डा. बासु प्रसाद सुवेदी प्रति कृतज्ञ छु । तालिम केन्द्रका गतिविधिहरूप्रति सधैं चासो राखेर हौसला प्रदान गर्नुहुने सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशका महाशाखा प्रमुख श्री दिपेन्द्र सुवेदी प्रति तालिम केन्द्र सधैं आभारी छ । अनलाइनमा आधारित तालिम कार्यक्रमका मेरा आदरणीय गुरू श्री जगतबहादुर आलेमगरलाई नमन गर्दछु । तालिम केन्द्रको छोटो समयको सूचनाका आधारमा व्यस्त समयका बाबजुद अनलाइनमा जोडिएर अध्ययनका लागि महत्वपूर्ण सूचना र जानकारीहरू दिनुहुने सबै महानुभावहरूप्रति हार्दिक नमन गर्दछु ।

अनलाइनमा आधारित तालिम लगायत क्षमता विकासका कार्यहरूलाई दरिलो बनाउनका लागि यो एउटा सानो प्रयास हो जसले अनुसन्धान कार्यमा संलग्न व्यक्ति तथा संस्थाका लागि प्रेरणाको काम गर्न सक्छ भन्ने अपेक्षा गरिएको छ । बागमती प्रदेशका सबै सरोकारवालाहरूलाई शिक्षा क्षेत्रमा आवश्यकताका आधारमा क्षमता अभिवृद्धिका कार्यक्रमहरू मार्फत अगाडि बढ्नका लागि हार्दिक आग्रह गर्दै आगामी दिनहरूमा यस्ता कामहरूका लागि सधैं ऊर्जाशील प्रेरणा पाउने अपेक्षा पनि गर्दछु ।

तोयानाथ खनाल, पिएचडी
तालिम प्रमुख
शिक्षा तालिम केन्द्र धुलिखेल, काभ्रेपलाञ्चोक

२०७७ असार ३०

# अध्याय एकः परिचय

यस अध्यायमा अध्ययनको पृष्ठभूमिका अतिरिक्त समस्याको बास्तविक अवस्थाको चर्चा गरिएको छ । यसका साथै यस अध्यायमा कार्यमूलक अनुसन्धानका उद्देश्यहरू एवं सम्बन्धित साहित्यको संक्षिप्त सिंहाअवलोकन प्रस्तुत गरिएको छ । यस अध्यायको अन्त्यमा कार्यमूलक अनुसन्धान विधिका बारेमा बर्णन गरिएको छ ।

## पृष्ठभूमि

शिक्षण एक गतिशील क्षेत्र हो । आज एक्काइसौं शताब्दीका सिकाइ क्षेत्रहरूलाई मध्यनजर राखी सिकारूहरूमा आवश्यक सिप विकास गर्नका निम्ति शिक्षकमा विषयबस्तुको ज्ञान सँगसँगै रचनावादी शिक्षण कला (Constructivist Pedagogy) र शिक्षणकलालाई प्रविधिमैत्री बनाउने सिप विकास गर्नु अति आवश्यक भएको छ । नेपालको सन्दर्भमा कोभिड-१९ को विश्वव्यापि माहामारीका कारण विशेष गरी परम्परागत रूपमा आमने सामने पद्धतिमा चलेको विद्यालय शिक्षाका कक्षाहरू अव अनलाइन लगायतका विविध विकल्पहरूको प्रयोग गरी सञ्चालन गर्नु पर्ने आवश्यकता देखिएको छ । यस कार्यका लागि शिक्षकको दक्षता बिकास गर्नु पहिलो आवश्यकता महशुस भएको छ । यसै शिलशिलामा बागमति प्रदेश शिक्षा तालिम केन्द्र धुलिखेलले देशले बन्दाबन्दीको अवस्था भोगिराखेको वर्तमान सन्दर्भमा पनि आवश्यक प्रक्रिया पूरा गरी विद्यालय शिक्षाका आधारभूत तथा माध्यमिक तहमा विभिन्न विषयहरू अध्यापन गराउँदै आउनु भएका ५०२ शिक्षकहरू एवं प्रधानाध्यापकहरूका लागि ५ दिने पूनर्ताजगी तालिम अनलाइन मार्फत सम्पन्न गरेको छ । यसैगरी अनलाइनमा आधारित शिक्षक पेशागत विकास (Teacher Professional Development, TPD) तालिम सञ्चालन मार्गदशर्न २०७७ तयार गरेर आधारभूत तथा माध्यमिक तहमा विभिन्न विषयहरू अध्यापन गराउँदै आउनुभएका ४३६ शिक्षकहरू एवं प्रधानाध्यापकहरूका लागि १० दिने पेशागत विकास तालिम समेत अनलाइन मार्फत नै सम्पन्न गरेको छ । यसरी बदलिएको परिबेशमा ९३८ शिक्षक तथा प्रधानाध्यापहरूले अनलाइनमा आधारित तालिममा सहभागी भई सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System, LMS) सहितको आधारभूत सिप विकास गर्दै बदलिदो परिवेशको शिक्षण सिकाइलाई सहजिकरण गर्न सक्ने क्षमता विकास गर्ने अवसर प्राप्त गरेको देखिन्छ । यस क्रममा आमने सामने पद्धतिको संस्कारबाट अघि बढिराखेको प्रशिक्षण कार्य अकस्मात अनलाइन पद्धतिबाट सञ्चालन गर्नुपर्दा तालिम व्यवस्थापन एवं सहभागीहरूको सक्रिय सहभागिता लगायतका क्षेत्रहरूमा निकै चुनौतीहरू पनि देखा परे । तालिम केन्द्रले यी चुनौतीहरूलाई पार गर्दै शिक्षक तालिम प्रदान गर्ने पद्धतिमा एक छलाङ्ग मार्न (Paradigm Shift) सफल भएको महशुस गरेको छ । यस क्रममा भोग्नु परेका विविध अप्ठेराहरूमध्ये सहभागीहरूको सिकाइ प्रक्रियाको क्रममा हुने सक्रिय सहभागिताले

तालिमको प्रभाकारिता निश्चय हुने भएकोले यस पक्षलाई मुख्य सबालको रूपमा लिई आगामी दिनमा सहभिागिहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धिमा सघाउ पुऱ्याउन थप उपायहरू सहितको मार्ग दर्शन प्राप्त गर्न सकियोस भन्ने उद्देश्यले यो कार्यमूलक अनुसन्धान सम्पन्न गरिएको हो ।

## समस्याको कथन

तुलनात्मक रूपमा आमने सामने पद्धतिमा सञ्चालित तालिमहरूमा भन्दा अनलाइनमा आधारित तालिममा सहभागीहरूको तालिमप्रतिको चासो बढी रहेको पाइए तापनि सहभागीहरूमा अपेक्षित सक्रिय सहभागिता प्राप्त गर्न नसक्नु प्रमुख समस्या हो । सहभागीहरू तालिमप्रति उत्साहित हुँदाहुँदै पनि विभिन्न किसिमका कारणहरू देखाउँदै तालिममा आवश्यक मात्रामा नियमित सहभागिता एवं सक्रियता प्रदर्शन गर्न सकेको पाइएन । विशेष गरी धेरैजसो सहभागीहरू विजुली र इन्टरनेट समस्याका कारण चलिरहेको अनलाइन तालिमबाट पटक पटक बाहिरिने र भित्रिने क्रम पाइयो । यसैगरी इन्टरनेटको क्षमता कमजोर भएको कारण एवं आफूले प्रयोग गरिरहेको विद्युतीय सामग्रीहरूमा क्यामेराको समस्या, घरमा साना बालबालिकाहरूले दु:ख दिएका जस्ता कारण देखाउँदै तालिम अवधिमा भिडियो बन्द गरेर बसेको पनि पाइयो । यस क्रममा केही सहभागीहरूलाई सहजकर्ताहरूले प्रतिक्रियाका लागि अनुरोध गर्दा जवाफ प्राप्त नभएको अवस्था पनि भेटियो । केही सहभागीहरू मोबाइलको माध्यमबाट तालिममा सहभागी भएकाले विभिन्न गतिविधिहरूमा उनीहरूको सक्रिय सहभागिता हुन सकेन । यसका साथै कतिपय सहभागीहरूमा कम्प्युटरको आधारभूत सिपको अभावका कारण पनि तालिममा सक्रिय सहभागी हुन सकेको देखिएन । केही सहभागीहरू ज्ञान, सीप र प्रविधिमा आफ्नो क्षमता बढाउने भन्दा बढुवाका लागि मात्र तालिममा सहभागी हुने सोचले तालिमप्रतिको सकारात्क अभिवृत्ति कम भएका कारण पनि सहभागिता कमजोर देखियो भने केही अवस्थाहरूमा सहजकर्ताहरूको प्रविधिमा सीमित सिपका कारण पनि सहभागी सक्रियतामा समस्या आएको पनि महशुस गरियो । उल्लिखित समस्याहरूका अतिरिक्त अन्य विविध समस्याहरूका कारण पनि तालिममा सहभागीहरूको सक्रिय सहभागिता हुन नसकेको सम्भावना रहन्छ । यस्ता समस्याहरू पहिचान गरी समाधान गर्ने प्रयास गरिएन भने भोलिका दिनहरूमा अनलाइनमा आधारित सञ्चालन हुने तालिमको प्रभावकारितामा प्रश्न उठ्न सक्ने सम्भावना हुन सक्छ र तालिमका अपेक्षित उद्देश्यहरू पूरा हुँदैनन् । यी समस्याहरू समाधान गर्न तालिम केन्द्रका तर्फबाट सहभागी र सहजकर्ताहरूका लागि आवश्यक मार्गदर्शन (Guidelines) निर्देशिका तयार गरी प्रयोगमा समेत ल्याइएको छ । सहजकर्ताहरूले आफूले सकेको अधिकतम पहल समेत गरेको पाइएको छ । यति हुँदाहुँदै पनि तालिममा सहभागीहरूको सहभागिता र सक्रियता अपेक्षित मात्रामा बढाउन नसकिएकाले आगामी दिनमा अनलाइनमा आधारित तालिमहरूमा सहभागीहरूको सक्रियता बढाउन थप नयाँ उपायहरू प्राप्त गर्न सकियोस भन्ने अभिप्रायले यो कार्यमूलक अनुसन्धान गरिएको हो ।

## कार्यमूलक अनुसन्धानका उद्देश्यहरु

माथि उल्लेख गरिएको समस्या कथनमा आधारित भई यस कार्यमूलक अनुसन्धानका निम्न उद्देश्यहरू निर्धारण गरिएका छन् :

१. अनलाइनमा आधारित तालिमहरूमा सहभागिहरूको सक्रिय सहभागिता हुन नसक्नुका कारणहरू पहिचान गर्नु

२. अनलाइनमा आधारित तालिमहरूमा सहभागीहरूको सक्रिय सहभागिता अभिबृद्धि गर्ने व्यवहारिक उपयाहरूको खोजी गरी योजनावद्ध रूपमा कार्यावयनमा ल्याउनु

## सम्बन्धित साहित्यहरुको सिंहाअवलोकन

आज विश्वका अधिकांश मूलुकमा शिक्षकको पेशागत विकास गर्ने सेवाकालीन तालिमहरू अनलाइनका माध्यमबाट प्रदान गर्ने गरिएका छन् (Chikasanda et al. 2013) । गत वर्ष शिक्षा तालिम केन्द्रले सम्पन्न गरेको कार्यमूलक अनुसन्धानमा अनलाइन पहुँचमा भएका शिक्षक र प्रधानाध्यापकहरूलाई अनलाइनमा आधारित तालिम सञ्चालन गर्नुपर्ने सुझाव दिएको पाइएको छ । अनलाइनमा आधारित तालिमबाट शिक्षकको पेशागत विकास कार्य छिटो, छरितो एवं प्रभावकारी रूममा प्रदान गर्न सकिने कुरामा अनुसन्धानकर्ताहरू विश्वस्त देखिएका छन् (Salmon 2011; Tschida et al. 2016) । आमनेसामने भएर तालिम सञ्चालन गर्न अप्ठेरो परेको समयमा पूरक विधिको रूपमा अनलाइन प्रशिक्षणले ठूलो महत्व राख्दछ । त्यति मात्र नभएर आजको सूचना प्रविधिको युगमा विभिन्न ठाँउ र परिवेशका शिक्षकहरूबीच अनुभवहरू आदान प्रदान गर्न अनलाइनमा आधारित तालिमहरूको भूमिका महत्वपूर्ण हुन्छ (Redmond 2011) । त्यसैले आमने सामने विधि एवं अनलाइन विधिलाई हामीले बराबर महत्व दिनु पर्दछ (Wolf 2006) । यस सम्बन्धमा वुफले अनलाइन प्रशिक्षणलाई प्रभावकारी बनाउन तालिम प्रदायक संस्थाले सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) विकासमा जोड दिनुका साथै शिक्षकलाई उत्प्रेरित गर्ने कार्यक्रमहरू बनाउनु पर्ने र तालिम पाठ्यक्रम तयार गर्दा शिक्षकहरूको सहभागितालाई सुनिश्चित गर्नु पर्ने कुरा औंल्याएका छन् । Philipsen, Tondeur, Pareja Roblin, Vanslambrouck र Zhu (2019) ले अनलाइनमा आधारित शिक्षकको पेशागत विकास तालिमलाई प्रभावकारी बनाउन शिक्षकहरूको माग र आवश्यकतामा आधारित छोटो तथा प्रभावकारी विषयवस्तुहरूको छनौट गर्नु पर्ने, सबै सहभागी शिक्षकहरूको पहुँचमा भएको अनलाइन साधनहरूको प्रयोग गर्नु पर्ने, अनलाइन शिक्षण पद्धति एवं विधिको विकास गर्नु पर्ने, शिक्षकहरूलाई इ-लर्निङ्ग कोर्सहरू सञ्चालन गर्न सक्षम बनाउनु पर्ने, प्रौढहरूका सिकाइ सिद्धान्तहरलाई बढी जोड दिनुपर्ने, पाठ्यक्रम लचिलो बनाउनु पर्ने जस्ता कुराहरूमा विशेष ख्याल गर्नुपर्ने कुरामा जोड दिएका छन् । अनलाइनमा आधारित तालिमको

सफलता भनेको सहभागीहरूको सक्रिय सहभागिता हो । न्युयोर्क स्टेट युनिभर्सिटिद्वारा १४०६ जना अनलाइन सिकारूहरूसँग गरिएको एक सर्बेक्षणले सहजकर्तासंगको न्यानो एवं अर्थपूर्ण अन्तरक्रिया, आफ्ना साथीहरूसँगको अन्तरक्रिया एवं आमने सामने कक्षाकोठामा भन्दा प्रभावकारी अन्तरक्रियाले मात्र सहभागीहरूको सक्रिय सहभागिताको सुनिश्चितता गर्न सकिन्छ भन्ने कुरा पत्तालगाएको छ (Hrastinski, 2009) । सहभागीहरूको सक्रिय सहभागिता भन्नाले सहभागीहरूको तालिमप्रतिको सकारात्मक सोच, समयको परिपालना, सिकाइ प्रकियामा अन्तर्कियात्मक सहभागिता, तालिम सेसन समय र सेसन बाहिरका समयमा दिएका कियाकलापहरू र परियोजना कार्यहरूको सम्पादनमा सक्रिय सहभागिता जस्ता कुरालाई सङ्केत गर्ने कुरा पनि सर्वेक्षणको प्राप्तिमा उल्लेख गरिएको छ ।

## अध्ययन विधि

यो कार्यमूलक अनुसन्धान गुणात्मक अध्ययन विधि (Qualitative Research Method) बाट सम्मपन्न गरिएको छ । अध्ययनमा प्राथमिक एवं द्वितीय दुबै स्रोतहरूबाट सूचना सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा अनलाइनमा आधारित १० दिने शिक्षकको पेशागत विकास तालिमममा सहभागी भएका आधारभूत एवं माध्यमिक तहका विभिन्न विषय समूहका शिक्षक एवं प्रधानाध्यापकहरूसँग उहाँहरूले तालिममा देखाउनुभएको सकियता एवं सकियतालाई प्रभाव पार्ने विभिन्न पक्षहरूका बारेमा जानकारी लिन अनलाइन विधिबाटै लक्षित समूह छलफल (Focused Group Discussion) सम्पन्न गरियो । यसै गरी सहभागीहरूको सकियताको अवस्था एवं सकियता अभिवृद्धि गराउने कममा भोगेका कठिनाइहरूका साथसाथै सहभागीहरूको तालिम कियाकलापहरूमा सकियता बढाउनका लागि के कस्ता उपायहरू अवलम्बन गर्न सकिएला भन्ने प्रश्नको जबाफ खोजी गर्नका लागि तालिममा सहभागी हुनुभएका सहजकर्ताहरूसँग पनि अनलाइन मार्फत नै लक्षित समूह छलफल (Focused Group Discussion) सम्पन्न गरियो । यसका अतिरिक्त तालिम केन्द्रमा कार्यरत कर्मचारीहरूसँग यस पद्धतिको तालिममा सहभागीहरूको सक्रिय सहभागिताका सम्बन्धमा निश्चित खुला प्रश्नहरू (Open Ended Questions) गुगल फारमको माध्यमबाट पठाई तालिम व्यवस्थापन गर्ने कममा उहाँहरूले गर्नु भएको अनुभवका आधारमा लिखित धारणा लिने कार्य पनि गरियो । लक्ष्यित समूह छलफल एवं लिखित प्रश्नावलीको जबाफका लागि सहभागी गराइएका व्यक्तित्वहरूको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ । यसरी प्राप्त गरेका सूचनाहरूलाई विश्लेषण गरी अनलाइन पद्धतिमा आधारित तालिममा सहभागीहरूको नियमितता र सकियता अभिवृद्धिमा प्रभाव पार्ने पक्षहरूको खोजी गर्नुका साथै सकियता बढाउन चाल्नु पर्ने कदमहरूका बारेमा पनि सुझाव प्रस्तुत गर्ने प्रयास गरिएको छ । सूचनाको द्धितियक स्रोतका रूपमा अनलाइनमा आधारित तालिममा सहभागीहरूको सकियता सम्बन्धी केही साहित्यहरूको सिंहाअलोकन गरी यस अध्ययनमा जोड्ने प्रयत्न गरिएको छ यद्यपि समय तथा स्रोतको सीमितताका कारण निश्चित गहिराइमा पुग्न प्रयास मात्र गरिएको छ ।

# अध्याय दुई: नतिजा विश्लेषण र व्याख्या

यस अध्यायमा लक्षित समूह छलफल एवं खुला प्रश्नावलीबाट प्राप्त भएका सूचनाहरूका आधारमा विभिन्न शीर्षकहरू सिर्जना गरी सम्बन्धित साहित्यहरूको सिंहाअवलोकनबाट प्राप्त भएका सूचनाहरू समेतको सहयोगमा नतिजाको विश्लेषण गरेर सत्यता खोज्ने कार्य गरिएको छ ।

## चाहँदा चाँहदै पनि चाहे जति सक्रिय हुन सकिएन

लक्षित समूह छलफलमा सहभागी हुनुभएका ११ जना सहभागीहरू प्राय सबैले आफू १० दिन नै सक्रिय रूपमा सहभागी भएको प्रतिकिया व्यक्त गर्नुभयो । आमने सामने पद्धतिमा सञ्चालन हुने तालिमभन्दा प्रविधिको प्रयोग गरेर फरक तरिकाबाट सञ्चालन गरिएको तालिम भएकाले आफ्नो सहभागिता कमजोर भयो भने समस्या उत्तपन्न हुने डरले पनि निक्कै सजग भएर तालिममा सक्रिय रहेको अधिकांश सहभागीको धारणा पाइयो । यस सन्दर्भमा एक महिला सहभागिले भन्नु भयो, ***"यो मेरो शिक्षण जीवनको पहिलो तालिम हो । मेरो पृष्ठभूमि पनि शिक्षा नभएर बाणिज्य हो । मलाई शुरु शुरुमा निक्कै डर लागेको थियो । तर ममा विस्तारै आत्मविश्वास बढ्दै गयो । म नबुझेका कुराहरुमा प्रश्न गर्न थालें र आफूलाई मनमा लागेका कुरा भन्न थाले । मेरो सानो उमेरको बाबु भएकोले सक्रिय सहभागिताका लागि बेलाबेलामा केही समस्या चाहिं पऱ्यो । कुनै बेला बत्ति र इन्टरनेटले पनि सामान्य धोका दियो । त्यसभन्दा बाहेक म सक्रिय सहभागी रहें र धेरै सिक्ने अवसर प्राप्त गरें ।"*** सक्रिय सहभागिताकै सन्दर्भमा अर्का एक सहभागीले भने, ***"मैले ल्यापटप समातेकै यही तालिमबाट हो । कम्प्युटरको आधारभूत ज्ञान नहुँदा तालिममा सक्रिय सहभागी हुन कठिनाई हुँदो रहेछ ।"*** यसै क्रममा सहभागीहरूले आफूमा सक्रिय सहभागिताको चाहना हुँदाहुँदै पनि विभिन्न समस्याहरू जस्तै : बेला बेलामा बिजुली काटिनु, इन्टरनेट सेवा अवरूद्ध हुनु, घरमै बसेर तालिम लिंदा बीचबीचमा साना तिना घरयासी समस्याहरूले पिरोल्नु, मोबाइल प्रयोग गरेर सहभागी हुँदा सक्रियतामा वाधा सिर्जना हुनु, घरमा छुट्टै कोठा नहुँदा समस्या उत्पन्न हुनु जस्ता कठिनाईहरू व्यक्त गर्नुभयो । यस सन्दर्भमा सहजकर्ताहरू एवं तालिम केन्द्रका पदाधिकारीहरूको अनुभव पनि समान नै पाइयो । एक जना सहजकर्ताको धारणा केही फरक थियो । उहाँका अनुसार केही सहभागीहरूमा तालिमप्रतिको सकारात्मक धारणा नहुँदा पनि सक्रियतामा समस्या रहेको तर्क थियो ।

उल्लिखित सूचनालाई विश्लेषण गर्दा समग्रमा अनलाइनमा आधारित तालिममा सहभागीहरूको सक्रियतामा प्रभाव पार्ने तत्वहरूमा विशेष गरी विद्युत सेवा, इन्टरनेट सेवा, घरायसी वातावरण, प्रयोग गरिने उपकरण र केही हदसम्म सहभागीको मनोवृत्ति नै हो भन्ने कुरा प्रष्ट हुन्छ ।

### तालिमको विषयबस्तुको प्रकृतिले पनि सक्रियतामा प्रभाव पार्दोरहेछ

लक्षित समूह छलफलका क्रममा तालिमका सहभागी लगायत सहजकर्ताहरूले तालिममा प्रयोग भएका विषयबस्तुको प्रकृतिले पनि सहभागीहरूको सक्रियतामा प्रभाव पार्ने धारणा व्यक्त गरे । विषयवस्तुहरू  आफ्नो आबश्यकताअनुसारका हुदाँ सिक्न रूचि जागरण हुने र सिकाइमा सक्रियता बढ्ने धारणा सहभागीहरूको थियो । यस सम्बन्धमा नेपाली भाषा विषय समूहको तालिमका एक सहभागीले भने, *"एक दिन हाम्रो व्याकरण विषयमा छलफल थियो । सहजकर्ता सर निक्कै अनुभवी हुनुहुन्थ्यो तर उहाँ अति नै छिटो अन्तरक्रिया नै नगरी अगाडि बढ्नुभयो । हामीले निक्कै असजिलो महशुस गर्दै थियौं । तर पनि सबै साथीहरूको सिकाइमा निक्कै सक्रियता थियो । यसो हुनुको कारण विषयवस्तु हाम्रा लागि निक्कै महत्वपूर्ण थियो ।"* यस सन्दर्भमा विज्ञान विषयको तालिममा सहभागी भएका एक सहभागीले थपे, *"हामीले पहिलो दिनमै हाम्रो आवश्यकताहरूको बारेमा गहन छलफल गर्‍यौं । हाम्रो छलफलको निष्कर्षकै आधारमा तालिम संयोजकले सेसनहरू तय गर्नुभयो र हामीलाई १० दिनकै सत्रहरूको तालिका दिनुभयो । हाम्रो आवश्यकताका आधारमा वियषबस्तुहरू आएकाले हाम्रो सक्रियता निक्कै बढ्यो । हामीले मिनेटको त के कुरा सेकेण्ड सेकेण्ड समयलाई पनि महत्व दिएर सिकाइमा सरिक भयौं ।"* यस सन्दर्भमा केही सहभागीहरूले शैद्धान्तिक प्रकृतिका विषयबस्तुहरू हुँदा तुलनात्मक रूपमा आफ्नो र साथीहरूको सक्रियता घटेको अनुभव गरेको धारणा समेत अभिव्यक्त गरे । विशेष गरेर यस पटकको तालिममा नयाँ नयाँ प्रविधिहरू एवं सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) का बारेमा विषयवस्तुहरू भएकाले आफ्नो सक्रियता बढेको सहभागीहरूको धारणा थियो । लामा र पट्यारलाग्दा विषयबस्तुहरू अनलाइन पद्धतिमा आधारित तालिमका लागि उपयुक्त नहुने धारणा सहभागीहरूको थियो । कहिले कहीं सहजकर्ताहरूबीच समन्वयको कमी हुँदा विषयवस्तु दोहोरिन गएर पनि सहभागीहरूको सक्रियता घटेको यथार्थता पनि अभिव्यक्त भयो । सहजकर्ताहरूको पनि यस कुरामा सहमति पाइयो । तालिम केन्द्रका पदाधिकारीहरूले पनि यस कुरालाई महशुस गरेको कुरा उहाँहरूले प्रदान गर्नुभएको लिखित दस्तावेजमा पाइएको छ । यस वर्ष सञ्चालन भएको अनलाइनमा आधारित तालिम आमनेसामने पद्धतिमा सञ्चालन हुँदैआएको तालिम पाठ्यक्रममा आधारित भएर पनि यस्तो भएको हुनसक्छ ।

उल्लिखित सूचनालाई विश्लेषण गर्दा सिकारूको आवश्यकतालाई मध्यनजर राखी आवश्यकता पहिचान गरेर विषयवस्तुको चयन हुन सक्ने हो भने सिकारूको सक्रियता बढ्ने कुरामा विश्वस्त हुन सकिन्छ । यस कुरालाई अनुसन्धानहरूले समेत पुष्टि गरिसकेका छन् । यसका साथै अघिल्ला विषयवस्तु र क्रमश आउने पछिल्ला विषयवस्तुहरूको मचान (Scaffolding) बन्दै जान सक्यो भने सिकारूको सक्रियता बढ्न सक्ने कुरामा सिकाइ सिद्धान्तहरूको पनि ऐक्यबद्धता पाइन्छ । अनलाइनमा आधारित तालिममा प्रयोग हुने विषयबस्तुतहरू छोटो-छरितो हुनु पर्ने कुरामा पनि त्यतिकै ध्यान दिनु पर्ने कुरा उल्लिखित सूचना तथा विश्लेषणले संकेत गर्दछ ।

### सहजकर्ताहरुको सिकाइ शैली र व्यवहारले सक्रियतामा प्रभाव परेको महशुस भयो

लक्षित सममूह छलफलमा सहभागी शिक्षकहरूले सहजकर्ताहरूको सिकाइ शैली र व्यक्तिगत व्यवहारका कारण सहभागीहरूको सकियतामा फरक परेको धारणा व्यक्त गरे । यस सन्दर्भमा प्रतिकिया दिंदै एक सहभागीले भने, *"केही सहजकर्ताहरुले व्यक्तिगत रुपमा नाम बोलाई बोलाई सक्रियरहन प्रोत्साहन गर्नु भयो भने केहीले व्यक्तिगत रुपमा भन्दा सामुहिक रुपमा ध्यानाकर्षण गराउनुभयो । घरमा एक्लै बसेर तालिममा सहभागी भइरहँदा आफूलाई नै केन्द्रित गरेर, आफ्नो नाम नै बोलाएर के समस्या छ  भन्नुहोस है भन्दै ख्याल गर्दा सक्रियता स्वभाविक रुपमा बढ्नेरहेछ । आमने सामनेको कक्षामा भन्दा पनि बढी ख्याल गरेको पनि महशुस भयो मलाई । सबै सहजकर्ताहरुले त्यस्तो शैलि अपनाउने हो भने सक्रियता नबढ्ने कुरै हुँदैन नि ।"* यसै क्रममा सहजकर्ताले विषयवस्तुलाई प्रविधिको प्रयोग गर्दै रोचक ढङ्गबाट प्रस्तुत गर्दा र सँगसँगै सहभागीहरूलाई पनि गरेर सिक्ने अवसर प्रदान गर्दा सिकाइ सकियता बढ्ने कुरामा सबै सहभागीहरूको एकमत देखिन्थ्यो । यस सन्दर्भमा एक सहभागीको धारणा यस्तो थियो, *"मलाई शुरु शुरुमा स्क्रिन शेयर कसरी गर्ने होला भनेर निक्कै डर लाग्थ्यो । एक पटक सरले मलाई स्क्रिन शेयर गर्न प्रोत्साहन गर्नुभयो र पालैपालो यसका स्टेपहरु बताँउदै जानुभयो । मैले सजिलै शेयर गर्न सिकें । अहिले मैले कक्षा १० का विद्यार्थीहरु अनलाइनमै जोडेर कक्षा लिन शुरु गरिसकेको छु । अहिले स्क्रिन शेयर गर्न सजिलै आउँछ र अहिले त मैले मेरा विद्यार्थीहरुलाई पनि सिकाइ सकेको छु ।"* सहजकर्ताहरूको सहजीकरण शैलि र सहभागीको सक्रियतामाथि टिप्णी गर्दै एक सहभागीले भने, *"केही सहजकर्ताहरुको बानी मलाई मन परेन । सहभागीलाई अलि होच्याएर बोल्ने उहाँहरुको बानी पनि महशुस गरियो । मनोबैज्ञानिक रुपमा प्रोत्साहन गर्नु कता हो कता उल्टै निरुत्साहन गर्ने शब्दहरु प्रयोग गरियो । कोही प्रशिक्षकले अन्य ठाँउमा अन्य प्रसङ्गमा प्रयोग गरिएका सामग्रीहरुलाई स्क्रिन सट गरी जस्ताको तस्तै प्रयोग गरिएको समेत पाइयो । यस्ता क्रियाकलापहरुका कारण सहभागीहरुको सक्रियता घटेर जाने मैले व्यक्तिगत रुपमा महशुस गरें ।"* सहभागीहरूले आफ्ना धारणा राख्ने कममा केही सहजकर्ताहरूमा विषयवस्तुप्रतिको राम्रो ज्ञान हुँदाहुँदै पनि प्राविधिक पक्ष कमजोर भएका कारण सेसन प्रभावकारी हुन नसकेको र सहभागीहरूको सकियता घटेको पनि महशुस गरियो । उनीहरूले सहजकर्ताको छनौट गर्दा यस्ता पक्षहरूलाई पनि ख्याल गर्नु पर्ने राय समेत प्रदान गरे । सहजकर्ताहरूसँग छलफल गर्दा प्राविधिक पक्षको सिप विकास गर्न आफूहरू व्यक्तिगत रूपमा लागि पर्ने र तालिम केन्द्रले पनि सहजर्ताहरूको क्षमता विकासमा ध्यान दिनु पर्ने राय व्यक्त गरे ।

उल्लिखित सूचनाहरूलाई विश्लेषण गर्दा सहजकर्ताको पेशागत दक्षता एवं मानव सम्बन्ध सिपका कारण सहभीगहरूको सकियता प्रभावित हुने कुरा प्रष्ट रूपमा देखियो । विभिन्न अनुसन्धानहरूबाट प्रष्ट भएको छ कि मानव सम्बन्ध सिप सहजकर्ताहरूको ठूला सिप हो । विषयगत दक्षतासँगै मानव सम्बन्ध सिप भएमा सफल सहजकर्ता बन्न सकिने र सहभागीहरूको नियमितता र सकिय सहभागितामा सकारात्मक प्रभाव पार्न सकिने कुरामा दुईमत नै छैन । सहजकर्तासँगको न्यानो एवं अर्थपूर्ण अन्तर्किया, आफ्ना

साथीहरूसँगको अन्तर्क्रिया एवं आमने सामने कक्षाकोठामा भन्दा प्रभावकारी अन्तर्क्रियाले मात्र सहभागीहरूको सक्रिय सहभागिताको सुनिश्चितता गर्न सकिन्छ भन्ने कुरा पुष्टि भएको छ (Hrastinski, 2009) ।

## अनलाइनमा आधारित तालिमका लागि उपयोगी तालिम पाठ्यक्रमको खाँचो महशुस

परम्परागत सञ्चालन हुँदैआएको आमने सामने पद्धतिको तालिम पाठ्यक्रमलाई रूपान्तरण गरी अनलाइनमा आधारित तालिमका लागि उपयोगी र सान्दर्भिक तालिम पाठ्यक्रमको खाँचोको महशुस सहभागी एवं सहजकर्ताहरूको लक्षित समूह छलफलमा औंल्याइएको छ । पुरानो परम्परागत लामा पाठ्यक्रमलाई समय सापेक्ष परिवर्तन गरी संक्षिप्त बनाउनका लागि तालिम केन्द्रले ध्यान दिनु पर्ने कुरा सहभागीहरूले व्यक्त गरे । यस क्रममा एक सहजकर्ताले भने, *"हामीले परम्परागत लामा सैद्धान्तिक पाठ्यक्रमलाई परिमार्जन गरी अनलाइन कार्यक्रमलाई उपयुक्त हुने पाठ्यक्रम तयार गर्नु पर्दछ । यसो गर्दा सहभागीको आवश्यकता पहिचान गरेर समय सापेक्ष पाठ्यक्रम निर्माण गर्नु पर्ने हुन्छ । पाठ्यक्रम निर्माण गर्दा प्रत्यक्ष कक्षाभन्दा पनि अप्रत्यक्ष रूपमा काम गर्नेगरी तयार गर्नु पर्ने हुन्छ । सिकाइ पूर्व एवं सिकाइपश्चात गर्ने क्रियाकलापहरूको समावेश गरी पाठ्यक्रम निर्माण गर्नु जरूरी हुन्छ ।"* यसका अतिरिक्त सहभागीहरूले हाल सञ्चालन गरिएको तालिममा स्क्रिन समय निक्कै बढी भएका कारण सहभागीको सक्रियतामा प्रभाव पारेका भनाइहरू पनि सुनिएको थियो ।

उल्लिखित सूचनाहरूलाई केलाउँदा अनलाइनमा आधारित तालिममा सहभागीहरूको नियमितता र सक्रिय सहभागिता बढाउनका लागि हालको पाठ्यक्रमलाई परिमार्जन गर्नु पर्ने आवश्यकता देखिन्छ । सहभागीहरूबाट आवश्यकता संग्रहगरी सिन्क्रोनस तथा असिन्क्रोनस दुबै सिकाइ व्यवस्थापन प्रणालीलाई समेटेर पाठ्यक्रम निर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ । हाल अभ्यासमा रहेको दैनिक ५ घण्टाभन्दा बढीको स्क्रिन समयलाई ३ घण्टामा झार्न सकियो भने एकातिर अन्तराष्ट्रिय अभ्यासलाई आधार मानेको पनि ठहर्छ र सहभागीहरूको सक्रियता पनि बढाउन सकिन्छ । यसका साथै असिन्क्रोनस प्रणाली मार्फत सिर्जनात्ममक परियोजना कार्यहरूको व्यवस्था गर्ने हो र सिकाइका निम्ति मूल्याङ्कन एवं सिकाइको मूल्याङ्कनका निम्ति कार्यसंचयिकाहरू (Portfolio) तयार गराउने किसिमबाट अघि बढ्न सक्नेहो भने प्रभावकारी हुन सक्छ र सिकारूको नियमितता र सक्रियता अभिबृद्धि गर्न सकिन्छ ।

## सहजकर्ताहरुको छनौट एवं क्षमता विकासमा जोड दिन जरुरी

छलफलका क्रममा धेरै सहभागीहरूले सहजकर्ताहरूको प्रयासप्रति सन्तुष्ट रहेको अभिव्यक्ति दिएको भए तापनि केही सुधारका सङ्केतहरू पनि गरेका छन् । सबै सहभागीहरूले सक्षम सहजकर्ताको निरन्तर प्रयासबाट नै सहभागीहरूमा सक्रियता बढाउन सहयोग पुग्ने कुरा अभिव्यक्त गरेको पाइयो । यस सन्दर्भमा एक सहजकर्ताको भनाइ यस्तो थियो, *"तालिमका विषयवस्तु, तालिम विधि र प्रविधिलाई जोडेर सहजीकरण गर्न सक्ने*

*सहजकर्ता नै अहिलेको आवश्यकता हो । तालिम केन्द्रले यस्ता सम्भाव्य सहजकर्ताहरूको सूची तयार गरी क्षमता विकास गराउनु आवश्यक छ । विषयगत रुपमा सहजकर्ताहरुको समूह निर्माण गरी उनीहरुको क्षमता विकास गरेर तालिम सुरु गर्नुभन्दा पहिले उनीहरुको समूहको बैठक राखी तोकिएको पाठ्यक्रमका आधारमा सहभागीहरूलाई सक्रिय सहभागी गराउन आवश्यक छलफल गरेर मात्र तालिम सेसनहरू बाँडफाँड गर्न सक्ने हो भने सहभागीहरुलाई सक्रिय रुपमा सहभागी गराउन सकिन्छ र तालिमबाट अपेक्षा गरिएको उपलब्धि हासिल गर्न मद्धत पुग्दछ ।"* यसै सन्दर्भमा एक अर्को सहभागीले हरेक सहजकर्ताका लागि सहभागीहरूबाट पृष्ठपोषण लिने गर्नु पर्ने र उक्त पृष्ठपोषणका आधारमा सहजकर्ताहरूको पनि मूल्याङ्कन गर्ने परिपाटिको विकास गर्न सके सहजकर्ताहरूलाई बढी जिम्मेवार बनाउन सकिने धारणा अभिव्यक्त गरे । यस कुरामा सहभागीहरूको ऐक्यबद्धता देखियो ।

उल्लिखित सूचनाहरूको विश्लेषण गर्दा अनलाइन तालिममा सहभागीहरूको सक्रियता बढाउनका लागि सहजकर्ताहरूको सहजीकरण क्षमता बढाउन जरूरी छ । जतिखेर आवश्यक पऱ्यो उतिखेर प्रशिक्षकहरू खोजि गर्नुभन्दा विषयगत रूपमा सहजकर्ताहरूको रोष्टर तयार गरी तिनको सक्षमता विकास योजना बनाई कार्यान्वयन गर्नु पर्ने आवश्यकता देखिन्छ । यस कुरामा तालिम केन्द्रले प्रभावकारी योजना निर्माण गरी अघि बढ्नु पर्ने देखिन्छ ।

## सहभागी छनौटको निश्चित आधारहरु तय गर्नु जरुरी

हालै सञ्चालन भएको अनलाइन तालिममा सहभागी छनौट प्रभावकारी रूपमा गर्न नसकिएका गुनासाहरू छलफलमा आए । छलफलमा सहभागी शिक्षक, प्रधानाध्यापक एवं सहजकर्ताहरूले सहभागी छनौट गर्दा निश्चित आधारहरू पूरा गरेको हुनु पर्ने धारणा राखे । यस सन्दर्भमा एक सहजकर्ताले भने, *"अनलाइन तालिममा सहभागीहरू छनौट गर्दा अन्य अत्यावश्यक आधारहरुका अतिरिक्त कम्तिमा कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान भएको, व्यक्तिगत रुपमा अनिवार्य ल्यापटप भएको, भरपर्दो इन्टरनेट सेवा जडान भएको, स्व-अनुसासन कायमगरी तालिममा सहभागी हुने सुनिश्चिता भएका सहभागीहरुलाई मात्र छनौट गर्न सकियो भने सहभागीहरुको सक्रियता बढ्छ ।"* यसका साथै लक्षित समूहमा छलफलका सहभागीहरूले तालिमका सहभागीहरू छान्नुभन्दा अघि नै तालिम केन्द्रबाट एक आर्थिक वर्षभित्र सम्पन्न हुने तालिमका प्रकारहरू र जम्मा सहभागी गराउन सकिने सङ्ख्यासहितको जानकारी सम्बन्धित विद्यालयलाई गराउन सक्ने हो भने सहभागी छनौट प्रक्रिया अझ प्रभावकारी हुने कुरामा जोड दिए । उल्लिखित सूचनाहरूलाई विश्लेषण गर्दा अनलाइन तालिमका सहभागीहरू छनौटसम्बन्धी कार्यलाई तालिम केन्द्रले महत्वपूर्ण कार्यका रूपमा लिनु पर्ने र यसका लागि आवश्यक निर्देशिकाहरू तयार गरी वैज्ञानिक ढङ्गबाट अघि बढ्नु पर्ने सङ्केत गरेको देखिन्छ ।

## प्रभावकारी सिकाइ व्यवस्थापन प्रणालीको खाँचो महशुस

हालै सम्पन्न गरिएका अनलाइनमा आधारित ५ दिने पुनर्ताजगी तथा १० दिने शिक्षक पेशागत विकास तालिम कार्यक्रममा अस्थायी प्रकृतिको सिकाइ व्यवस्थापन प्रणाली (Learnig Management System) को प्रयोग गरिएको पाइयो । तालिम केन्द्रले एक भरपर्दो सिकाइ व्यवस्थापन प्रणालीको विकास गरी सिन्क्रोनस तथा असिन्क्रोनस सिकाइ व्यवस्थापन प्रणालीको माध्यमबाट अनलाइन तालिमको व्यवस्थापन गर्न सक्ने हो भने विशेष गरी असिन्क्रोनस सिकाई व्यवस्थापन प्रणालीको माध्यमबाट सिकारूहरूको सक्रियता बढाउन सकिने कुरामा छलफलका सहभागीहरूले जोड दिएको पाइयो । यस कार्यमा तालिम केन्द्रले विशेष चासो दिनु पर्ने देखिन्छ । प्रदेश स्तरको तालिम केन्द्रमा व्यवस्थित सिकाइ व्यवस्थापन प्रणाली ( Learnig Management System) हुन अत्यावश्यक देखिन्छ ।

# अध्याय तीनः अध्ययनको प्राप्ति तथा सुधारका उपायहरू

अध्याय दुईमा गरिएको विश्लेषण र व्याख्याका आधारमा  यस अध्यायमा कार्यमूलक अनुसन्धानका प्राप्तिहरू सङ्गठन गरिएको छ । यसका साथै सङ्गठन गरिएको प्राप्तिका आधारमा आगामी दिनमा सञ्चालन गरिने अनलाइनमा आधारित तालिमहरूमा सहभागीहरूको नियमितता र सक्रियता बढाउनका लागि आवश्यक उपायहरू प्रस्तुत गरिएको छ । सूचिकृत गरिएका उपायहरूलाई आधार बनाई तालिम केन्द्रले आवश्यक कार्ययोजना बनाई लागू गर्नेछ । कार्ययोजनाको कार्यान्वयनपश्चात अनलाइनमा आधारित तालिमहरूमा सहभागीहरूको सक्रियता थप बढ्ने अपेक्षा गरिएको छ ।

## कार्यमूलक अनुसन्धानका प्राप्तिहरु

- समग्रमा तालिम केन्द्रले पहिलो पटक आफूसँग भएको न्यून अनुभवबाट विषम परिवेशमा सञ्चालन गरेको अनलाइनमा आधारित पेशागत विकास तालिममा सहभागीहरूको सक्रियता परम्परागत आमने सामने विधिबाट चल्ने तालिमहरूको तुलनामा उत्साहजनक रहेको पाइयो । सहभागीहरूको सक्रियता उत्साहजनक हुँदाहुँदै पनि विशेष गरी समय समयमा विद्युत् सेवा अवरूद्ध हुने समस्या, इन्टरनेट समस्या, घरायसी वातारण, प्रयोग गरिने उपकरण र केही हदसम्म सहभागीको मनोवृत्तिले समेत थप सक्रियतामा बाधा अड्चन सिर्जना भएको पाइयो ।
- तलिमका लागि छनौट गरिएको विषयबस्तुको प्रकृतिका कारण पनि सहभागीहरूको सक्रियता प्रभावित हुने देखियो । सिकारूको आवश्यकतालाई मध्यनजर राखी आवश्यकता पहिचान गरेर विषयवस्तुको चयन हुनसक्ने हो भने सिकारूको सक्रियता बढ्ने कुरा महशुस गरियो । यसका साथै अघिल्ला विषयवस्तु र क्रमश आउने पछिल्ला विषयवस्तुहरूको मचान (Scaffolding) बन्दै जान सक्यो भने सिकारूको सक्रियता बढ्न जाने रहेछ भन्ने कुरा मनन् गरियो । अनलाइनमा आधारित तालिममा प्रयोग हुने विषयवस्तुहरू छोटो-छरितो हुनुपर्ने रहेछ भन्ने कुरा समेत अनुभव गरियो ।
- सहजकर्ताको पेशागत दक्षता एवं मानव सम्बन्ध सिपका कारण सहभागीहरूको सक्रियता प्रभावित हुने कुरा महशुस गरियो । सहभागीहरूसँग सहजकर्ताको न्यानो एवं अर्थपूर्ण अन्तर्क्रिया, आफ्ना साथीहरूसँगको अन्तर्क्रिया एवं आमने सामने कक्षाकोठामा भन्दा प्रभावकारी अन्तर्क्रियाले मात्र सहभागीहरूको सक्रिय सहभागिताको सुनिश्चितता गर्न सकिंदो रहेछ भन्ने कुरा आत्मसात गरियो ।
- अनलाइनमा आधारित तालिममा सहभागीहरूको सक्रियता बढाउनका लागि हालको पाठ्यक्रमलाई परिमार्जन गर्नु पर्ने आवश्यकता महशुस गरियो । सहभागीहरूबाट आवश्यकता सङ्कलन गरी

सिन्क्रोनस तथा असिन्क्रोनस दुबै सिकाइ व्यवस्थापन प्रणालीलाई समेटेर पाठ्यक्रम निर्माण गर्नु पर्ने आवश्यकता महशुस भयो । हाल अभ्यास गरिएको दैनिक ५ घण्टाभन्दा बढीको स्क्रिन समयलाई ३ घण्टामा झार्न सकियो भने सहभागीहरूको सक्रियता पनि बढाउन सकिने सङ्केत देखियो । यसका साथै असिन्क्रोनस प्रणाली मार्फत सिर्जनात्मक परियोजनाहरूको व्यवस्था एवं सिकाइका निम्ति मूल्याङ्कन एवं सिकाइको मूल्याङ्कनका निम्ति सहभागीहरूबाट कार्यसंचयिकाहरू (Portfolio) तयार गराउन सक्ने वातावरण निर्माण गर्ने हो भने सहभागीहरूको सक्रियता अभिबृद्धि हुन सक्ने देखियो ।

- अनलाइनमा आधारित तालिममा सहभागीहरूको सक्रियता बढाउनका लागि सहजकर्ताहरूको सहजीकरण क्षमता बढाउन जरूरी देखियो । विषयगत रूपमा सहजकर्ताहरूको रोष्टर तयार गरी तिनको सक्षमता विकास योजना बनाई कार्यान्वयन गर्नु पर्ने आवश्यकता महशुस भयो ।
- अनलाइनमा आधारित तालिमका सहभागीहरू छनौटसम्बन्धी कार्यलाई तालिम केन्द्रले महत्वपूर्ण एवं संवेदनशील कार्यका रूपमा लिनु पर्ने र यसका लागि आवश्यक निर्देशिकाहरू तयार गरी वैज्ञानिक ढङ्गबाट अघि बढ्नु पर्ने महशुस गरियो ।
- तालिम केन्द्रले एक भरपर्दो सिकाइ व्यवस्थापन प्रणालीको विकास गरी सिन्क्रोनस तथा असिन्क्रोनस सिकाइ व्यवस्थापन प्रणालीको माध्यमबाट अनलाइनमा आधारित तालिमको व्यवस्थापन गर्न जरूरी भएको महशुस गरियो ।

## सुधारका उपायहरु

उल्लिखित प्राप्तिका आधारमा सहभागीहरूको सक्रिय सहभागिता अभिबृद्धि गर्न निम्नअनुसारका उपायहरू सूचिकृत गरिएको छ :

- तालिम अवधिमा सहभागिहरूले भोग्नुपरेका विभिन्न समस्याहरू जस्तैः समय समयमा विद्युत् सेवा अवरूद्ध हुने, इन्टरनेट समस्या, घरायसी वातारण, प्रयोग गरिने उपकरण आदिका भरपर्दो बिकल्पको सुनिश्चितता गर्न सहभागीहरूलाई अग्रिम जानकारी गराई यसलाई तालिम मूल्याङ्कनमा समेत प्रभाव पार्न सक्ने गरी व्यवस्था गर्न उपयुक्त देखिन्छ । विद्युत्को तुलनामा इन्टरनेट झन् ठूलो समस्या देखिएकाले इन्टरनेट सेवा भरपर्दो नभएका सहभागीहरूबारे राम्ररी पहिचान गरी नेपाल टेलिकम तथा अन्य इन्टरनेट प्रदायक संस्थाहरूसँग तालिम केन्द्रले समन्वय गरी सहभागीहरूलाई प्रदान गरिने दैनिक आर्थिक सहुलियतबाट नै समायोजन हुने गरी आवश्यक उपयुक्त डाटा प्याकहरू उपलब्ध गराउन सक्ने हो भने समस्या समाधान हुन सक्छ । यसका साथै कलिला

बालबालिका भएका महिला शिक्षकहरूलाई अर्को पटकको तालिममा सहभागी गराउने सुनिश्चितता गरी तालिममा सहभागी नगराउने नीति अवलम्बन गर्नु पर्ने देखिन्छ ।

- तालिमका लागि छनौट गरिएको विषयवस्तुको प्रकृतिका कारण पनि सहभागीहरूको सक्रियता प्रभावित हुने देखिएकाले अनिवार्य रूपमा सिकारूको आवश्यकता सङ्कलन गरेर मात्र तालिम प्याकेजहरू निर्माण गर्नु पर्ने देखिन्छ । यसका लागि द्रुत अनलाइन सर्बेक्षणहरू गर्न सकिन्छ । तालिमका विषयबस्तु छनौट र सङ्गठन गर्ने क्रममा सम्बन्धित विषय विज्ञहरू एवं तालिममा सहजीकरण गर्ने सहजकर्ताहरूसँग समन्वय गर्नु जरूरी छ । तालिमका विषयवस्तुहरू छोटो-छरितो हुँदा प्रभावकारी हुन्छ ।
- सहजकर्ताहरूको पेशागत दक्षता एवं मानव सम्बन्ध सिपका कारण सहभागीहरूको सक्रियता प्रभावित हुने हुँदा उक्त दक्षता भएका व्यक्तिहरूलाई मात्र सहजकर्ताका रूपमा प्रयोग गर्न उपयुक्त हुन्छ । अनलाइनमा आधारित तालिममा सहभागीहरूको सक्रियता बढाउनका लागि सहजकर्ताहरूको सहजीकरण क्षमता बढाउन जरूरी देखिएकाले विषयगत रूपमा सहजकर्ताहरूको रोष्टर तयार गरी तिनको सक्षमता विकास योजना बनाई कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसका लागि तालिम केन्द्रले कम्तिमा ५ दिनको अनलाइनमा आधारित सहजकर्ता सबलीकरण वेबिनार/कार्यशाला सञ्चालन गर्नु बाञ्छनीय देखिन्छ ।
- अनलाइनमा आधारित तालिममा सहभागीहरूको नियमितता र सक्रिय सहभागिता बढाउनका लागि हालको पाठ्यक्रमलाई परिमार्जन गर्नु आवश्यक छ । सहभागीहरूबाट आवश्यकता सङ्कलन गरी सिन्क्रोनस तथा असिन्क्रोनस दुबै सिकाइ व्यवस्थापन प्रणालीलाई समेटेर शिक्षकहरूको क्षमता बढाउने गरी पाठ्यक्रम निर्माण गर्नु पर्दछ । हाल अभ्यास गरिएको दैनिक ५ घण्टाभन्दा बढीको स्क्रिन समयलाई ३ घण्टामा सीमित गरी तालिम अवधि १० दिनबाट बढाएर १५ दिन बनाउनु उपयुक्त हुन्छ । यसबाट सहभागीहरूको सक्रियता बढाउन मद्धत मिल्दछ । यसका साथै असिन्क्रोनस प्रणाली मार्फत अग्रिम स्वअध्ययन सामग्रीहरू एवं परियोजना कार्यहरूको व्यवस्था एवं सिकाइका निम्ति मूल्याङ्कन एवं सिकाइको मूल्याङ्कनका निम्ति सहभागीहरूबाट कार्यसंचयिकाहरू (Portfolio) तयार गराउने प्रणालीको विकास गरेर अनलाइनमा आधारित तालिमका विशेषताहरूलाई सुनिश्चितता गर्दै जानु पर्ने देखिन्छ । यस किसिमका प्रयासहरूबाट सहभागीहरूको सक्रियता अभिबृद्धि गराउन मद्धत मिल्दछ ।
- अनलाइनमा आधारित तालिमका सहभागीहरू छनौटसम्बन्धी कार्यलाई तालिम केन्द्रले महत्वपूर्ण एवं संवेदनशील कार्यको रूपमा लिनु पर्दछ । यसका लागि तालिम केन्द्रले शिक्षक व्यवस्थापन सूचना

प्रणाली (Teacher Mananagement Information System, TIMS) तयार गर्नु जरूरी छ । शिक्षकले तालिममा सहभागी हुनु पूर्व अनिवार्य रूपमा अनलाइन फाराम भर्नु पर्ने प्रणालीको विकास गर्नु जरूरी छ । यसका निम्ति आवश्यक पर्ने सबै मापदण्ड तथा सूचनाहरू सहितको फाराम तयार गरी अनलाइन मार्फत नै शिक्षकहरूबीच पुग्न सक्ने Software निर्माण र प्रयोग गर्ने वातारण सिर्जना गर्न जरूरी छ । तालिम केन्द्रले एक आर्थिक वर्षभित्र सम्पन्न गर्ने तालिम कार्यक्रमहरूको योजना तयार गरी आफ्नो वेभसाइटमा राख्न नितान्त जरूरी छ ।

- तालिम केन्द्रले एक भरपर्दो सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) को विकास गरी सिन्क्रोनस तथा असिन्क्रोनस सिकाइ व्यवस्थापन प्रणालीको माध्यमबाट अनलाइन तालिमको व्यवस्थापन गर्न आवश्यक छ ।

# सन्दर्भसूची

शिक्षा तालिम केन्द्र (२०७६); विद्यार्थी उपलब्धि वृद्धिका लागि शिक्षा तालिम केन्द्र धुलिखेलको सङ्गठनात्मक क्रियात्मक अनुसन्धान । धुलिखेलः लेखक ।

शिक्षा तालिम केन्द्र (२०७७); अनलाइनमा आधारित शिक्षकको पेशागत विकास ( Teacher Professional Development Training, TPD) तालिम मार्गदर्शन । धुलिखेलः लेखक ।

Chikasanda, V. K., Otrel-Cass, K., Williams, J., & Jones, A. (2013). Enhancing teachers' technological pedagogical knowledge and practices: A professional development model for technology teachers in Malawi. International Journal of Technology and Design Education, 23(3), 597- 622.

Hrastinski, S. (2009). A theory of online learning as online participation. Computers & Education, 52(1), 78-82. http://dx.doi.org/10.1016/j.compedu.2008.06.009

Philipsen, B., Tondeur, J., Pareja Roblin, N., Vanslambrouck, S., & Zhu, C. (2019) Improving teacher professional development for online and blended Learning: A Systematic Meta-Aggregative Review. Educational Technology Research and Development, 67,1145-1174. doi: 10.1007/s11423-019-09645-8

Redmond, P. (2011). From face-to-face teaching to online teaching: Pedagogical transitions. In G. Williams, P. Statham, N. Brown, & B. Cleland (Eds.), Changing Demands, Changing Directions. Proceedings of the ascilite conference (pp. 1050-1060). Hobart Tasmania, Australia.

Salmon, G. (2011). E-moderating: The key to teaching and learning online. New York, NY: Routledge.

Tschida, C., Hodge, E., & Schmidt, S. (2016). Learning to teach online: Negotiating issues of platform, pedagogy and professional development. In V. Wang (Ed.), Handbook of research on learning outcomes and opportunities in the digital age (pp. 664-684). Hershey, PA: Information Science Reference.

# अनुसूची

## अनुसन्धान कार्यका लागि लक्षित समूह छलफलमा सहभागी भएका र प्रश्नावली भर्नेहरुको विवरण

कार्यमुलक अनुसन्धानका लागि Focus Group Discussion मा भाग लिएका अनलाइनमा आधारित टिपिडी तालिममा सहभागी हुनु भएका शिक्षकहरूको विवरण

| क्र सं | नाम थर | विद्यालयको नाम | विद्यालय रहेको जिल्ला | विषय | इमेल | मोबाइल नं |
|---|---|---|---|---|---|---|
| १ | इश्वरी तिमल्सिना | श्री कृष्ण मावि | ललितपुर | आभू शिक्षक | iswr.timalsina@gmail.com | 9849102265 |
| २ | राघव झा | बैरमहादेव आधारभूत विद्यालय, शंखरापुर, ४ | काठमाडौं | आभू शिक्षक | raghabcse@gmail.com | 9851179626 |
| ३ | सरिता काफ्ले | श्री कृष्ण रत्नगंगा मावि | सिपा | अंग्रेजी आभू | saritakafle100@gmail.com | 9861132098 |
| ४ | सावित्रा पाण्डे | श्री विष्णुदेवी शिक्षा सदन | काठमाडौं | नेपाली आभू | sabitrapandey2018@gmail.com | 9846060601 |
| ५ | खेमनाथ सिटौला | आदिनाथ मावि चोभार | काठमाडौं | प्र अ मावि | khemnath555@gmail.com | 9841421421 |
| ६ | जमुना खुलाल | सित्खा मावि सुनखानी | दोलखा | प्र अ मावि | jamunakhulal19@gmail.com | 9851234413 |
| ७ | मीना श्रेष्ठ | श्री नवआदर्श मावि | काठमाडौं | माशि विज्ञान | nipurna2062@gmail.com | 9849757998 |
| ८ | शंकरदेव विष्ट | श्री रामपुर मावि | चितवन | माशि अंग्रेजी | sandeshbist27@gmail.com | 9848744865 |
| ९ | सरस्वती टी | श्री डेडिथुम्का मावि | काभ्रे | माशि गणित | saraswotip2017@gmail.com | 9845689079 |
| १० | सीता सुवेदी | पृथ्वीनारायण मावि | काठमाडौं | माशि नेपाली | sitasubedi7@gmail.com | 9841410706 |

कार्यमुलक अनुसन्धानका लागि Focus Group Discussion मा भाग लिएका अनलाइनमा आधारित डिपिडी तालिममा सहजकर्ताको भूमिकामा रहनु भएका विज्ञहरूको विवरण

| क्र सं | नाम थर | स्थायी ठेगाना | इमेल | मोबाइल नं |
|---|---|---|---|---|
| १ | प्रा डा बालचन्द लुइटेल | सूर्यविनायक, भक्तपुर | bcluitel@gmail.com | 9851122175 |
| २ | डा हरि पोखरेल | कमलामाइ नगरपालिका, सिन्धुली | pokharelhp@gmail.com | 9851217980 |
| ३ | जगतबहादुर आलेमगर | कमलामाइ नगरपालिका, सिन्धुली | alejagat7@gmail.com | 9841781256 |
| ४ | माधव अधिकारी | बनेपा, काभ्रेपलाञ्चोक | madhavbnpa@gmail.com | 9841896866 |
| ५ | रमेश लामिछाने | हेटौडा, मकवानपुर | rplamichhane444@gmail.com | 9845029444 |
| ६ | रिता तिवारी | काठमाडौं | ritaswechha@gmail.com | 9841460320 |
| ७ | पेशल आचार्य | मन्थली, रामेछाप | espeshal2023@gmail.com | 9844044083 |
| ८ | सानुकाजी महत | धुलिखेल, काभ्रेपलाञ्चोक | mahatsanu74@gmail.com | 9841486982 |
| ९ | मीनबहादुर नेपाली | गोरखा | minbdr.2013@gmail.com | 9846088269 |
| १० | बौधराज निरौला | काठमाडौं | baudharaj@gmail.com | 9841426572 |

कार्यमुलक अनुसन्धानका लागि Focus Group Discussioल मा भाग लिएका अनलाइनमा आधारित डिपिडी तालिममा सहजकर्ताको भूमिकामा रहनु भएका विज्ञहरूको विवरण

| क्र सं | नाम थर | कार्यालयको नाम | पद | मोबाइल नं |
|---|---|---|---|---|
| १ | डा तोयानाथ खनाल | शिक्षा तालिम केन्द्र धुलिखेल | तालिम प्रमुख | ९८५१२३९६१४ |
| २ | लोकबहादुर वाइवा | शिक्षा तालिम केन्द्र धुलिखेल | अधिकृतस्तर आठौं | ९८५४०४३८५५ |
| ३ | नवराज नेपाल | शिक्षा तालिम केन्द्र धुलिखेल | अधिकृतस्तर आठौं | ९८४१८०३५३५ |
| ४ | मनोज कुमार पौडेल | शिक्षा तालिम केन्द्र धुलिखेल | अधिकृतस्तर सातौं | ९८४१५०२२१२ |
| ५ | शेषमणि खतिवडा | शिक्षा तालिम केन्द्र धुलिखेल | अधिकृतस्तर छैटौं | ९८५२८३२७९८ |
| ६ | लिलप्रसाद घिमिरे | शिक्षा तालिम केन्द्र धुलिखेल | लेखा अधिकृत छैटौं | ९८४१८७१९०० |
| ७ | राजेन्द्र न्यौपाने | शिक्षा तालिम केन्द्र धुलिखेल | कम्प्युटर अपरेटर | ९८५१२९९९५५ |
| ८ | हरिप्रसाद नेपाल | शैक्षिक तालिम केन्द्र नुवाकोट | प्रशिक्षक | ९८५१०००६०८ |
| ९ | रामचन्द्र कट्टेल | शैक्षिक तालिम केन्द्र चितवन | प्रशिक्षक | ९८४५०४३१११ |
| १० | गुरुप्रसाद पौडेल | शैक्षिक तालिम केन्द्र चितवन | प्रशिक्षक | ९८५५०६४५०१ |
| ११ | जीवन फूँयाल | शैक्षिक तालिम केन्द्र काठमाडौं | प्रशासन सहायक | ९८५१००८८९० |